सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

८ चैत २०८२, आइतबार (22 March 2026, Sunday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक ३३२ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ कमजोर नीतिले एकै किसिमका औषधिको बढी उत्पादन

वार्षिक ६० करोडको नेपाली औषधि निर्यात, ५० अर्बहाराहारीको आयात



औषधि नीति स्पष्ट र प्रभावकारी नहुँदा एकै किसिमका औषधि उत्पादन धेरै हुने गरेको छ। औषधि ऐन, २०३५ मा हरेक उद्योगलाई एकै किसिमको औषधि उत्पादन गर्न दिने प्रावधानका कारण सबैजसो औषधि उद्योगले एकै प्रकारको औषधि उत्पादन गरेका हुन्।

(विस्तृत पृष्ठ ३)

नयाँ सरकार, जनसरोकार र समसामयिक सवाल



अग्रलेख

● कमान थापामगर

करिब दुईतिहाइको एकल सरकार बन्न लागेकाले संसद्बाट चाहेअनुरूप कानुनी सुधार गर्न तथा नयाँ कानुन निर्माण गर्न अंकगणितले छेक्नेछैन

(पृष्ठ ४)

इरान युद्धले निम्त्याउन सक्छ मध्यपूर्वमा पानीको संकट



भारत र पाकिस्तानदेखि युक्रेन र गाजा हुँदै अहिले इरानको आधुनिक द्वन्द्वमा पानीलाई फेरि एकपटक बनाइएको छ हतियार

(विस्तृत पृष्ठ ५)

नेपाल एयरलाइन्सको बेथिति र भ्रष्टाचार छानबिन गर्न समिति गठन



जहाज खरिद तथा मर्मतमा भएको भ्रष्टाचार र निगममा देखिएको बेथितिलगायत विषयमा छानबिन गरी कार्यान्वयन कार्ययोजनासहितको प्रतिवेदन पेस गर्न सहसचिवको संयोजकत्वमा गठन गरिएको समितिलाई एक महिनाको समयावधि

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

संसद्मा ऐतिहासिक पुस्तान्तरण

जेन-जी आन्दोलनपछि राजनीतिक दलमा नेतृत्व पुस्तान्तरण नभए पनि ताजा जनादेशमार्फत संसद्मा युवा प्रभुत्व स्थापित, प्रतिनिधिसभामा ४० वर्षमुनिका सांसद १०२, ३० वर्षमुनिका २६ र जेन-जी प्रतिनिधित्व गर्ने २८ वर्षमुनिका १३ निर्वाचित

शुरोजंग पाण्डे, कमलराज भट्ट, प्रेम गौतम

जेन-जी आन्दोलनपछिको पहिलो प्रतिनिधिसभा निर्वाचनमा ऐतिहासिक रूपमा संसद्मा पुस्तान्तरण देखिएको छ। निर्वाचन आयोगले २१ फागुनमा सम्पन्न आमनिर्वाचन ०८२ को परिणाम सार्वजनिक गरेसँगै नवनिर्वाचित प्रतिनिधिसभामा युवा सांसदको बाहुल्यता देखिएको छ। ४० वर्षमुनिका सांसदको संख्या १०२ छ।

नयाँ पत्रिकाले ०७९ र ०८२ को निर्वाचनका सांसदहरूको उमेरगत विश्लेषण गर्दा यसपटक ठुलो संख्यामा युवाहरू संसद प्रवेश गरेका छन्, जसमा १३ जना जेन-जी उमेर (२८ वर्षमुनि)का छन्। ०७९ मा जेन-जी उमेर समूहका तीन सांसद थिए।


०७९ को निर्वाचनमा ३० मुनिका पाँच सांसद मात्रै भएकामा यसपटक यो संख्या २६ पुगेको छ। यस्तै, ०७९ मा ३१-४० वर्षका २७ सांसद आएकोमा ०८२ मा ७६ जना निर्वाचित भएका छन्। ४१-५० वर्षका सांसदहरू ०७९ मा ६९ जना रहेकोमा यसपटक ८८ पुगेका छन्।

यस्तै, ५१ देखि ६० वर्ष उमेर समूहका सांसदहरू ०७९ मा ९३ रहेकोमा यसपटक ५६ मा झरेको छ। यसबाहेक ०७९ मा ६१ देखि ७० वर्ष उमेरका ६३ रहेकामा अहिले २४ जना मात्र छन्। ०७९ मा ७१-८० वर्ष उमेरका १७ सांसद रहेकामा यसपटक मात्रै पाँचजना छन्। यसपटक संसद्मा ८० माथिका कोही आएका छैनन् भने ०७९ मा एकजना थिए।

करिब दुईतिहाइ १८२ सिट जितेको रास्वपाबाट मात्रै युवा उमेर समूहका ८३ जना सांसद निर्वाचित भएका छन्। रास्वपाबाट ३० वर्षमुनि समूहका २३ सांसद निर्वाचित भएकोमा प्रत्यक्षबाट ११ र समानुपातिकबाट १२ सांसद छन्। त्यस्तै, ३१ देखि ४० वर्षका ६० सांसद निर्वाचित भएकोमा प्रत्यक्षबाट ४१ जना छन् भने १९ सांसद समानुपातिकबाट निर्वाचित भएका छन्।

४१ देखि ५० उमेर समूहका ६१ सांसद निर्वाचित भएकोमा प्रत्यक्षबाट ४३ र समानुपातिकबाट १८ जना सांसद निर्वाचित भएका छन्। ५१ देखि ६० उमेर समूहका ३५ सांसद निर्वाचित भएकोमा २८ जना

» पृष्ठ २ मा क्रमशः



१३ जेन-जी सांसद : १२ रास्वपा र एक श्रम संस्कृतिका




कांग्रेसका केसी सबैभन्दा पाका सांसद



कांग्रेसको समानुपातिकबाट आएका अर्जुननरसिंह केसी संसद्का सबैभन्दा पाका सांसद हुन्। उनी ७८ वर्षका छन्। ज्येष्ठ सदस्यको हैसियतमा यिनै केसीले अन्य सांसदलाई शपथ खुवाउनेछन्। त्यसअघि उनले राष्ट्रपतिबाट शपथ लिनेछन्।

६० कटेका ०७९ मा ८१ सांसद थिए, अहिले २९ मात्रै

६० कटेका २९ सांसदमध्ये सबैभन्दा धेरै कांग्रेसबाट नौजना छन्। जुन उसले जितेको कुल सांसद ३८ को २३.६८ प्रतिशत हो। त्यस्तै, एमालेले जितेको कुल २५ मध्ये आठ सांसद ६० वर्ष कटेका छन्, जुन ३२ प्रतिशत हो। नेकपाबाट कुल जितेका १७ मध्ये यो उमेर समूहमा पाँच सांसद छन्, जुन २९.४१ प्रतिशत हो। रास्वपाका कुल १८२ सांसदमध्ये ६० कटेका तीनजना मात्रै छन्, जुन १.६४ प्रतिशत मात्रै हो। त्यस्तै, राप्रपाबाट पाँचमध्ये दुई अर्थात् ४० प्रतिशत सांसद ६० कटेका छन्। स्वतन्त्रबाट महावीर पुन (७१) यो उमेर समूहका सांसद हुन्।



■ प्रतिनिधिसभामा महिला-पुरुषको अनुपात

■ रास्वपा कुल सिट : १८२ महिला : ६१	■ कांग्रेस कुल सिट : ३८ महिला : १६
■ एमाले कुल सिट : २५ महिला : १०	■ नेकपा कुल सिट : १७ महिला : ४
■ श्रम संस्कृति कुल सिट : ७ महिला : ३	■ राप्रपा कुल सिट : ५ महिला : २

■ इद मुबारक



इद अल फित्रका अवसरमा शनिबार काठमाडौंको जामे मस्जिदमा नमाज पढ्दै मुस्लिम धर्मावलम्बी। तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

■ चुनावी धक्कापछि ब्युँतियो कांग्रेस विवाद

पुरानै केन्द्रीय समिति बैठक बसाल्ने गृहकार्यमा इतर समूह

विशेष महाधिवेशन तथा चुनावी समीक्षाका लागि निवर्तमान कार्यवाहक सभापति पूर्णबहादुर खड्का यसै साता निवर्तमान केन्द्रीय सदस्यहरूको बैठक बोलाउँदै



मीन विश्वकर्मा, इतर समूहका नेता



अधिल्लो महाधिवेशनपछिको नेतृत्व अर्थात् कार्यवाहक सभापतिज्यूले केन्द्रीय सदस्यहरूसँग कुराकानी गरिरहनुभएको छ। यही साता उहाँको नेतृत्वमा बैठक बस्ने गृहकार्य भइरहेको छ। पार्टीको बृहत् एकताका लागि छलफल गर्नौं भनेर पूर्णबहादुर दाइले प्रयास गरिरहनुभएको छ।

देवराज चालिसे, प्रवक्ता



पार्टीको नीतिगत र संरचनागत सुधार अपरिहार्य छ। पदले मात्र सुधार हुँदैन। सबै साथीहरूले स्वस्थ र खुला प्रतिस्पर्धामा भाग लिएर महाधिवेशनमा नेतृत्व चयन गर्न सक्ने वातावरण बनाउनु आवश्यक छ। नियमित महाधिवेशनमार्फत छिट्टै पार्टीले नयाँ नेतृत्व पाउनेछ, त्यसअघि विवाद खडा गर्नु आवश्यक छैन।

पर्शुराम काफ्ले/नयाँ पत्रिका

विशेष महाधिवेशनलगत्तै सुरु भएको प्रतिनिधिसभा निर्वाचन प्रक्रियाले सुषुप्त कांग्रेसको आन्तरिक विवाद निर्वाचन परिणामलगत्तै फेरि सतहमा आएको छ। निर्वाचन समीक्षाका लागि विशेष महाधिवेशनबाट चयन केन्द्रीय समिति बैठक जारी रहेका वेला पुरानो संस्थापन पक्षले पुरानै केन्द्रीय समिति बैठक राख्ने गृहकार्य गरेको छ। वैधानिकता विवाद सर्वोच्च अदालतमा विचाराधीन रहेको अवस्थामा दुई खेमाका अलग-अलग बैठकले कांग्रेस विवाद फेरि नयाँ अध्यायमा प्रवेश गर्ने निश्चित छ।

२१ फागुनको निर्वाचनमा कांग्रेसले अनपेक्षित पराजय व्यहोरेपछि दबाबमा आएका सभापति गगन थापाले नैतिक दायित्व लिँदै राजीनामा दिएसँगै पार्टीको इतर पक्ष सक्रिय भएको छ। बैठकमा उपसभापति विश्वप्रकाश शर्माले पेस गरेको चुनावी समीक्षा प्रतिवेदनमा थापाको राजीनामा अस्वीकृत गर्ने प्रस्ताव छ। यही घटनाक्रमबिच विशेष महाधिवेशन तथा चुनावी समीक्षाका लागि पार्टीका निवर्तमान कार्यवाहक सभापति पूर्णबहादुर खड्काले यसै साता निवर्तमान केन्द्रीय सदस्यहरूको बैठक बोलाउन लागेका हुन्।

विशेष महाधिवेशन तथा चुनावी समीक्षाका लागि निवर्तमान कार्यवाहक सभापति पूर्णबहादुर खड्काले यसै साता केन्द्रीय सदस्यहरूको बैठक बोलाउने तयारी गरिरहेका छन्। 'अघिल्लो महाधिवेशनपछिको नेतृत्व अर्थात् कार्यवाहक सभापतिज्यूले केन्द्रीय सदस्यहरूसँग कुराकानी गरिरहनुभएको छ। यही साता उहाँको नेतृत्वमा बैठक बस्ने गृहकार्य भइरहेको छ,' मीन विश्वकर्माले नयाँ पत्रिकासँग

» पृष्ठ २ मा क्रमशः

सिंगापुरबाट हडकङतिर देउवा



निवर्तमान सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा शनिबार सिंगापुरबाट हङकङ प्रस्थान गरेका छन्। देउवा २१ फागुनको निर्वाचनपूर्व स्वास्थ्योपचारका लागि सिंगापुर गएका थिए। उनको सचिवालयले पार्टी सभापति भनेर सम्बोधन गर्दै देउवा हङकङ प्रस्थान गरेको फेसबुकमा लेखेको छ। 'नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा सिंगापुरबाट हङकङ प्रस्थान गर्नुभएको छ। सिंगापुरमा नियमित उपचार सकिएपछि थप स्वास्थ्य उपचार र पारिवारिक कार्यक्रममा सहभागी हुन उहाँ हङकङ जानुभएको हो,' सचिवालयले भनेको छ, 'हङकङमा थप स्वास्थ्य उपचार र पारिवारिक कार्यक्रम सकेर नेपाल फर्कने कार्यक्रम तय भएको छ।'

■ फेक रेस्क्युबाट जोगिन चार्टर्ड फ्लाइटको आवरण दिने योजना

सरकारी वकिलमा एक हप्तासम्म रोकियो फाइल

फेक रेस्क्युका 'मास्टर माइन्ड' नेपाल वायुसेवा संघका पूर्वउपाध्यक्ष राजेन्द्रबहादुर सिंह, जसले अनुसन्धानलाई नै प्रभावित पार्न एयर डायनेस्टीका मालिक श्यामसुन्दर कँडेलसँग गरेको फोन संवाद बाहिरिएको छ

नवराज मैनाली/नयाँ पत्रिका

पदयात्रामा जाने पर्यटकको फर्जी उद्धारका नाममा भइरहेको ठगीलाई जोगाउन फरार अभियुक्तहरूले नै नयाँ योजना बनाइरहेको खुलेको छ। प्रमाण नष्ट गर्नेदेखि रेस्क्यु फ्लाइटलाई चार्टर्ड फ्लाइटको आवरण दिएर ठगी लुकाउने प्रयास भएको प्रहरी अनुसन्धानले देखाएको छ।

प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंमा बुझाएको अनुसन्धान प्रतिवेदनमा सो मुद्दामा फरार रहेका एयर डायनेस्टीका मालिक श्यामसुन्दर कँडेल र हिरासतमा रहेका नेपाल वायुसेवा संघका पूर्वउपाध्यक्ष राजेन्द्रबहादुर सिंहबिचको अडियोसमेत समावेश छ। करिब एक महिनाअघि भएको उक्त कुराकानीमा अनुसन्धानलाई प्रभावित गर्न नागरिक उड्डयन

» पृष्ठ २ मा क्रमशः

सिंह र कँडेलबिच भएको फोन संवादको अंश



राजेन्द्रबहादुर सिंह (हिरासत)

...अबउप्रान्त चार्हि हामी रेस्क्यु भन्दै नभन्ने के श्यामजी। हाम्रो चार्टर हो, हेलिकोप्टरले त भन्दै-भन्दैन, तपाईहरूले पनि रेस्क्यु नभन्ने। मैले अहिलेचार्हि पर्यटन विभागको डिजीलाई भेटेर आएको के। अब उ त भाइ हो। अनि उसलाई चार्हि मैले के भनें भने यसपालि आउने सिजनमा यो रेस्क्यु भन्ने शब्द प्रयोग गर्नुभएन के श्यामजी...।



श्यामसुन्दर कँडेल (फरार)

...पछिल्लो समय त हामीले त्यही नै गर्न थालिसकेका छौं, कतिपय पछिल्लो एक-दुई वर्षमा चार्हि। दुनियाँथरी झमेला-लफडा पर्नुभन्दा क्लाइन्टसँग पैसा लियो अनि हेलिकोप्टर बिल बनायो पठायो, ऊ आफैं क्लेम गरिरहन्छ। क्यास लियो भने टेन्सन नै साफ। हामी त्यसमा चार्हि पछिल्लो समय त्यसैमा फोकस गरेका छौं...।

■ सरकारी वकिलमा किन रोकियो फाइल ?

फर्जी उद्धारका नाममा भएको ठगीसम्बन्धी अनुसन्धान फाइल एक सातादेखि जिल्ला सरकारी वकिल कार्यालयमा रोकिएको छ। गत १ चैतमै सिआइबीले अनुसन्धान सकेर रायसहितको अनुसन्धान प्रतिवेदन बुझाएको थियो। अध्ययनका नाममा फाइल रोकिएको छ। मुद्दामा विभिन्न निकायबाट दबाबका कारण अभियोग अस्वाभाविक रूपमा रोकिएको स्रोत बताउँछ। खासगरी पत्राउ परेका १० मध्ये वायुसेवा सञ्चालक संघका पूर्वउपाध्यक्ष राजेन्द्रबहादुर सिंहविरुद्ध मुद्दा नचलाउन दबाब आइरहेको सरकारी वकिल कार्यालयका एक अधिकारी बताउँछन्। सिंह फेक रेस्क्युका नाममा भइरहेको ठगीको 'मास्टर माइन्ड' भएको सिआइबीको निष्कर्ष छ।

प्रहरीले सिंहसहित माउन्टेन रेस्क्यु सर्भिसका सञ्चालक जयराम रिमाल, एभरेस्ट एक्सपिरियन्स एन्ड असिसटेन्स प्रालिका सुवास केसी र मुक्ति पाण्डे, नेपाल चार्टर सर्भिस प्रालिका रवीन्द्र अधिकारी, मास्टर हिमालय ट्रेक्सका विवेक पाण्डे, नेपाल चार्टर सर्भिसका अपरेसन म्यानेजर विवेक थपलियालाई पत्राउ गरेको छ। त्यस्तै, श्रृद्धि इन्टरनेसनल अस्पतालका सञ्चालक डा. गीर्वाणराज तिमिल्सिना, रोयल होलिडेजका सन्दीप तिवारी तथा पानोराम ट्रेकिङका पासाङ शेर्पालाई पनि पत्राउ गरेर मुद्दा अघि बढाएको छ। यसमा संलग्न देखिएका अन्य २३ जना भने फरार छन्। उनीहरूविरुद्ध संगठित अपराधसहित राष्ट्रहितविरुद्धको कसुर, आपराधिक लाभ, लिखतसम्बन्धी कसुरमा मुद्दा चलाउन सिफारिस गरिएको ब्युरोले जनाएको छ।



शुक्रबारदेखि सक्रिय पश्चिमी न्यूनचापीय प्रणालीको प्रभावका कारण देशभर वर्षा भएको छ। वर्षापछि काठमाडौंआसपासको क्षेत्रमा ड्रोनबाट कैद गरिएका दृश्य। तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

रुपन्देहीमा एक महिनामै संगठित तथा आर्थिक अपराधका ३७ मुद्दा

बैंकिङ कसुरसँग सम्बन्धित मुद्दा धेरै, सवारी दुर्घटनामा नौजनाको मृत्यु

बुटवलमा **विष्णु घिमिरे**

रुपन्देहीमा फागुनमा अपराधसँग सम्बन्धित १०४ वटा मुद्दा प्रहरीमा दर्ता भएका छन्। जिल्ला प्रहरी कार्यालय रुपन्देहीका अनुसार दर्ता भएका मुद्दामा संगठित तथा आर्थिक अपराधका मुद्दा ३७ वटा छन्। सामाजिक अपराधका मुद्दाको संख्या उल्लेख्य छ। जिप्रकाका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक कृष्णकुमार चन्दका अनुसार आर्थिक अपराधका मुद्दामा धेरै बैंकिङ कसुरसँग सम्बन्धित छन्। बैंकिङ कसुरका मुद्दा दैनिकजसो आउने गरेको प्रहरीले जनाएको छ।

रुपन्देही प्रहरीमा सामाजिक अपराधका मुद्दा २१ वटा दर्ता भएका छन्। ज्यानसम्बन्धी नौ, चोरीका तीन, सवारीसम्बन्धी ११, महिला, बालबालिकासम्बन्धी अपराधका पाँच तथा आत्महत्याका १८ वटा मुद्दा प्रहरीमा दर्ता भएका छन्। फागुनमा प्रहरीले ७८ जना चालू मुद्दाका प्रतिवादीलाई पक्राउ गरेको छ। फागुनमा मात्रै घरेलु हिंसाका ४४ वटा उजुरी दर्ता भएकोमा ३५ वटामा मिलापत्र गराइएको छ। एक महिनामा हराएका महिला, पुरुष, बालबालिका तथा ज्येष्ठ नागरिक संख्या ६३ छ। सबैभन्दा धेरै महिला छन्। जिप्रकाका प्रनाउ चन्दका अनुसार महिला ३०, बालिका १५, ज्येष्ठ नागरिक महिला एकजना फागुन महिनामा हराएका छन्। पुरुषतर्फ ज्येष्ठ नागरिक एक, बालक दुई र पुरुष १४ हराएको तथ्यांक छ। २१ जना भेटिएका छन्। जसमा महिला नौ, पुरुष सात, बालिका तीन, बालक एक, ज्येष्ठ नागरिक पुरुष एक छन्।

रुपन्देहीमा फागुनमा घरेलु हिंसाका ४४ वटा उजुरीमध्ये घरायसी झै-झगडाका ११ वटा छन्। मादक पदार्थ सेवन गरी गालीगलौजका सात, विवाह दर्ता र नागरिकता नबनाइदिएको तीनवटा उजुरी पनि परेका छन्। लागुऔषधका मुद्दा ११ वटा रहेकोमा २१ जना पक्राउ परेका थिए। प्रहरीले सात किलो १५० ग्राम गाँजा, ३८ ग्राम ९४ मिलिग्राम ब्राउनसुगर, नुफिनसमेतको एक हजार ६११ एम्पुल लागुऔषध बरामद गरेको छ। जिल्ला प्रशासन कार्यालयमार्फत प्रहरीमा आएका २१ वटा उजुरीमा ११ वटा फर्स्योट भएका छन्।

फागुनमा रुपन्देहीमा १५५ सवारी दुर्घटना भएको तथ्यांक छ। यी दुर्घटनामा परेर नौजनाको ज्यान गएको छ। २४३ जना घाइते भएका छन्। प्रहरीले चेकजाँचका क्रममा दुई हजार १४३ वटा सवारीसाधनलाई कारबाही गरेको छ। यसबाट ३३ लाख २८ हजार रुपैयाँ राजस्व संकलन गरेको छ। राजस्व चुहावट तथा भन्सार छली नियन्त्रणतर्फको कारबाहीमा एक करोड ८८ लाख १३ हजार ६९८ रुपैयाँ संकलन गरेको छ। यस अवधिमा राजस्व छलीमा संलग्न १८ जनालाई पक्राउ पनि गरिएको प्रहरीले जनाएको छ।

सरकारी वकिलमा...

पृष्ठ १ बाट क्रमशः

प्राधिकरणबाट पर्यटकको रेस्क्यु फ्लाइटसम्बन्धी तथ्यांक नै लुकाउन सिंहले चलखेल गरिरहेको प्रस्ट हुन्छ।

उनले कँडेललाई भनेका छन्, 'अनि अबउप्रान्त चाहिँ हामी रेस्क्यु भन्दै नभन्ने के श्यामजी। हाम्रो चार्टर हो, हेलिकोप्टरले त भन्दै-भन्दैन, तपाईंहरूले पनि रेस्क्यु नभन्ने।'

विभिन्न हेलिकोप्टर कम्पनीमा प्रबन्धकदेखि नागरिक उड्डयन क्षेत्र सुधारका लागि सरकारले गठन गरेको कार्यदलका सदस्यसम्म भएर काम गरिसकेका सिंहले प्रक्रिया मिलाएर फेक रेस्क्यु ठगीमा सघाएकोदेखि पछि प्रमाण लुकाउन भूमिका खेलेकोसमेत सिआइबी अनुसन्धानले देखाएको छ। सोही आधारमा सिआइबीले उनलाई पक्राउ गरेको हो। फेक रेस्क्युका नाममा भइरहेको ठगीको उनी 'मास्टर माइन्ड' भएको सिआइबीको निष्कर्ष छ।

उनले कँडेलसँगको टेलिफोन कुराकानीमा भनेका छन्, 'मैले अहिलेचाहिँ पर्यटन विभागको डिजीलाई भेटेर आएको के। अब उ त भाइ हो। अनि उसलाई चाहिँ मैले के भनेँ भने यसपालि आउने सिजनमा यो रेस्क्यु भन्ने शब्द प्रयोग गर्नुभएन के श्यामजी। धेरै... मेडिकल रेस्क्यु भयो भने रेस्क्यु भन्ने, जहाँचाहिँ डाक्टर नै जान्छ, हैन। हैन भने चाहिँ रेस्क्यु भन्ने शब्द हामी त केयरलेसली पनि रेस्क्यु... इन्स्योरेन्स क्लेम भन्दैमा रेस्क्यु हुँदैन के। जस्तो प्रिमियम अब इन्स्योरेन्स पोलिसी लिएर आएको हुन्छ, उसले चाहिँ हिँडेर ट्रेकिङको लागि भनेर आउँछ, हेलिकोप्टर चढ्नुपर्‍यो, गाह्रो भएर त्यसो भएकोले उसले क्लेम गर्छ। त्यो उसको कुरा हो नि, हैन...। अनि अर्को कुराचाहिँ के छ भन्दाखेरि एउटा सुधार्नुपर्नेचाहिँ जो पार्टी हो, उसले नै क्लेम गर्नुपर्छ के।' अबदेखि बिमाबाट नभई पर्यटकबाटै नगद पैसा लिने गरी उनीहरूले योजना बनाइरहेको सुनिन्छ।

जसमा कँडेलले भनेका छन्, 'पछिल्लो समय त हामीले त्यही नै गर्न थालिसकेका छौँ, कतिपय पछिल्लो एक-दुई वर्षमा चाहिँ। पेमेन्टचाहिँ तपाईंको... त्यहाँमाथि हामीले त्यो नै गर्दा पनि भन्दा पनि पेमेन्ट क्यास नै लिन थालेका छौँ के। दुनियाँथरी झमेला-लफडा पर्नुभन्दा क्लाइन्टसँग पैसा लियो अनि हेलिकोप्टर बिल बनायो पठायो, ऊ आफैँ क्लेम गरिरहन्छ। क्यास लियो भने टेन्सन नै साफ। हामी त्यसमा चाहिँ पछिल्लो समय त्यसैमा फोकस गरेका छौँ। अब कोही-कोहीको चाहिँ त्यो ट्रेकिङ कम्पनीहरूलाई आइडिया हुँदैन। 'ल न गर्दिनुपर्‍यो सर' भनेर भन्छ। नगर्दिऊँ अर्कोले गर्दिन्छ, त्यही बाध्यताले गर्नुपर्ने हुन्छ।' कँडेल एयर डायनिस्टीसहित फेक रेस्क्युमा जोडिएको स्वाकन अस्पतालका समेत मालिक हुन्।

क्यानका महानिर्देशकलाई समेत आफूअनुकूल पत्र लेख्न भनेको सिंहको दाबी छ। कुराकानीमा सिंहले भनेका छन्, 'मैलेचाहिँ क्यानको डिजीलाई फोन गरेर अब म चिट्ठी लेख्न... आइतबारतिर चिट्ठी लेख्छु। हामीकहाँ रेस्क्यु भनेर डेटा राख्ने चलन नभएको, फ्लाइट डेटा मात्र हुने हुनाले त्यसको चाहिँ दिन नसकिने भनेर लेखिदिन्छु के। बुझ्नुभयो नि ?'

सिंहले आफूलाई 'मे नेपाल में फेक रेस्क्युका डन हें' भनेर हिन्दीमा बोलेको अडियो पनि सिआइबीले फेला पारेको छ।

पुरानै केन्द्रीय...

पृष्ठ १ बाट क्रमशः

भने, 'पार्टीको बृहत् एकताका लागि छलफल गरौँ भनेर पूर्णबहादुर दाइले प्रयास गरिरहनुभएको छ।'

विशेष महाधिवेशनबाट निर्वाचित नेतृत्व र अघिल्लो महाधिवेशनबाट निर्वाचित नेतृत्वबिच सहमतिका आधारमा आगामी नियमित महाधिवेशनमा जान इतर पक्षले दबाब दिएको छ। संस्थापन पक्षले भने पार्टीमा विवाद उत्पन्न गराई महाधिवेशनमा सहभागी हुन सबै पक्षलाई आग्रह गरेको छ।

३० पुसमा बसेको निवर्तमान केन्द्रीय कार्यसमितिले तत्कालीन महामन्त्रीद्वय विश्वप्रकाश शर्मा, गगनकुमार थापा र सहमहामन्त्री फर्मुल्लाह मन्सुरलाई पाँच वर्षका लागि साधारण सदस्य नरहने गरी कारबाही गरेको थियो। त्यसपछि पुरानो नेतृत्वको बैठक स्थगित रह्यो। तर, यसपटकको निर्वाचनमा कांग्रेसले प्रत्यक्षतर्फ १८ र समानुपातिकतर्फ २० सिटसहित जम्मा ३८ सिट जित्यो। अघिल्लो निर्वाचनमा ८८ सिट जितेर पहिलो दल बनेको कांग्रेस यसपटक दोस्रो स्थानमा सीमित रह्यो।

विशेष महाधिवेशनले १ माघमा नयाँ नेतृत्व निर्वाचित गरेलगत्तै निर्वाचन आयोगमा निवर्तमान नेतृत्वले आधिकारिकता दाबी पेस गरेको थियो। तर, आयोगले सभापति थापा नेतृत्वको नयाँ कार्यसमितिलाई मान्यता दिएपछि इतर समूहले सर्वोच्च अदालतमा मुद्दा दायर गरेको थियो। अदालतले नयाँ नेतृत्वलाई काम गर्न नरोकेपछि सबै पक्षले चुनावमा भाग लिएका थिए। मुद्दाको अन्तिम टुंगो लाग्न बाँकी छ। निर्वाचनमा सर्मनाक पराजय व्यहोरेपछि त्यसबारे छलफल गर्न शुक्रबार केन्द्रीय कार्यसमिति बैठक सुरु भएको छ। इतर पक्षले सभापति थापाको राजीनामा र त्यसलाई अस्वीकृत गर्ने प्रस्तावलाई 'नाटक र चटके' कार्य भन्दै आलोचना गरेको छ। विश्वकर्माले सभापति थापालाई बृहत् पार्टी एकताका लागि सबै सरोकारवालासँग संवादको पहल गर्नुपर्ने बताएका छन्।

कांग्रेस सभापति थापाको राजीनामालाई पार्टीमा पुरानो नेतृत्वले मिलेर जाने अवसरका रूपमा लिएको छ। पुरानो केन्द्रीय कार्यसमितिका ३४ जना केन्द्रीय सदस्य (पदाधिकारीसमेत) विशेष महाविधेशनपछिको केन्द्रीय कार्यसमितिमा छन्। तर, संस्थापन पक्षले भने नियमित महाधिवेशनको पूर्वसन्ध्यामा पार्टीभित्र आफ्नो शक्ति निर्माणका लागि इतर पक्ष सक्रिय भएको हुन सक्ने ठानेको छ। 'अब पार्टीले सबैलाई समेटेर महाधिवेशन आयोजक समिति गठन गर्नुपर्ने हुन सक्छ, त्यसका लागि पनि उहाँहरूले सौदाबाजी गर्न खोज्नुभएको हुन सक्छ। यसपटकको चुनावमा सहयोग गरेको वा असहयोग गरेको (अनुशासन) रेकर्डका आधारमा हामी सबै पक्षलाई समेट्छौँ,' कांग्रेसका एक पदाधिकारीले भने।

कांग्रेस प्रवक्ता देवराज चालिसेले केन्द्रीय समितिको जारी बैठकले नियमित महाविधेशन (१५औँ) तय गर्ने उल्लेख गर्दै त्यसपूर्व पार्टीमा व्यापक सुधार गर्नुपर्ने बताए। 'पार्टीको नीतिगत र संरचनागत सुधार अपरिहार्य छ। पदले मात्र सुधार हुँदैन। सबै साथीहरूले स्वस्थ र खुला प्रतिस्पर्धामा भाग लिएर महाधिवेशनमा नेतृत्व चयन गर्न सक्ने वातावरण बनाउनु आवश्यक छ। नियमित महाधिवेशनमार्फत छिट्टै पार्टीले नयाँ नेतृत्व पाउनेछ, त्यसअघि विवाद खडा गर्नु आवश्यक छैन,' उनले भने। समयको गतिसँगै चल्ने र समयले मागेको पार्टी निर्माणको गृहकार्य भइरहेको उनको भनाइ छ।

मोटरसाइकल हरायो

मिति २०८२/१२/२ गते अ. २३:०० बजेको समयमा का जि. गो.न.पा.-७, दक्षिणढोका नमुनाचोक डेरा अगाडी पार्किङ गरिराखेको मेरो निम्न व्यहोरा भएको रातो कालो रंगको 150 CC को पल्सर मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला।

नाम : हुलास फिन सर्भ हायर पर्चेज लि. (धन बहादुर रेउले)
मो.सा.नं.: बा.प्र. ०२-०६४ प ५०८४
चेसिस नं.: **MD2A11CX4SPH84190**
इन्जिन नं.: **DHXPSH57767**
सम्पर्क नं.: **9863519371**

Invitation For Electronic Bids

Date of Publication: 2082/12/08

Infrastructure Development Office, Sindhuli invites electronic bids from eligible bidders for the following works under National Competitive Bidding procedures (Single-Stage: Single-Envelope):

Contract ID	Project Name	Estimated Amount (Inclusive of VAT & PS)
IDO/SIN/W/ NCB/082/83/61	Upgrading Works on Chandanpur-Bhaise-Satdobato-Road, Ghyanglekh-02, Sindhuli	**NRs. 61,89,643.05**

Eligible Bidders may obtain further information from the **Infrastructure Development Office, Sindhuli** or may visit PPMO e-GP system at www.bolpatra.gov.np/egp.

संसद्मा...

पृष्ठ १ बाट क्रमशः

प्रत्यक्ष र सातजना समानुपातिकबाट निर्वाचित भएका छन्। त्यस्तै, ६० वर्षमाथिका प्रत्यक्षबाट दुई र समानुपातिकबाट एक सांसद निर्वाचित भएका छन्।

रास्वपाबाट ३० वर्षमुनिका २३ सांसद, ११ प्रत्यक्ष र १२ समानुपातिक

प्रत्यक्ष (**३० वर्षमुनिका**) : प्रशान्त उप्रेती, मकवानपुर २ (२५ वर्ष), मनीष खनाल, नवलपरासी पूर्व २ र केपी खनाल, कैलाली २ (२६ वर्ष), बब्लु गुप्ता, सिराहा १ र सुलभ खरेल, रुपन्देही २ (२८ वर्ष), निशा डाँगी, झापा १, सस्मित पोखरेल, काठमाडौं ५ (२९ वर्ष), शिवशंकर यादव, सिराहा २, रामजी यादव, सप्तरी २, सोविता गौतम, चितवन ३ र रञ्जु दर्शना, काठमाडौं १ (३० वर्ष),

समानुपातिक (**३० वर्षमुनिका**) : स्मृति सेञ्चुरी (२६), खिमा विक (२७), आकृति अवस्थी (२७), सृष्टि भट्टराई (२७) पुरुषोत्तम शुभ्रभात यादव (२७), श्रद्धा कुँवर क्षेत्री (२७), करिश्मा कठरिया (२८) क्रान्तिशिखा धिताल (२९), अनुष्का श्रेष्ठ (२९), एलिजा गुरुङ (३०), सीता बादी (३०), अंकिता ठाकुर (३०)

३१ देखि ४० वर्षका ६० सांसद, ४१ प्रत्यक्ष, १९ समानुपातिक

रुविना आचार्य, मोरङ ६ र सुशान्त वैदिक, प्युठान १ (३१ वर्ष), तपेश्वर यादव, सिराहा ४, उज्ज्वलकुमार झा, महोत्तरी ३, बदनकुमार भण्डारी, काभ्रेपलाञ्चोक २ र झविलाल डुम्रे, स्याङ्जा २ (३३ वर्ष), सन्तोष राजवंशी, मोरङ ४, दीपककुमार साह, महोत्तरी २, सोम शर्मा, बागलुङ २, सागर ढकाल, गुल्मी १ (३४ वर्ष), सुनील लम्साल, रुपन्देही १, खगेन्द्र सुनार, बाँके ३ (३५), बालेन्द्र शाह, झापा ५, पुष्पाकुमारी चौधरी, सप्तरी १, सुशीलकुमार कानू, पर्सा ३, जगदीश खरेल, दोलखा १, तोसिमा कार्की, ललितपुर ३, कन्हैया बनियाँ, रुपन्देही ४ (३६), प्रकाश पाठक, झापा २, आशिका तामाङ, धादिङ १, प्रकाश गौतम, मकवानपुर १ र हरिप्रसाद भुसाल, अर्घाखाँची १ (३७ वर्ष), रविन महतो, सर्लाही २, धनेन्द्र कार्की, सिन्धुली १, पुकार बम, काठमाडौं ४, तौफिक अहमद खान, रुपन्देही ५, सुदन गुरुङ, गोरखा १, कमल सुवेदी, दाङ ३, दीपकराज बोहरा, कञ्चनपुर २ (३८ वर्ष), रहवर अन्सारी, बारा ४, राजीव खत्री, भक्तपुर २, राजन गौतम, नवलपरासी पूर्व १, सुशील खड्का, बागलुङ १, विपिनकुमार आचार्य, दाङ २, जगतकुमार जोशी, कैलाली ३, लालविक्रम थापा, सुनसरी २ (३९), कृष्णकुमार कार्की, मोरङ २, गणेश कार्की, मोरङ ३, पारशमणि गेलाल, उदयपुर १, प्रमोदकुमार महतो, महोत्तरी १, ज्ञानेन्द्रसिंह महता, कञ्चनपुर ३ (४०)

समानुपातिक : अप्सना बानू (३१), गजाला समिम मिकरानी (३१), सरिता महतो (३२), रमेश प्रसाईं (३२), प्रतिभा रावल (३२), गीता चौधरी (३३), गंगा छत्याल (३५), सुनिताकुमारी चौधरी (३५), कृपा महर्जन (३६), राम लामा (३६), मिङमा ग्याबु शेर्पा (३६), तारा विश्वकर्मा (३६), रिमा विश्वकर्मा (३७), समिना मियाँ (३७), भूमिका श्रेष्ठ (३७), शोभा खनाल (३८), निशा मेहता (३८), प्रभा ढकाल (३९), सुजाता तामाङ (३९)

४१ देखि ५० का ६१ सांसद, ४३ प्रत्यक्ष, १८ समानुपातिक

यज्ञमणि न्यौपाने, मोरङ १, सूर्यबहादुर तामाङ, उदयपुर २, शम्भुकुमार यादव, सिराहा १, अरविन्द साह बारा ३ (४१), आशा झा, मोरङ ५, अशोककुमार चौधरी, सुनसरी ३, चन्दनकुमार सिंह, बारा २, हरि ढकाल, चितवन १ (४२ वर्ष), नीतिमा भण्डारी कार्की, सर्लाही १, गणेश पौडेल, रौतहट ४, गणेश धिमाल, बारा १, सुनील केसी, काठमाडौं २, जगदीश खरेल, ललितपुर २, उत्तमप्रसाद पौडेल, कास्की २, विक्रम तिमिल्सिना, नुवाकोट १ (४३), अमरकान्त चौधरी, सप्तरी ३, आशिष गजुरेल, सिन्धुली २, विराजभक्त श्रेष्ठ, काठमाडौं ८, सागर भुसाल, पर्वत १, कृष्णहरि बुढाथोकी, रामेछाप १ (४४ वर्ष), धर्मराज केसी, लमजुङ १, माधवबहादुर थापा, पाल्पा २, मनीष झा, धनुषा ३ (४५), बुद्धिप्रसाद पन्त, पर्सा १, गणेश पराजुली, काठमाडौं ७, रुकेश रञ्जित, भक्तपुर १, कवीन्द्र बुर्लाकोटी, गोरखा २, खडकराज पौडेल, कास्की १, रमेशकुमार सापकोटा, सुर्खेत २ (४६), शिशिर खनाल, काठमाडौं ६, बुद्धरत्न महर्जन, ललितपुर १, कोमल ज्ञवाली, कैलाली १ (४७), रवीन्द्र पटेल, रौतहट ३, अचुतम लामिछाने, नुवाकोट २, डा. लेखजंग थापा, रुपन्देही ३, खेमराज कोइराला, कैलाली ४ (४८), रामविनोद यादव, धनुषा २, दीपककुमार साह, सुनसरी ४ (४९ वर्ष), टेकबहादुर शाक्य, पर्सा ४, रवि लामिछाने, चितवन २, धनञ्जय रेग्मी, स्याङ्जा १, आनन्दबहादुर चन्द, कैलाली ५, शम्भुप्रसाद ढकाल, झापा ४ (५० वर्ष)

समानुपातिक : रत्नकुमारी थापा (४१), ओजस्वी शेरचन (४१), समीक्षा बाँस्कोटा (४१), टीका संग्रौला (४१), अमृता विक (४३), पुनमकुमारी अग्रवाल (४३), कामिनी कुमारी (४४), रजनी श्रेष्ठ (४४), खगेन्द्र कर्ण (४४), सुम्निमा उदास (४५), सिर्जना श्रेष्ठ (४५), कुशुम महर्जन (४६), प्रभा कार्की (४८), सुष्मा स्वर्णकार (४८), प्रमिला कुलुजू (४८), विधुषी राणा (४९), प्रकाशचन्द्र दर्जी (४९), मञ्जु भुसाल (४९)

५१ देखि ६० उमेरका ३५, २८ प्रत्यक्ष, ७ समानुपातिक

राजकिशोर महतो, धनुषा ४, डोलप्रसाद अर्याल, काठमाडौं ९, प्रदीप विष्ट, काठमाडौं १०, स्वर्णिम वाग्ले, तनहुँ १, गोविन्द पन्थी, गुल्मी २, ठाकुरसिंह थारू, बर्दिया १, नरेन्द्रकुमार गुप्ता, नवलपरासी पश्चिम (५१ वर्ष), नरेन्द्र साह कलवार, सर्लाही ३, विना गुरुङ, कास्की ३, मोहनलाल आचार्य, कपिलवस्तु १, श्रीधर पोखरेल, बर्दिया २ (५३ वर्ष), गौरी कुमारी, महोत्तरी ४, राजेशकुमार चौधरी, रौतहट १, ताराप्रसाद जोशी, डडेल्धुरा १ (५४ वर्ष), इन्दिरा रानामगर, झापा २, अमरेशकुमार सिंह, सर्लाही ४, राजुनाथ पाण्डे, काठमाडौं ३, विक्रम खनाल, नवलपरासी पश्चिम १, जनकसिंह धामी, कञ्चनपुर १ (५५ वर्ष), बोधनारायण श्रेष्ठ, धादिङ २, मधुकुमार चौलागाईं, काभ्रेपलाञ्चोक १, श्रीराम न्यौपाने, तनहुँ २, सुरेशकुमार चौधरी, बाँके १ (५६ वर्ष), रामाकान्तप्रसाद चौरसिया, पर्सा ३, भरतप्रसाद पराजुली, सिन्धुपाल्चोक १ (५७ वर्ष), विश्वराज पोखरेल, ओखलढुंगा १, हरिमोहन भण्डारी, बैतडी १ (५९ वर्ष), देवराज पाठक, दाङ १ (६० वर्ष)

समानुपातिक : सुरेन्द्र चौधरी (५३), बसुमाया तामाङ (५४), रचना खतिवडा खत्री (५१), लिमा अधिकारी (५१), ललिताकुमारी (५४), ज्ञानु पौडेल (५६), प्रेमलाल चौधरी (५६)

६० माथिका तीन, २ प्रत्यक्ष, १ समानुपातिक

विक्रम थापा, कपिलवस्तु २ (६३ वर्ष), सीताराम साह, सप्तरी ४ (६५ वर्ष)

समानुपातिक : खुश्बुसरकार श्रेष्ठ (६२)

कांग्रेसमा ४० मुनिका नौ सांसद

कांग्रेसबाट प्रत्यक्षमा पाँच र समानुपातिकमा चार गरी नौजना युवा सांसद बनेका छन्। समानुपातिकतर्फ ३० वर्षकी गीता गुरुङ आदिवासी जनजाति महिलातर्फबाट सांसद बनेकी हुन्। यस्तै, ३७ वर्षकी हरिनादेवी कामी दलित महिलातर्फबाट सांसद बनेकी छिन् भने ३९ वर्षकी रेनुका काउचा आदिवासी जनजाति महिलातर्फबाट र शाहजान खातनु मुस्लिम महिला (वर्ष ४०) सांसद बनेकी छिन्। प्रत्यक्षमा योगेश गौचन थकाली मुस्ताङ १ (३२ वर्ष), निश्कल राई इलाम १ (३५ वर्ष), सन्दीप राना पाल्पा १ (३६ वर्ष), मो. फिरदोष आलम रौतहट २ (३९ वर्ष) र खडकबहादुर बुढा जाजरकोट १ (४० वर्ष) निर्वाचित भएका छन्।

यस्तै, ४१ देखि ५० वर्षसम्म समानुपातिकबाट चारजना र प्रत्यक्षबाट पनि पाँचजना सांसद बनेका छन्। सीता थपलिया खसआर्य महिला (वर्ष ४१), मनमाया विक दलित महिला (वर्ष ४४), पवित्रा विक दलित महिला (वर्ष ४९) र प्रमिलाकुमारी गच्छदार थारू महिला (वर्ष ५०) समानुपातिकबाट सांसद बनेका छन्। प्रत्यक्षतर्फ अभिषेकप्रताप शाह कपिलवस्तु ३ (वर्ष ४३), बासना थापा दैलेख १ (वर्ष ४५), जयपति रोकाया हुम्ला १ (वर्ष ४७), मोहन आचार्य रसुवा १ (वर्ष ४८) र सन्तोष सुब्बा तेह्रथुम १ (वर्ष ४८) निर्वाचित भएका हुन्।

यस्तै, ५१ देखि ६० वर्षसम्म गीताकुमारी सेन्दाङ आदिवासी जनजाति महिला (वर्ष ५२), गंगालक्ष्मी अवाल आदिवासी जनजाति महिला (वर्ष ५३) निनुकुमारी कर्ण मधेशी महिला (वर्ष ५२) रिना उप्रेती खसआर्य महिला (वर्ष ५४) रेखाकुमारी यादव मधेशी महिला (वर्ष ५४) र मदनकृष्ण श्रेष्ठ आदिवासी जनजाति/अपांग पुरुष (वर्ष ५९) समानुपातिकबाट सांसद बनेका छन्।

प्रत्यक्षतर्फ नरेन्द्रकुमार केरुङ पाँचथर १ (वर्ष ५३), खड्ग शाही मुगु १ (वर्ष ५९), विष्णुबहादुर खड्का सुर्खेत १ (वर्ष ५९) र जनकराज गिरी बाजुरा १ (वर्ष ६०) निर्वाचित भएका छन्।

६१ देखि ७० वर्षसम्मका आठजना सांसद बनेका छन्। समानुपातिकबाट भीष्मराज आङदेम्बे आदिवासी जनजाति पुरुष (वर्ष ६१), चन्द्रमोहन यादव मधेशी पुरुष (वर्ष ६४), कालीबहादुर सहकारी खसआर्य/पिक्षे पुरुष (वर्ष ६८), सुशीला ढकाल आचार्य खसआर्य महिला (वर्ष ६४), रुक्मिणीदेवी कोइराला खसआर्य महिला (वर्ष ७०) सांसद बनेका छन्। प्रत्यक्षतर्फ प्रकाशसिंह कार्की सोलुखुम्बु १ (वर्ष ६२), भरतबहादुर खड्का डोटी १ (वर्ष ६८) र भरतकुमार स्वाँर अछाम १ (वर्ष ७०) निर्वाचित भएका छन्।

७० देखिमाथि दुईजना सांसद बनेका छन्। समानुपातिकबाट अर्जुननरसिंह केसी खसआर्य पुरुष (वर्ष ७८) र प्रत्यक्षबाट टेकबहादुर गुरुङ मनाङ १ (वर्ष ७१) सांसद बनेका छन्।

कांग्रेसमा ४० मुनिका ६ सांसद

एमाले बाट ६ जना युवा सांसद बनेका छन्। समानुपातिकबाट चार र प्रत्यक्षबाट दुईजना ४० वर्षमुनिका निर्वाचित भएका हुन्। ३० वर्षसम्मका एमालेबाट कोही पनि सांसद बनेनन्। ३१ देखि ४० वर्षसम्म समानुपातिकबाट एशुदाकुमारी बराल खसआर्य/पिक्षे महिला (वर्ष ३४) निता घतानी दलित महिला (वर्ष ३७), रिगला यादव मधेशी महिला (वर्ष ४०) र यशोधा कुमारी मधेशी महिला (वर्ष ४०) सांसद बनेका छन्। प्रत्यक्षतर्फ सुहाङ नेम्वाङ इलाम २ (वर्ष ३६) र क्षितिज थेबे ताप्लेजुङ १ (वर्ष ३८) निर्वाचित भएका छन्।

४१ देखि ५० वर्षसम्म पनि ६ जना सांसद बनेका छन्। समानुपातिकतर्फबाट साजिदा खातुन सिद्दिकी मुस्लिम महिला (वर्ष ४४), कृपाराम राना थारू पुरुष (वर्ष ४६) र गंगादेवी श्रेष्ठ आदिवासी जनजाति महिला (वर्ष ४९) सांसद बनेका छन्। प्रत्यक्षतर्फबाट ऐनबहादुर महर बझाङ १ (वर्ष ४१), मोहम्मद इस्तियाक राई बाँके २ (वर्ष ४६) र यज्ञबहादुर बोगटी अछाम २ (वर्ष ५०) निर्वाचित भएका छन्।

यस्तै, ५१ देखि ६० वर्षसम्म पाँचजना सांसद बनेका छन्। समानुपातिकबाट विष्णुमाया विक दलित महिला (वर्ष ५१), भूमिका लिम्बू सुब्बा आदिवासी जनजाति महिला (वर्ष ५५) र पद्माकुमारी अर्याल खसआर्य महिला (वर्ष ५६) सांसद बनेका छन्। प्रत्यक्षतर्फबाट गणेशसिंह ठगुन्ना दार्चुला १ (वर्ष ५७) र राजेन्द्रकुमार राई धनकुटा १ (वर्ष ५९) निर्वाचित भएका छन्।

६१ देखि ७० वर्षसम्म आठजना सांसद बनेका छन्। जसमा ६ जना समानुपातिक र दुईजना प्रत्यक्षबाट निर्वाचित भएका छन्। समानुपातिकतर्फबाट चन्देश्वर मण्डल मधेशी पुरुष (वर्ष ६१), टुकाभद्र हमाल खसआर्य महिला (वर्ष ६३), कुलभक्त शाक्य आदिवासी जनजाति पुरुष (वर्ष ६३), गुरुप्रसाद बराल खसआर्य पुरुष (वर्ष ६८) रामबहादुर थापामगर आदिवासी जनजाति पुरुष (वर्ष ६९) र पुष्पराज कँडेल खसआर्य पुरुष (वर्ष ७०) सांसद बनेका छन्।

प्रत्यक्षतर्फ अर्जुनकुमार कार्की संखुवासभा १ (वर्ष ६२) र लक्ष्मीप्रसाद पोखरेल दैलेख २ (वर्ष ६३) निर्वाचित भएका छन्।

एमालेबाट ७० वर्षभन्दा माथिका कोही पनि सांसद बनेका छैनन्।

नेकपामा सबै ४० माथिका

नेपाली कम्युनिस्ट पार्टी बाट ४१ देखि ५० वर्षसम्मका आठजना सांसद बनेका छन्। जसमा समानुपातिकबाट चार र प्रत्यक्षबाट चारजना सांसद छन्। समानुपातिकबाट पार्वती विक दलित महिला (वर्ष ४२), निराशा चौधरी (डगौरा) थारू महिला (वर्ष ४३), प्रेमबहादुर वयक खसआर्य/अपांग पुरुष (वर्ष ४५) र भीमकुमारी बुढामगर आदिवासी जनजाति महिला (वर्ष ५०) सांसद बनेका छन्। प्रत्यक्षतर्फ युवराज दुलाल सिन्धुपाल्चोक २ (वर्ष ४३), रमेशकुमार मल्ल सल्यान १ (वर्ष ४७), गोपाल शर्मा रुकुम पश्चिम १ (वर्ष ४८) र महेन्द्रबहादुर शाही कालीकोट १ (वर्ष ४९) निर्वाचित भएका छन्।

यस्तै, ५१ देखि ६० वर्षसम्मका चार सांसद बनेका छन्। समानुपातिकबाट बलावती शर्मा खसआर्य महिला (वर्ष ५३) र गणेशबहादुर विश्वकर्मा दलित पुरुष (वर्ष ५५) सांसद बनेका छन्। यस्तै, प्रत्यक्षबाट धनबहादुर बुढा डोल्पा १ (वर्ष ५१) र वर्षमान पुन रोल्पा १ (वर्ष ५४) निर्वाचित भएका छन्।

६१ देखि ७० वर्षसम्मका तीनजना सांसद बनेका छन्। समानुपातिकबाट जोगकुमार बरबरिया यादव मधेशी पुरुष (वर्ष ६१) सांसद बनेका छन्। प्रत्यक्षबाट मातृका यादव धनुषा १ (वर्ष ६७) र पुष्पकमल दाहाल प्रचण्ड रुकुम पूर्व १ (वर्ष ७०) निर्वाचित भएका छन्। ७० वर्षभन्दा माथि दुईजना सांसद बनेका छन्। समानुपातिकबाट प्रमेशकुमार हमाल खसआर्य पुरुष (वर्ष ७१) र परशुराम तामाङ आदिवासी जनजाति पुरुष (वर्ष ७३) सांसद बनेका छन्।

श्रम संस्कृतिमा र राप्रपामा यस्तो छ अवस्था

श्रम संस्कृति पार्टीबाट ३० वर्षमुनिका दुईजना सांसद बनेका छन्। समानुपातिकबाट रुबी कुमारी मधेशी महिला (वर्ष २५) सांसद बनेकी हुन्। प्रत्यक्षबाट आरेन राई खोटाङ १ (वर्ष २९) निर्वाचित भएका छन्। यस्तै, ४१ देखि ५० वर्षसम्मका चारजना सांसद बनेका छन्। समानुपातिकबाट राधिका रम्तेल दलित महिला (वर्ष ४३) र अम्बिकादेवी संग्रौला खसआर्य महिला (वर्ष ५०) सांसद बनेका छन्। प्रत्यक्षबाट हर्कराज राई सुनसरी १ (वर्ष ४१) र ध्रुवराज राई भोजपुर १ (वर्ष ४१) निर्वाचित भएका छन्। ६१ देखि ७० वर्षसम्म एकजना सांसद बनेका छन्। समानुपातिकबाट पूर्णप्रसाद लिम्बू आदिवासी जनजाति पुरुष (वर्ष ६३) सांसद बनेका हुन्।

राप्रपा बाट दुईजना युवा सांसद बनेका छन्। प्रत्यक्षतर्फ ज्ञानबहादुर शाही जुम्ला १ (वर्ष ३४) निर्वाचित भएका हुन् भने समानुपातिकबाट खुश्बु ओली खसआर्य महिला (वर्ष ३५) सांसद बनेकी हुन्। यस्तै, सरस्वती लामा आदिवासी जनजाति महिला (वर्ष ५७) भरत गिरी खसआर्य पुरुष (वर्ष ६३) र ताहिर अली भाट मुस्लिम पुरुष (वर्ष ६३) सांसद बनेका छन्।

०७९ को संसद्मा कस्तो थियो समावेशी र उमेरगत अवस्था ?

निर्वाचन आयोगका अनुसार प्रतिनिधिसभामा ४७.२७ प्रतिशत खसआर्य थिए। प्रत्यक्षतर्फ ३१ महिला र ९९ पुरुषसहित खसआर्यबाट १३० जना निर्वाचित भएका थिए।

प्रत्यक्षतर्फ खसआर्य ९५, आदिवासी ३६, मधेशी २५, दलित एक, थारू आठ, मुस्लिमबाट शून्य सांसद थिए। समानुपातिकतर्फ खसआर्य ३५, आदिवासी ३१, मधेशी १७, दलित १५, थारू ६, मुस्लिम ६ सांसद थिए।

समग्रमा जनजातितर्फ ६७ जनाको प्रतिनिधित्व थियो। २८ महिला र ३९ पुरुष निर्वाचित जनजाति समूहले २४.३६ प्रतिशत ओगटेको थियो। १५ महिला र २७ पुरुषसहित ४२ जना निर्वाचित भएको मधेशी समूहले १५.२७ प्रतिशत स्थान ओगटेको थियो। यस्तै, आठ महिला र आठ पुरुषसहित १६ जना निर्वाचित भएको दलित समूहबाट ५.८१ प्रतिशत प्रतिनिधित्व थियो। ६ महिला र आठ पुरुष निर्वाचित भएको थारू क्लस्टरबाट प्रतिनिधिसभामा ५.०९ प्रतिशत प्रतिनिधित्व भएको थियो। तीन महिला र तीन पुरुषसहित ६ जना निर्वाचित मुस्लिम समूहले प्रतिनिधिसभामा २.१८ प्रतिशत स्थान ओगटेको थियो। २७५ मध्ये महिला ९२ जना थिए।

नतिजामा २७५ सदस्यीय प्रतिनिधिसभामा कांग्रेस ८८ सिटसहित पहिलो भएको थियो। एमाले ७९, माओवादी ३२, रास्वपा २१, राप्रपा १४, जसपा १२, एकीकृत समाजवादी १०, जनमत ६, लोसपा ४, नागरिक उन्मुक्ति ४, नेमकिपा, जनमोर्चा र आजपा १-१ सिट र दुईजना स्वतन्त्र निर्वाचित भएका थिए। प्रत्यक्षतर्फ कांग्रेस ५७, एमाले ४६, माओवादी १८, एकीकृत समाजवादी १०, रास्वपा नौ, जसपा नेपाल आठ, राप्रपा सात, लोसपा चार, नागरिक उन्मुक्ति चार, नेमकिपा, जनमत, जनमोर्चा, आजपाले एक-एक सिट र स्वतन्त्र दुई सांसदले जितेका थिए। समानुपातिकतर्फ एमाले ३४, कांग्रेस ३२, माओवादी १४, रास्वपा १३, राप्रपा सात, जसपा नेपाल पाँच, जनमत पाँच सिट प्राप्त गरेका थिए।

उमेरगत हिसाबले २७५ सदस्यमध्ये ४० वर्ष कटेका दुइतिहाइभन्दा बढी थिए। आयोगको तथ्यांकअनुसार ४० मुनिकामा ३२ जना र ४० कटेका २४३ जना थिए। ३० मुनिका पाँचजना सांसद थिए। ३० देखि ४० सम्म २७ जना थिए। ४० माथिको ४१-५० वर्ष उमेर समूहका ६९ जना थिए। ५१-६० उमेर समूहका ९३ जना सांसद थिए। ४० माथिको उमेर समूहमा सबैभन्दा बढी सदस्य यही समूहमा थियो। ६१-७० वर्ष उमेर समूहमा ६३ जना थिए। ७१-८० वर्ष उमेर समूहमा १७ र ८० वर्षमाथि एक सदस्य थिए।

कमजोर नीतिले एकै किसिमका औषधिको बढी उत्पादन

वार्षिक ६० करोडको नेपाली औषधि निर्यात, ५० अर्बहाराहारीको आयात

शिवहरि घिमिरे/नयाँ पत्रिका

नेपालमा औषधि नीति स्पष्ट र प्रभावकारी नहुँदा एकै किसिमका औषधि उत्पादन धेरै हुने गरेको छ। औषधि ऐन, २०३५ मा हरेक उद्योगलाई एकै किसिमको औषधि उत्पादन गर्न दिने प्रावधानका कारण सबैजसो औषधि उद्योगले एकै प्रकारको औषधि उत्पादन गरेका हुन्।

एउटा उद्योगले उत्पादन गरेको औषधि अर्को उद्योगले उत्पादन नगर्ने हो भने त्यसको बजारीकरणदेखि विविधतामा समेत सहज हुने उत्पादकहरूको भनाइ छ। हाल नेपालमा ८० वटा निजी औषधि उत्पादक कम्पनी छन्। सरकारी स्वामित्वको नेपाल औषधि लिमिटेड छ। तर, लिमिटेडले सिटामोल, जीवनजल, डायलाइसिसलगायतसम्बन्धी केही औषधि मात्र उत्पादन गर्छ। बढीजसो औषधिको भर नेपालका निजी औषधि उद्योग र आयातमै छ।

नेपाल औषधि उत्पादक संघका महासचिव सन्तोष बरालले महँगा औषधिको माग कम हुने भएकाले उत्पादन गर्न कठिन भइरहेको बताए। उनका अनुसार माग न्यून भएका औषधि उत्पादन गर्न महँगो पर्छ। त्यसकारण त्यस्ता औषधि विदेशबाटै आयात गरिन्छ। विरलै रूपमा लाग्ने रोग र क्यान्सर रोगका औषधि नेपालमा भन्दा विदेशबाट ल्याइने बरालको भनाइ छ। जुन औषधि कम मात्रामा उत्पादन हुन्छ त्यसको मूल्य बढी र बढी उत्पादन हुने औषधिको मूल्य कम पर्छ।

संघको तथ्यांकअनुसार नेपालमा हजार प्रकारका मलिकुल, १८ हजारभन्दा बढी ट्रेडनेम भएका औषधि उत्पादन हुन्छन्। 'नेपालमा उत्पादन भएका औषधिमा गुणस्तरीयतामा सम्झौता हुँदैन, यदि औषधिमा गुणस्तरीयता छैन भने त्यो औषधि होइन, त्यसकारण नेपालमा उत्पादन भएका औषधिमा गुणस्तरीयतामा कमी देखिँदैन,' महासचिव बरालले भने, 'नेपालमा डाक्टरसापहरूले नै बढी नेपाली औषधि चलाउनुहुन्छ, त्यो कारण त नेपालको औषधि विश्वसनीय भएर नै हो।'

स्वास्थ्य तथा जनसंख्यामन्त्री डा. सुधा शर्माले सरकार, निजी क्षेत्र र सरोकारवालाबिच समन्वय गरेर काम गर्न सके नेपालको औषधि उद्योगलाई आत्मनिर्भर मात्र नभई निर्यातमुखी बनाउन सकिने बताइन्। गत शुक्रबार नेपाल फार्मा एक्स्पोको कार्यक्रममा शर्माले स्वास्थ्य बिमा प्रणालीमा सुधार, औषधि व्यवस्थापन प्रणाली सुदृढीकरण तथा औषधि र मेडिकल उपकरण खरिद प्रक्रियामा पारदर्शिता हुनुनपर्ने बताइन्। 'विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)ले पनि नेपालको औषधि नियमन प्रणालीलाई हालको अवस्थाबाट अझ उच्चस्तरमा पुऱ्याउन सुझाव दिएको छ, त्यसअनुसार सुधारका काम अघि बढाउनुपर्छ,' उनले भनिन्, 'हाल नेपालमा करिब ५० वटा जिएमपी प्रमाणित औषधि कम्पनी छन्, उत्पादनको गुणस्तरलाई बढी ध्यान दिन आवश्यक छ।'



● **सन्तोष बराल**, महासचिव
नेपाल औषधि उत्पादक संघ

नेपालमा उत्पादन भएका औषधिमा गुणस्तरीयतामा सम्झौता हुँदैन, यदि औषधिमा गुणस्तरीयता छैन भने त्यो औषधि होइन, त्यसकारण नेपालमा उत्पादन भएका औषधिमा गुणस्तरीयतामा कमी देखिँदैन। विश्वसनीय भएरै चिकित्सकहरूले बढीजसो नेपाली औषधि चलाउनुहुन्छ।

औषधि उत्पादक संघका महासचिव सन्तोष बरालका अनुसार नेपालबाट वार्षिक ६० करोडबराबरको औषधि निर्यात हुन्छ। नेपालबाट फिलिपिन्स, कम्बोडियालगायत अफ्रिकन मुलुकमा औषधि निर्यात हुन्छ। 'कतिपय हामीले बनाउँदै नबनाउने औषधि विदेशबाट आउँछन्, नेपालमा उत्पादन भएका र विदेशबाट आएका औषधि हेर्ने हो भने नेपालमा वार्षिक एक खर्बबराबरको औषधिको कारोबार देखिन्छ,' उनले भने, 'हामीले उत्पादन गरेर निर्यात हुने औषधिमा भेटेरेनरीको भ्याक्सिन, केही मलम र ट्याब्लेट छन्, अहिले नेपालमा उत्पादन भएका औषधिले यहाँको ५० प्रतिशत माग थेगिरहेको छ, अन्य ५० प्रतिशत औषधि भारतबाट ल्याइन्छ, नेपालमा मानिसका लागि भ्याक्सिनबाहेक अन्य औषधि बनेका छन्।'

● **डा. अनिलविक्रम कार्की**, अध्यक्ष
नेपाल चिकित्सक संघ

गुणस्तरीय औषधि सेवन गर्न पाउनु हरेक नागरिकको अधिकार हो, अब स्वास्थ्य बिमाका सबै औषधि नेपालमै उत्पादन हुनुपर्छ, नेपालमा गुणस्तरीय औषधि उत्पादन पनि भइरहेको छ। सरकारले औषधि उत्पादन र यसको माग तथा निर्यातलाई ध्यान दिन जरुरी छ।

एकै प्रकारका औषधि उत्पादनले बजारीकरणमा समस्या

स्वदेशी औषधि बजारीकरणमा समस्या उत्पन्न हुनुको कारण एउटै औषधि धेरै उद्योगले बनाउनु र एउटै औषधि बढी आयात हुनु हो। त्यस्ता औषधिमा पेन्ट्रोप्राजोल, च्याबिप्राजोल, सेट्रिजिन, लेगोसेट्रिजिन, ओमिप्राजोल, एजिथ्रोमाइसिन, कफसिरप तथा अन्य भेटेरेनरी औषधि छन्। संघका अध्यक्ष विप्लव अधिकारीले सबै उद्योगले एकै प्रकारका भन्दा पनि फरक-फरक प्रकारका औषधि उत्पादन गर्दा त्यसले बजार र बिरामी दुवैलाई फाइदा पुग्ने बताए। कतिपय चाहिने औषधि उत्पादन नै गर्न नसकिने र कतिपय औषधि बढी उत्पादन हुने हुँदा त्यसले बजारमा असन्तुलन सिर्जना भइरहेको चिकित्सकहरूको भनाइ छ।

नेपाल चिकित्सक संघका अध्यक्ष डा. अनिलविक्रम कार्कीले नेपालमा उत्पादन भएका औषधिको गुणस्तरीयतामा कमी नभएको बताए। 'गुणस्तरीय औषधि सेवन गर्न पाउनु हरेक नागरिकको अधिकार हो, अब स्वास्थ्य बिमाका सबै औषधि नेपालमै उत्पादन हुनुपर्छ, नेपालमा गुणस्तरीय औषधि उत्पादन पनि भइरहेको छ,' उनले भने, 'सरकारले औषधि उत्पादन र यसको माग तथा निर्यातलाई ध्यान दिन जरुरी छ।'

नेपालमा चाहिने सबै प्रकारका औषधि नेपालमै उत्पादन हुन नसकेपछि विदेशबाट आयात गरिन्छ। प्रायः महँगो र दुर्लभ किसिमका रोगको औषधि विदेशबाट बढी आयात हुने गर्छ। औषधि व्यवस्था विभागका अनुसार नेपालमा वार्षिक रूपमा ५० अर्बहाराहारीको औषधि आयात हुन्छ। र, त्यति नै बराबरको औषधि स्वदेशमै उत्पादन हुन्छ। तर, विदेशबाट औषधि ल्याउँदा सरकारले त्यसको गुणस्तरीयता जाँच गर्न नसक्दा डब्लुएचओले नै प्रतिबन्धित गरेका कतिपय औषधि बिक्री-वितरणसमेत हुँदै आएको छ। यहाँ खपत हुने करिब ५० प्रतिशत औषधि भारतबाट आयात हुन्छ। तर, यहींका उद्योगलाई थरीथरीका र आवश्यक औषधि उत्पादनको अनुमति दिने हो भने सहज हुने औषधि उद्योगहरूको भनाइ छ।

२४ हजार औषधिमध्ये ६४० को मात्र गुणस्तरीयता जाँच

स्वास्थ्य मन्त्रालयको तथ्यांकअनुसार हाल नेपालमा करिब २४ हजार प्रकारका औषधि पाइन्छन्। तर, सबै औषधिको गुणस्तरीयता परीक्षण भने हुँदैन। २४ हजार प्रकारका औषधिमध्ये सरकारले वार्षिक जम्मा ६४० प्रकारका औषधिको गुणस्तरीयता परीक्षण गर्छ। यसो हुँदा नेपालमा औषधिको गुणस्तरीयताको समस्या हुन सक्ने आशंका स्वास्थ्यमन्त्री शर्माको छ। उनले औषधि व्यवस्था विभाग र राष्ट्रिय औषधि प्रयोगशालाको क्षमता विस्तार गरेपछि मात्रै गुणस्तरीयता जाँच सहज हुने बताइन्। 'सरकारले प्रयोगशाला सुदृढीकरण, आवश्यक जनशक्ति वृद्धि, संरचना सुधार तथा नयाँ भवन निर्माणको प्रक्रिया अघि बढाएको छ,' उनले भनिन्, 'अन्तर्राष्ट्रियस्तरको प्रयोगशाला स्थापना भएपछि नेपाली औषधिको गुणस्तरमा विश्वास बढ्ने र निर्यातका लागि पनि मार्ग खुल्न सक्छ।' मन्त्री शर्माले स्वास्थ्य बिमा प्रणालीलाई प्रभावकारी बनाउन औषधि खरिद प्रणालीमा पनि सुधार अपरिहार्य रहेको बताउँदै छिमेकी देश भारतको प्रधानमन्त्री जन औषधि कार्यक्रमजस्तै नेपालमा पनि सस्तो मूल्यमा औषधि उपलब्ध गराउन आवश्यक रहेको बताइन्।

एमाले पुनर्गठनको पैरवीमा पाण्डे

कमिटी प्रणाली भत्किएको निष्कर्ष, डिजिटल एजको पार्टी बनाउन तीनबुँदे नयाँ प्रस्ताव

बुटवलमा **विष्णु घिमिरे**

२१ फागुनको निर्वाचनमा अकल्पनीय परिणामसहित एमाले पराजित भएपछि पूर्वउपाध्यक्ष सुरेन्द्र पाण्डेले पार्टी पुनर्गठनको पैरवी अगाडि बढाएका छन्। एमालेलाई बचाउन माथिदेखि तलैसम्म पुनर्गठन गरेर डिजिटल एजको पार्टीमा रूपान्तरण गर्नुपर्ने आवश्यकता औंल्याउँदै पाण्डेले शनिबार बुटवल पुगेर तत्कालका लागि तीनवटा काम गर्नुपर्ने रोडम्यापसमेत अगाडि सारेका छन्।



कम्युनिस्टहरू पहिला तीन-चारवटा बसमा आउँथे। ०७९ हुँदा एउटा बसमा आउने भयौं, अहिले एउटा माइक्रोमा अट्ने भयौं। यस्तै अवस्था हो भने अर्कोपटक स्कुटरमा आउँछ : पाण्डे

'अबको एमाले बचाउन हामीले तीनवटा मुख्य क्षेत्रमा तत्काल काम गर्नुपर्छ। पहिलो, विज्ञतामा आधारित राजनीति- अब पार्टीले केवल भाषण होइन, विषयविज्ञ र अर्थशास्त्रीहरूसँगको सहकार्यमा देशको आर्थिक संकट समाधान गर्ने 'प्राविधिक रोडम्याप' तयार गर्नुपर्छ,' उनले भनेका छन्, 'दोस्रो, डिजिटल मेरिटोक्रेसीः व्यक्तिगत पहुँचका आधारमा जिम्मेवारी दिने प्रथा अन्त्य गर्न आधुनिक प्रविधि र पारदर्शी 'इभ्यालुएसन फ्रेमवर्क' लागू गर्नुपर्छ, जसले हरेक कार्यकर्ताको क्षमता र योगदानको निष्पक्ष मापन गरोस्। तेस्रो, संरचित पुस्तान्तरणः नयाँ पुस्तालाई नेतृत्वमा ल्याउन र अनुभवीहरूको ज्ञान उपयोग गर्न 'को-लिडरसिप र मेन्टरसिप'को वैज्ञानिक मोडेल सुरु गर्नुपर्छ।'

अध्यक्ष केपी ओलीको नेतृत्वको असफलतामाथि निरन्तर प्रश्न उठाउँदै आएका पाण्डे ११औं महाधिवेशनमा शंकर पोखरेलसँग महासचिवमा पराजित भएका थिए। डिजिटल पुँजीवादलाई अध्ययनको केन्द्र बनाएर त्रिभुवन विश्वविद्यालयबाट विधावारिधिसमेत गरिरहेका पाण्डेले शनिबार पार्टीलाई पुनर्गठन गरेर डिजिटल एजको पार्टीमा रूपान्तरण गर्न अबको बहसकेन्द्रित गर्नुपर्ने बताए।

'अहिले एमालेमा कुन कमिटी प्रणालीले काम गरिरहेको छ र ? त्यसैले मैले एमालेलाई डिजिटल एजको पार्टी निर्माणका लागि बहसकेन्द्रित गर्ने उद्देश्यले सार्वजनिक आह्वान गरेको छु,' ? पाण्डेले नयाँ पत्रिकासँग भने। पार्टीको कुनै जिम्मेवारीमा नरहेका पाण्डेलाई प्रतिनिधिसभामा पनि उम्मेद्वारको टिकट दिइएन। उनले पार्टी निर्माणका विषयमा पार्टीभित्र संस्थागत रूपमा आफ्ना विचार राख्ने निश्चित फोरम नभएकाले पनि विमर्शका लागि सार्वजनिक मञ्च र सोसल मिडियामा धारणा राखिरहेको बताए। 'म अहिले परिभाषित जिम्मेवारीमा छैन, त्यसैले मैले सार्वजनिक रूपमा राख्ने धारणा नै विमर्शका लागि खुला छ,', उनले भने, 'त्यसैले पार्टीलाई नयाँ ढंगले पुनर्निर्माणका लागि आफ्ना विचार राखेको छु।'

शनिबार चिन्तन अभियान नेपाल बुटवललले आयोजना गरेको कार्यक्रममा नेपाली राजनीतिको अबको परिदृश्य विषयक विमर्शमा पाण्डेले एमालेलाई डिजिटल एजको पार्टीमा रूपान्तरण हुने गरी पुनर्गठन नगरे अबको चुनावबाट खुम्चिएर दुई-चार सिटमै सीमित हुन सक्ने चेतावनी पनि दिए।

त्यसलगत्तै उनले 'के अब एमाले पहिलेकै लयमा फर्किन्छ ?' शीर्षकमा तीनबुँदे नयाँ प्रस्ताव सामाजिक सञ्जालमा सार्वजनिक गरे। 'मेरो विश्वास छ, हामी फर्किने मात्र होइन, अझ आधुनिक र शक्तिशाली भएर उदाउन सक्छौं। तर यसका लागि हामीले 'इतिहासको ब्याज'मा होइन, 'भविष्यको लगानी'मा ध्यान दिनुपर्छ। अबको एमाले केवल राजनीतिक शक्ति मात्र होइन, देशका जटिल समस्या समाधान गर्ने 'विज्ञता र प्रविधि'सहितको एउटा गतिशील संस्था बन्नुपर्छ,' पाण्डेले भनेका छन्।

विगतमा केपी ओलीले संसद् विघटनका खेल खेलेसँगै पार्टीको ओरालो यात्रा सुरु भएको उनको विश्लेषण छ। 'जनताको शक्ति भनेको कुन हो ? पार्लियामेन्ट हो, पार्लियामेन्टलाई विघटन गरेर जनताको शक्ति मजबुत हुन्छ कि हुँदैन ? त्यसबाट नै हाम्रो ओरालो यात्रा सुरु भयो। अर्कोतर्फ, पार्टीभित्रका आन्तरिक मतभेदहरूलाई ठिक ढंगले पहिल्याउने र समाधान गर्न नसक्दाको परिणाम पनि पार्टी कमजोर हुँदै जानु हो,' उनले भने।

संक्षेप

टिपर दुर्घटनामा तीनको मृत्यु, एक घाइते

पाल्पा/ पाल्पाको माथागढी गाउँपालिका- ७ झडेवासस्थित कच्ची सडक खण्डमा टिपर दुर्घटना हुँदा तीनजनाको मृत्यु भएको छ। एकजना गम्भीर घाइते भएका छन्। शनिबार साँझ करिब ६ बजे झडेवाबाट चुनढुंगा खानीतर्फ जाँदै गरेको लुर२ख ४५५ नम्बरको खाली टिपर सडकबाट करिब ५० मिटर तल खसेर दुर्घटनामा परेको जिल्ला प्रहरी कार्यालय पाल्पाका सूचना अधिकारी डिएसपी होमप्रकाश चौधरीले बताए। दुर्घटनामा चालक अर्घाखाँचीको शीतगंगा नगरपालिका-४ का २६ वर्षीय चिन्ताबहादुर सुनारसहित अन्य दुईजनाको मृत्यु भएको प्रहरीले जनाएको छ। मृतक दुईजनाको सनाखत हुन बाँकी छ। दुर्घटनामा तानसेन नगरपालिका-१० पटुवा बस्ने ३३ वर्षीय राजन चिदी गम्भीर घाइते भएका छन्। घाइतेको लुम्बिनी मेडिकल कलेज प्रभास तानसेनमा उपचार भइरहेको छ। घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय पाल्पाले जनाएको छ।

दुई दिनको हावाहुरीले एकको मृत्यु, १४ घाइते

काठमाडौं/ दुई दिनदेखि आएको हावाहुरी, वर्षा, चट्याङलगायतका प्राकृतिक विपत्का कारण एकजनाको मृत्यु र १४ जना घाइते भएका छन्। घटनामा ४० लाख ८६ हजार रुपैयाँ मूल्यबराबरको धनमाल नष्ट भएको छ। राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार यस अवधिमा चट्याङ लागेर १० जना घाइते भएका छन्। बाँकी चारजना अन्य कारणले घाइते हुनपुगेका छन्। यस अवधिमा हावाहुरी, चट्याङ, वर्षा, आगलागीजस्ता ३६ घटना भएका छन्। प्राधिकरणकी प्रवक्ता शान्ति महतले शनिबार बिहानसम्म प्राकृतिक विपत्का कारण एकजनाको मृत्यु र १४ घाइते भएको बताइन्। 'दुई दिनदेखि मुलुकको विभिन्न ठाउँमा हावाहुरी चलेको छ। वर्षा र चट्याङ पेरेका छन्। यसबाट एकको मृत्यु र १४ जना घाइते भएका छन्। अझै तथ्यांक संकलन हुन बाँकी छ,' उनले भनिन्। प्राधिकरणका अनुसार लगातारको हावाहुरी र वर्षा आइतबार दिउँसोसम्म जारी रहनेछ। विशेषगरी मुलुकको मधेश र कोशी प्रदेशमा हावाहुरी र वर्षाको जोखिम रहने प्राधिकरणको दाबी छ। त्यसपछि भने कम हुँदै जाने प्राधिकरणका प्रवक्ता महतले बताइन्। 'शुक्रबार र शनिबार हावाहुरी र वर्षाका कारण जनजीवन प्रभावित बन्न पुग्यो। यो क्रम आइतबार दिउँसोसम्म कायम रहनेछ। विशेषगरी मधेश र कोशी प्रदेशका केही जिल्लामा यसको जोखिम रहनेछ। त्यसपछि भने कम हुँदै जानेछन्,' उनले भनिन्।

लेनदेन र बैंकिङ कसुर मुद्दाका दुईजना पक्राउ

लहान/ प्रहरीले लेनदेन मुद्दामा अदालतले कैद सजाय फैसला सुनाएका र बैंकिङ कसुर मुद्दाका फरार प्रतिवादीसहित दुईजनालाई पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय सिराहाका अनुसार लेनदेन बिगो चालू मुद्दामा सिराहा जिल्ला अदालतले १७ माघ ०७९ मा दुई वर्षको कैद सजाय फैसला सुनाइएका करिब ४५ वर्षीय रामजनम यादवलाई पक्राउ गरिएको हो। सिराहाको कल्याणपुर नगरपालिका- १० घर भएका यादवलाई छिमेकी विष्णुपुर गाउँपालिका- १ स्थित स्वास्थ्यचौकीनजिक खाजा खान लागेका वेला शुक्रबार पक्राउ गरिएको सिराहा प्रहरीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालले जानकारी दिए। त्यस्तै, इलाका प्रहरी कार्यालय धनगढीबाट खटिएको प्रहरी टोलीले जिल्ला अदालतको गत २९ पुसको फैसलाअनुसार बैंकिङ कसुर मुद्दाका फरार प्रतिवादी करिब ४० वर्षीय प्रमोद साहलाई पनि पक्राउ गरिएको उनले बताए। उनका अनुसार धनगढीमाई नगरपालिका-९ गोठचोक घर भएका साहलाई खोजतलासको क्रममा घरमै लुकीछिपी बसिरहेको अवस्थामा पक्राउ गरिएको हो।

सुदूरपश्चिम प्रदेश सभा सुस्त

अधिवेशन बोलाउन प्रतिपक्षीको माग

धनगढीमा **तेजराज भट्ट**

कानुन निर्माण गर्ने अधिवेशनका रूपमा लिइने प्रदेश सभाको हिउँदे अधिवेशन सुदूरपश्चिममा अझै सुरु भएको छैन। सामान्यतया पुस-माघमा प्रदेशको हिउँदे अधिवेशन सुरु गर्ने प्रचलन थियो। तर, गत ११ जेठमा सुरु भएको बजेट अधिवेशन नै गत २५ माघमा अन्त्य गरियो। त्यसपछि हिउँदे अधिवेशन बोलाउने सरकारको सुरसार छैन।

प्रदेश सरकारले बेवास्ता गर्दा जेन-जी आन्दोलनपछि प्रदेश सभाका गतिविधि ठप्पजस्तै छन्। मिनी संसद्का रूपमा रहेका प्रदेश सभाका विषयगत समिति पनि खासै सक्रिय देखिएका छैनन्। प्रदेश सभामा अहिले आठवटा विधेयक दर्ता छन्। सदन नचल्दा ती विधेयकमाथिको कारबाही पनि अगाडि बढेको छैन।

बजेटबारे छलफल सुरु गर्नुपर्ने समय नजिकिँदै गर्दा सरकारले हिउँदे अधिवेशन बोलाएर सदन चलाउन चासो देखाएको छैन। जेन-जी आन्दोलनका क्रममा प्रदेश सभा भवनमा आगजनी गरिएपछि लामो समय सदन चल्न सकेन। भवन मर्मतपछि पुस दोस्रो साता मात्र प्रदेश सभा बैठक सञ्चालन भएको थियो। चारवटा बैठक बसेपछि सरकारले अधिवेशन अन्त्य गरेको थियो। ती बैठकमा तीनवटा विधेयक र सार्वजनिक लेखा समितिको वार्षिक प्रतिवेदन पेस गरिएका थिए। सत्तारूढ एमाले सांसदहरूको भनाइ छ। सभामुख भीमबहादुर भण्डारीले सरकारले सदनलाई व्यवस्था गरेजस्तो देखिएको बताए। हिउँदे अधिवेशन पुस-माघबाटै चलाउन सरकारलाई आफूले सुझाव दिएको उनले बताए। केही समय भने जेन-जी आन्दोलन र चुनावले पनि सदन रोकिएको उनको भनाइ छ।'भवन मर्मतपछि बजेट अधिवेशन अन्त्य गरेर पुसमै हिउँदे अधिवेशन सुरु गरौं भनेका थियौं,' भण्डारीले भने, 'सरकारले बेवास्ता नगरेको वा जिम्मेवार भएन कि भन्ने भयो।'

● **खगराज भट्ट**, सांसद, नेकपा



चालू वर्षको बजेट कार्यान्वयनको अवस्था निकै कमजोर छ। सरकारले सुशासन कायम गर्न सकेको छैन। भ्रष्टाचार र अनियमितताका कुराहरू आइरहेका छन्। सरकारले अधिवेशन नबोलाउँदा सभामा दर्ता विधेयकहरू पनि पारितको प्रक्रिया अगाडि बढ्न सकेका छैनन्। यी विषय हामीले सदनमा उठाएर सरकारमाथि खबरदारी खोजेका छौं।

सांसद धर्मराज पाठकले आन्दोलनका वेला प्रदेश सभामा भएको क्षति, कर्मचारी र बजेट कटौतीमा संघले निर्देशनसँगै प्रदेश सरकारको तदारुकता कम हुँदा संसद् सुस्त देखिएको बताए।

संसद्को सामाजिक विकास समितिका सभापतिसमेत रहेका पाठकले दर्ता भएका आठमध्ये एउटा विधेयक मात्र समितिमा पठाइएको बताए। 'सदनलाई सक्रिय बनाउन सरकारले जति तदारुकता दिनुपर्थ्यो त्यति दिन सकेन। विधेयकहरू पेस मात्र भए। समितिमा पठाएको भए पनि छलफल अगाडि बढ्थ्यो,' उनले भने, 'विधेयक अगाडि बढाउन सरकारले तत्कालै हिउँदे अधिवेशन बोलाउनुपर्छ।'

सदन नचल्दा बजेट खर्च, सुशासनलगायत विषयमा सदनमा कुरा उठाउन नपाएको

■ कानुन व्यवसायी महिलाहरूको माग

नागरिकताको प्रावधान स्पष्ट हुने गरी संविधान संशोधन हुनुपर्छ

काठमाडौं/ कानुन व्यवसायी महिलाहरूले नागरिकताको प्रावधानमा संशोधन हुनुपर्ने माग गरेका छन्। 'नागरिकताप्राप्ति तथा प्रदान गर्ने सम्बन्धमा संविधानमै अस्पष्ट र विभेदकारी व्यवस्था भएको हुँदा यस सम्बन्धमा संविधान संशोधन गर्न यो सम्मेलन विधायिकाको ध्यानाकर्षण गराउँदछ,' शनिबार सम्पन्न महिला कानुन व्यवसायीहरूको दुईदिने राष्ट्रिय सम्मेलनको घोषणापत्रको १६औं बुँदामा छ। कानुन व्यवसायी महिलाहरूको ३२औं राष्ट्रिय सम्मेलन २९ बुँदे भक्तपुर घोषणापत्र जारी गर्दै सम्पन्न भएको छ।

आमाको नामबाट नागरिकता पाउने स्पष्ट संवैधानिक तथा कानुनी व्यवस्था भए पनि व्यवहारमा कठिनाइ भइरहेकाले सहज रूपमा नागरिकता प्रदान गर्न आवश्यक व्यवस्था गर्नसमेत सरकारसँग सम्मेलनले माग गरेको छ। कानुन व्यवसायी महिलाहरूले वैदेशिक रोजगारीका क्रममा महिलाहरूले समस्या भोग्नुपरेका कारण विदेश पठाउने निकायहरूलाई जिम्मेवार र नियमन गर्न माग गरेका छन्। उनीहरूले कार्यस्थलमा महिलामाथि हुने हिंसाबारे गुनासो सुन्ने संयन्त्रको माग गरेका छन् भने वैदेशिक रोजगारीमा जाने महिलाहरूको सुरक्षा तथा अन्य विभिन्न कानुन अधिकारमुखी हुनुपर्नेमा जोड दिएका छन्।

'कानुन व्यवसायीहरूप्रति कार्यस्थलमा हुने हिंसाजन्य व्यवहारको उजुरी गर्ने तथा गुनासो सुन्ने संयन्त्र नेपाल बार एसोसिएसन तथा एकाइ बारभित्र तत्काल गठन गर्न यो सम्मेलन नेपाल बार एसोसिएसनसँग माग गर्दछ,' घोषणापत्रमा छ। जेन-जी आन्दोलनका कारण न्यायिक, अर्धन्यायिक र सरकारी संरचनामा क्षति हुँदा न्याय सम्पादनमा गम्भीर असर परेका कारण पुनर्निर्माण समयमै गर्न माग गरिएको छ। कानुन व्यवसायीहरूको निवास र कार्यालयमा पुगेको क्षतिको समेत पूर्ति हुनुपर्ने माग उनीहरूको छ। विगत केही समययता कानुन व्यवसायी महिलाहरूलाई लक्षित गरी डिजिटल माध्यमबाट चरित्र हत्या, घृणित तथा अमर्यादित अभिव्यक्ति दिने कार्य भइरहेको भन्दै यस्तो कार्य गर्नेलाई जवाफदेही बनाउन र कानुनी कारबाहीको दायरामा ल्याउनसमेत उनीहरूले माग गरेका छन्। सूचना प्रविधिको सुरक्षित प्रयोग गर्ने सन्दर्भमा सचेतनामूलक कार्यक्रम आयोजना गर्न कानुन व्यवसायी महिलाले सरकारसँग माग गरेको छ।

■ सात महिनाकी गर्भवती भनिएकी १४ वर्षीया दलित बालिका बेपत्ता

घरधनी, उनका छोरा र वडासदस्यविरुद्ध प्रहरीमा उजुरी

लहानमा **मणिलाल विश्वकर्मा**

सप्तरीको सुरुंगा नगरपालिका- ३, लक्ष्मीपुरमा एक १४ वर्षीया असहाय दलित बालिका एक सातादेखि बेपत्ता भएपछि आफन्तले प्रहरीमा उजुरी दिएका छन्। सात महिनाकी गर्भवती रहेकी भनिएकी ती बालिकालाई स्थानीय महेश्वर यादवले बेपत्ता बनाएको आरोप छ। ती बालिकाका बाबुआमाको निधन भइसकेको छ। बालिकाकी भाउजूले उजुरी दिएकी हुन्।

आफन्तका अनुसार उनी विगत १० वर्षदेखि स्थानीय महेश्वर यादवको घरमा घरेलु कामदारका रूपमा बस्दै आएकी थिइन्। हाल उनी सात महिनाकी गर्भवती रहेको खुलेपछि ३० फागुनयता गाउँबाटै सम्पर्कविहीन बनाइएको आरोप छ। यो प्रकरणमा घरधनी महेश्वर यादव, उनका करिब २१ वर्षीय छोरा कुन्दन यादव, वडा सदस्य बद्री यादव र स्थानीय धर्मदेव यादवसहित चारजनामाथि अनुसन्धान गरी कानुनी कारबाही गर्न माग गर्दै गत बुधबार प्रहरीमा उजुरी दर्ता भएको हो।



सप्तरीको सुरुंगा- ३, लक्ष्मीपुरस्थित पीडितको घर।

आफन्तका अनुसार गर्भावस्थाबारे जानकारी बाहिरिएपछि घरधनी पक्षको पहलमा गोप्य छलफल भएको थियो। त्यसक्रममा बालिकालाई अन्यत्र लगेर गर्भपतन गराइएको वा लुकाइएको हुन सक्ने आशंका स्थानीयले गरेका छन्। घरधनीले आफ्ना छोरालाई समेत अन्यत्र पठाएकाले लामो समयदेखि प्रलोभन वा दबाबमा यौन शोषण भएको हुन सक्ने अनुमान गरिएको छ। स्थानीय एक आफन्तले भने, 'गर्भ सात महिना पुगेको थाहा पाएपछि घटना दबाउने प्रयास भएको देखिन्छ। अहिले मुख्य प्रश्न बालिका कहाँ छिन् भन्ने हो।'

आरोपित महेश्वर यादवसँग बुझ्न बिहीबार उनको घर पुग्दा उनी भेटिएनन्। घरमा रहेका आफन्तले उनको अवस्थाबारे आफूहरूलाई जानकारी नभएको बताएका छन्। वडासदस्यको मोबाइल पनि स्विचअफ गरिएको छ।

घटनाप्रति स्थानीय जनप्रतिनिधिले पनि निष्पक्ष अनुसन्धानको माग गरेका छन्। सुरुंगा- ३ का वडाध्यक्ष किरणकुमार पोखरेलले दोषी जोसुकै भए पनि कानुनी दायरामा ल्याउनुपर्ने बताए। 'निर्दोष फस्नु हुँदैन, दोषी उम्किनु हुँदैन। वडा कार्यालय अनुसन्धानमा सहयोग गर्न तयार छ,' उनले भने। सुरुंगा- १ का वडाध्यक्ष छत्रबहादुर राउतले पनि बालिकाको अवस्था तत्काल सार्वजनिक गर्न माग गरे। 'बालिका कहाँ छिन् भन्ने पत्ता लागेन भने म प्रहरी कार्यालयअगाडि धर्नामा बस्छु,' उनले भने।

■ प्रहरी भन्छ- अनुसन्धानकै क्रममा छ

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डम्बरबहादुर पुरीले घटनालाई गम्भीर रूपमा लिएर खोजी तथा अनुसन्धान सुरु गरिएको बताए। 'बालिकालाई उनकी दिदीले लिएर गएको भन्ने सूचना छ।

मातहतका युनिटले घटनाबारे बुझिरहेका छन्। प्रहरी टोली परिचालन गरिएको छ,' पुरीले भने, 'बालिकाका दुई दिदी पनि सम्पर्कमा छैनन्, उनीहरू सम्पर्कमा आएपछि बालिकाको अवस्था स्पष्ट हुन्छ। बालिका फेला परेपछि स्वास्थ्य परीक्षणमार्फत गर्भावस्था पुष्टि गरिने उनले बताए। त्यसपछि यौन शोषण वा जबर्जस्तीका कोणबाट थप अनुसन्धान अघि बढाइनेछ। घटनाको अनुसन्धानका लागि इलाका प्रहरी कार्यालय कडरबोनामा उजुरी परेको थियो। तर, क्षेत्राधिकारअनुसार इलाका प्रहरी कार्यालय भेडिया रहेकाले त्यतै पठाइएको पुरीले बताए। इलाका प्रहरी कार्यालय भेडियाका प्रमुख, प्रहरी निरीक्षक पूर्णकुमार राईले मिडियासँग बोल्ने क्षेत्राधिकार जिल्ला प्रहरी प्रवक्ताको मात्र रहेको भन्दै पन्छिए।


नयाँ सरकार, जनसरोकार र समसामयिक सवाल

करिब दुईतिहाइको एकल सरकार बन्न लागेकाले संसद्बाट चाहेअनुरूप कानुनी सुधार गर्न तथा नयाँ कानुन निर्माण गर्न अंकगणितले छेक्नेछैन



● कमान थापामगर

अग्रलेख



२१ फागुनअघिसम्म दलका नेता, राजनीतिक विश्लेषक, विज्ञ, राजनीतिशास्त्री, प्रशासनविद्, पत्रकारलगायतले नेपालको संविधानमा भएको राजनीतिक दलसम्बन्धी व्यवस्था र हाम्रो निर्वाचन प्रणालीले कुनै एक दलले बहुमत ल्याउन असम्भव भनेका थिए। तर, यो निर्वाचनले त्यो भाष्य खारेज गरिदियो। यही निर्वाचन प्रणालीबाटै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले लगभग दुईतिहाइ बहुमत पाएको छ।

विगतका सरकारले खेपेका आरोप : आजसम्म देशले समृद्धि हासिल गर्न सकेन। गरिबी निवारण भएन। रोजगारी सिर्जना भएन। रेमिट्यान्सको भरमा देश चलाउनुपऱ्यो। व्यापार घाटा उच्च हुँदै गयो। सार्वजनिक ऋण अर्थतन्त्रले धान्न नसक्ने अवस्थामा पुग्दै छ। आर्थिक विकास भएन। निजी क्षेत्रले लगानीमैत्री वातावरण पाएन। कृषिमा आधुनिकीकरण भएन, बजारीकरण भएन। मल, बिउ र सिँचाइ सुविधा छैन। उद्योगधन्दा सञ्चालन भएनन्। सडक धुलाम्य र खाल्डाखुल्डी मात्र भए। पुलहरू बनेनन्। सहर उजाड भए। गाउँ रित्ता भए। युवा विदेश पलायन भए। पर्यटन क्षेत्रको विकास भएन। खोलानाला फोहोर भए, यावत् समस्या र कमजोरी सबैले सुनाउने गरे र यी सबै समस्याको मुख्य दोष अस्थिर सरकारलाई दिएर पन्छिए। राजनीतिक र नीतिगत अस्थिरता समस्याको जड हो भनेर निष्कर्ष निकाले, अरू संयन्त्र जिम्मेवार भएनन्। गठबन्धन संस्कृतिमा रमाएका दललाई भिजन र क्षमता नभएको आरोप लगाइयो। विगतमा सरकार बनाउने, टिकाउने र ढलाउने काममा सांसद प्रयोग भए भनेर सांसदको मर्यादा, जिम्मेवारी र क्षमतामाथि प्रश्न उठे। तर, जनताले पनि सांसदबाट कानुनी सुधार होइन, पूर्वाधार विकासको मात्र अपेक्षा राखे। प्रशासनलाई थाङ्नेको बिल्ला भिराए। यस पृष्ठभूमिमा अब बन्ने सरकारलाई पाँच वर्षपछि यी समस्या बाँकी राख्ने छुट छैन।

अबको सरकारको क्षमता : अब करिब दुईतिहाइ बहुमतको एकल सरकार बन्दै छ। संसद्ले चाहेअनुरूप कानुनी सुधार गर्न तथा नयाँ कानुन निर्माण गर्न कुनै अंकगणितले अप्ठ्यारो पर्नेछैन। सरकार स्थिर रहनेछ। कुनै असंवैधानिक कु वा सरकारमा रहने दलभित्रै अन्यथा भएमा बाहेक पाँच वर्षसम्म एउटै सरकार रहनेछ। सरकारको भूमिका, प्रभावकारिता र नतिजा हेरेर पुनः अनुमोदित भई अर्को कार्यकालसमेत निरन्तरता पाउने वा नपाउने सरकारको आगामी रणनीति र कार्यशैलीमा भर पर्छ। तर, कम्तीमा आगामी पाँच वर्ष सरकारलाई नीति तर्जुमा र कार्यान्वयनमा गठबन्धनको झन्झट हुनेछैन। सरकारका नीति कार्यक्रम आफ्नो चुनावी घोषणापत्रबमोजिम नै हुबहु गर्न गराउन कुनै पनि बाधा अवरोध रहनेछैनन्। सरकारले लिने नीति शतप्रतिशत कार्यान्वयन हुने दिशातर्फ अग्रसर हुनेछन्। राजस्व क्षमता वृद्धि गरी ठुलो आकारको बजेट बनाउन, कार्यक्रम तय गर्न, आफ्नो अनुकूल वार्षिक बजेट निर्माण र पारित गर्न कुनै अर्को दल वा प्रतिपक्षीले संसदीय झमेला खडा गर्न सक्नेछैनन् र आफ्नो नीति र कार्यशैलीमार्फत उल्लिखित समस्या समाधान गरी समुन्नतितर्फको यात्रा तय गर्न चाहेको काम गर्न सक्ने क्षमता अब बन्ने सरकारसँग छ। सरकारले पूर्ण क्षमतामा पूर्ण कार्यकाल काम गर्ने सबैको अपेक्षा छ।

■ उठेका समसामयिक सवाल

१. **सरकारको आकार** : विगतमा सरकार धेरै ठुलो, बोझिलो, भद्दा र खर्चिलो भएको आरोप र यथार्थ पनि थियो। सरकार विगतको भन्दा सानो आकारको बनोस् भन्ने चाहना सबैतिर देखिन्छ। संविधानको धारा ७६ (९) ले मन्त्रिपरिषद्को आकार बढीमा २५ जना तोकिदिएको छ। सार्वजनिक खर्च पुनरावलोकन आयोग २०७५ को सिफारिसले नेपालको संघीय मन्त्रिपरिषद् १५ सदस्यीय भए पर्याप्त हुने भनेको छ। विगतमा गठबन्धन संस्कृति र भागबन्डाले घटाउन नसकिएको मन्त्रालय संख्या मितव्ययिता र प्रभावकारिता दुवै दृष्टिले सानो आकारको बनाउने अवसर अबको सरकारलाई छ।

२. **संविधान संशोधनको चर्चा** : प्रतिनिधिसभाको दुईतिहाइले संविधान संशोधन गर्छ भन्ने चिया चौतारामा समेत गफ चलेको छ। नेपालको संविधानको धारा २७४ को संविधान संशोधनसम्बन्धी व्यवस्थालाई आधार मान्दा प्रतिनिधिसभाको मात्र दुईतिहाइ बहुमत भएर संविधान संशोधन हुन सक्दैन। अनौपचारिक र अपुष्ट जनगुनासो प्रदेश संरचना खारेजको विषय छ। प्रदेश सरकारले पूर्ण रूपमा संवैधानिक अधिकार प्रयोग गर्न नपाउँदै प्रदेशले राम्रो कार्यसम्पादन गर्न सकेनन् भन्नु प्रदेशमाथि अन्याय हुन जान्छ। तथापि, प्रदेशको अधिकार सूची संशोधन गर्न चाहे प्रदेश सभाको बहुमतको स्वीकृति अनिवार्य छ। अबको शासकीय स्वरूप के हुने, निर्वाचन प्रणाली कस्तो बनाउने वा सांसदको संख्या कति घटाउने, अधिकार क्षेत्र कति थपघट गर्ने ? लगायत अन्य विषयमा राजनीतिक सहमति कायम नगरी संविधान संशोधन प्रक्रियामा जान हतार गर्नु ठिक हुँदैन।

३. **राष्ट्रपति र उपराष्ट्रपति परिवर्तनको हल्ला** : नयाँ सरकार गठनको पूर्वसन्ध्यामा बजारमा राष्ट्रपति र उपराष्ट्रपतिको नयाँ निर्वाचन/परिवर्तन गर्ने निराधार हल्ला सुनिन थालेका छन्। स्वेच्छिक राजीनामा वा संविधानको धारा १०१ बमोजिम महाभियोग प्रस्ताव पारित भए मात्र रिक्त हुने यी पद पदावधि समाप्त नहुँदै रिक्त हुने सम्भावना छैन। राष्ट्रपतिले गर्ने कार्य मन्त्रिपरिषद्को सिफारिस र सम्मतिबाट मात्र हुने भएकाले राष्ट्रपतिबाट संविधान र कानुनको गम्भीर उल्लंघन हुने कुरा नै मन्त्रिपरिषद्मा निर्भर गर्छ, तसर्थ महाभियोग लगाउन मिल्दैन। तत्काल राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन हुने अवस्था आए पनि संघीय संसद् ३३४ जनाको मतभार ७९ र प्रदेश संसद् ५५० जनाको मतभार ४८ को आधारमा बहुमत प्राप्त गर्ने राष्ट्रपति र उपराष्ट्रपति निर्वाचित हुन्छन्। यस व्यवस्थाले प्रतिनिधिसभामा मात्र दुईतिहाइ सदस्य भएको दलबाट राष्ट्रपति निर्वाचित हुन सक्दैन। तसर्थ, नयाँ संसद् तत्काल यो विषयमा प्रवेश गर्छ भन्ने मलाई लाग्दैन।

४. **संवैधानिक नियुक्ति** : संवैधानिक नियुक्तिको विषय जेन-जी आन्दोलनसँगै बहसमा आएको छ। संवैधानिक पदहरू सरकारको पद नभई राज्यका पद हुने सिद्धान्तमा रहने हुनाले यो व्यवस्थाभन्दा अर्को उत्तम व्यवस्था नहुन सक्छ। संविधानको धारा २८४ अनुसार संवैधानिक परिषद्मा रहने पदाधिकारी सरकारका प्रतिनिधि होइनन्, राज्यका प्रतिनिधिका रूपमा रहन्छन्। संवैधानिक योग्यता पूरा नगरेकाहरू संवैधानिक पदमा नियुक्त हुन सक्दैनन्। नियुक्तिको नियत र भागबन्डाको कुरा नैतिक प्रश्नभित्र रहन्छ। समग्रमा संवैधानिक आयोग कति आवश्यक/अनावश्यक भन्ने समीक्षा हुनु भने पर्नेछ।

> नयाँ सरकारले आगामी पाँच वर्षमा संविधानको समीक्षा र संशोधन, संघीयताको पूर्ण कार्यान्वयन, निःशुल्क शिक्षा र स्वास्थ्य सेवाको उपलब्धता, उद्योगधन्दाको स्थापना र सञ्चालनजस्ता कार्य गरेर समग्र विकासको नेतृत्वदायी भूमिका खेल्नुपर्नेछ

५. **प्रतिनिधिसभामा दुईतिहाइ** : पूर्ण कार्यकाल सरकार सञ्चालन गर्न र कानुन निर्माण तथा संशोधन गर्न प्रतिनिधिसभामा सामान्य बहुमत पर्याप्त हुन्छ। प्रतिनिधिसभाको मात्र दुईतिहाइले सभामुख र उपसभामुखलाई पदमुक्त गर्न, प्रधानन्यायाधीश र सर्वोच्च अदालतका न्यायाधीश, न्यायपरिषद्का सदस्य र संवैधानिक निकायका प्रमुख तथा पदाधिकारीविरुद्ध महाभियोग प्रस्ताव पारित गर्न सक्छ। संविधान संशोधन, जनमत संग्रह, नेपाल पक्ष हुने सन्धि-सम्झौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थनलगायत कार्यका लागि संघीय संसद्को दुवै सदनमा दुईतिहाइ बहुमत चाहिन्छ।

■ तत्काल सुरु गर्न सकिने सुधारका कार्य

१. **कार्यविभाजन नियमावली निर्माण** : सरकारले तत्काल कार्यविभाजन नियमावली जारी गरी मन्त्रालय गाभ्न तथा कार्यक्षेत्र मिलान गर्न सक्छ।

उदाहरण : (क) भौतिक, सहरी र ऊर्जा- सबैले पूर्वाधार निर्माणको काम गर्ने, (ख) कृषि, भूमि र सिँचाइ- सबैले भूमिमा काम गर्ने, (ग) उद्योग, पर्यटन र वन-अन्तरसम्बन्धित र समन्वय गर्नेपर्ने, (घ) गृह, कानुन र महिला बालबालिका- कार्यक्षेत्र गृहसँग मिल्ने, (ङ) संघीय मामिला तथा सामान्य प्रशासन-प्रधानमन्त्री कार्यालयमा गाभ्ने, संघीयता एउटा मन्त्रीको जिम्मामा मात्र नहुने।

२. **मन्त्रिपरिषद् सदस्य र सांसदको सुविधा** : मन्त्रिपरिषद् सदस्य र सांसदको सचिवालय, पारिश्रमिक र अन्य सुविधाका विषय सधैं विवादित बन्ने गरेका छन्। सचिवालयको मामिलामा शपथ लिएकाहरूलाई शपथ नलिएकाहरूले चलाउने गरेको आरोप छ। राजनीति समाजसेवा भएकाले बेतनभोगी कर्मचारीसँग मर्यादाक्रमका आधारमा पारिश्रमिक सुविधा निर्धारण नगरी घटी निर्धारण गर्दा र हालको भन्दा सानो आकारको सचिवालय बनाउँदा सरकारको मितव्ययी व्यवहार झल्किन्छ।

३. **द्रुत गतिमा विधेयक तर्जुमा र संसद्बाट पारितः** विकास निर्माणका गतिविधि सुस्त हुनुमा विभिन्न कानुनमा भएका जटिलताको पनि नकारात्मक भूमिका छ। यस सम्बन्धमा अध्ययन समिति बनाई तत्काल संशोधन विधेयक संसद्बाट पारित गराउनुपर्छ।

केही उदाहरण : (क) सार्वजनिक खरिद ऐन- खरिदको लामो, भद्दा र अमिल्दो प्रक्रिया, (ख) वन ऐन- प्राथमिकता वन कि पूर्वाधार विकास ?, (ग) जग्गा प्राप्ति ऐन- १ वर्गमिटर जग्गा प्राप्ति गर्न १०० झन्झट।

४. **डिजिटल गभर्नेन्स** : अबको सरकारमा युवा र प्रविधिसँग अभ्यस्त सदस्य रहने अवसरलाई उपयोग गर्दै मन्त्रिपरिषद्का एजेन्डा र निर्णय डिजिटल फर्ममा गर्ने, प्रयोगमा रहेका सबै सफ्टवेयर तथा सिस्टमको अधिकतम प्रयोग र अपग्रेडिङ गर्ने, सबै निर्देशन तथा प्रतिवेदन र सेवाप्रवाह डिजिटल माध्यमबाट गराउनुपर्छ।

५. **निर्णय निर्माण प्रक्रिया** : सरकारी निर्णय प्रक्रिया सरलीकरण कार्यविधिले तीन तहमा निर्णय हुन्छ भनेको छ, तर हुँदैन। मन्त्रालय, विभाग वा कार्यालय प्रमुख तथा अधिकार प्राप्त अधिकारीले कानुनबमोजिम निर्णय गर्ने र मातहत निकाय तथा कर्मचारीले सोको कार्यान्वयन गर्ने गरी कार्यविधि लागू गर्न सके प्रशासनिक निर्णयमा भइरहेका ढिलासुस्ती हट्छ।

६. **कर्मचारीतन्त्रमा गोल्डेन ह्यान्डसेक** : संघीय निजामती सेवा ऐन तत्काल जारी गरी कर्मचारीतन्त्रमा नव रक्त सञ्चार प्रवाह गराउन ३० वर्ष सेवा अवधि पुगेका कर्मचारीलाई स्किमसहित स्वेच्छिक अवकाश दिने र उच्च व्यवस्थापनका पदको पदावधि तोकी सचिवको पदावधि तीन वर्ष मात्र हुने गरी घटाउनुपर्छ।

७. **संरचनाहरूको राइट साइजिङ** : तीन तहका सरकारले एउटै प्रकृतिका काम एकै भूगोल र जनतासँगै गरिरहेकाले समन्वय कठिन भई सरकारको प्रभावकारिता कमजोर देखिएको छ। केन्द्र सरकारले अनुसूची ५ का कोर कार्य मात्र गर्ने, ठुला राष्ट्रिय गौरवका आयोजना सञ्चालन गर्ने, बढीमा १५ विभाग मात्र केन्द्रमा रहने गरी बाँकी खारेज तथा प्रदेश सरकारमा हस्तान्तरण गर्नुपर्छ। संघमा रहेको करिब ५० हजार कर्मचारी दरबन्दी पुनरावलोकन गर्न संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्नुपर्नेछ।

८. **प्रदेशमा प्रहरी समायोजन** : प्रदेशको अधिकार सूचीको १ नम्बरमा प्रदेश प्रहरी प्रशासन र शान्ति सुरक्षाको विषय छ। संविधान प्रारम्भ भएको १० वर्षसम्म पनि प्रहरी समायोजन नहुँदा प्रदेशले सरकारजस्तो भएर काम गर्न पाएका छैनन्। समायोजनको तयारीमा धेरै समय लगाउनु इच्छाशक्तिको मात्र अभाव भन्ने प्रस्ट छ। सरकारले यो काम तत्काल गर्न सक्छ। प्रदेशमा प्रहरी समायोजन गर्नुपर्ने संवैधानिक व्यवस्था र सशस्त्र प्रहरी स्थापनाको साविकको उद्देश्यसमेतलाई हेर्दा वर्तमान परिवेशमा दुईवटा प्रहरी संगठन आवश्यक छ, छैन पुनर्विचार गर्नुपर्ने भएको छ।

निष्कर्ष : यसमा सरकार गठनको समसामयिक सवालका विषयमा मात्र चर्चा गरिएकाले मध्यकालीन तथा दीर्घकालीन सुधारका खाका समावेश गरिएको छैन। स्थिर सरकारले आगामी पाँच वर्षमा संविधानको समीक्षा र संशोधन, संघीयताको पूर्ण कार्यान्वयन, राष्ट्रिय गौरवका आयोजना र ठुला पूर्वाधार निर्माण, पर्याप्त वैदेशिक लगानीको वातावरण सिर्जना, पूर्ण निःशुल्क शिक्षा र भरपर्दो र सर्वसुलभ स्वास्थ्य सेवाको उपलब्धता, उद्योगधन्दाको स्थापना र सञ्चालनजस्ता कार्य गरेर समग्र विकासको नेतृत्वदायी भूमिका खेल्नुपर्नेछ।

३ प्रश्न

त्रिभुवन विश्वविद्यालयका उपप्राध्यापक **दीपेश घिमिरे**लाई



छिट्टै नयाँ सरकार बन्दै छ। यो सरकार कस्तो बन्नुपर्छ ?

बन्दै गरेको नयाँ सरकार पछिल्लो निर्वाचनपछिको सबैभन्दा ठुलो दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को एकल बहुमतमा बन्दै छ। यो सरकारसित करिब-करिब दुईतिहाइ बहुमत हुनेछ। निर्वाचनबाट कतिपय भरोसायोग्य विषयविज्ञ पनि निर्वाचित भएका छन्। त्यस्ता विज्ञलाई उनीहरूको विज्ञतासमेत हेरी सम्बन्धित मन्त्रालयको जिम्मा दिन सकियो भने त्यो देशका लागि निकै गहन योगदान साबित हुन सक्छ। २०१३ मा टंकप्रसाद आचार्य नेतृत्वको सरकारले तयार गराएको प्रशासनिक सुधारसम्बन्धी सुझावदेखि पछिल्लो समयमा रामेश्वर खनाल नेतृत्वको समितिले दिएको सुझावसमेतलाई मध्यनजर गरी बढीमा १५ मन्त्रालय कायम राखी सरकार गठन भयो भने देशका लागि अर्को ठुलो योगदान हुनेछ।

सरकारले प्रभावकारी डेलिभरी दिन के गर्नुपर्ला ?

यो सरकारसित करिब दुईतिहाइनिकट शक्ति छ। त्यसैले, अब बन्ने सरकार शक्तिशाली हुनेछ। सुशासन कायम गराउन, भ्रष्टाचार नियन्त्रण गर्न र सेवा प्रवाहलाई छिटो, छरितो र चुस्त बनाउन यसलाई कसैले छेक्न सक्दैन। हाम्रा राष्ट्रिय गौरवका आयोजना तथा पूर्वाधार निर्माणमा लामो समय लागिरहेको छ। अब बन्ने सरकारले त्यसलाई गति दिन सक्नुपर्छ। हाम्रो संसद् प्रायः कामविहीन देखिने गरेको छ। अबको सरकारले यसलाई काम दिएर गतिशील बनाउन सक्नुपर्छ।

यो सरकारका सजिला र अप्ठ्यारा पक्ष के-के हुन् ?

यो सरकारसित दुईतिहाइनिकट बहुमत भएकाले चाहेअनुसार कानुन ल्याउन सजिलो छ। काम गर्ने जोस, जाँगर भएको उमेर समूहका विज्ञ संसद्मा पुगेका छन्। यो उसको सजिलो पक्ष हो। तर, त्यही संख्या नै पछि उसका लागि असहज अवस्था बन्न पनि सक्छ। २०१५ सालयता हरेक अवसरमा सम्बन्धित दलको संख्या नै उसका लागि चुनौती बन्दै आएको देखिन्छ। रास्वपाबाट संसद्मा पुगेका विविध पृष्ठभूमिका प्रतिनिधिबिच लय मिलाउन सक्दा राम्रो परिणाम आउन सक्छ। अन्यथा, यही संख्याले भद्रगोल अवस्था ल्याउन पनि सक्छ।

प्रेरक प्रसंग

बुद्ध र बालबालिका

कुनै समयमा गौतम बुद्ध एउटा आँपको बगैंचामा विश्राम गरिरहेका थिए। आँप पाक्ने मौसम थियो। त्यहाँ बालबालिकाको एउटा समूह आइपुग्यो। उनीहरू सबैले अपरिचित बुद्धको कुनै परवाह नगरी रुखमा ढुंगा बर्साए। रुखबाट हुरुरु आँप झरे। झरेका मिठा आँप खाँदै उनीहरू खुब रमाए। झरेका आँप खाइसकेपछि उनीहरू फेरि रुखतिर ढुंगा बर्साउन थाले। यसपटक भने संयोगले एउटा ढुंगा बुद्धको खुट्टामा बज्रिन पुग्यो। उनको खुट्टामा चोट लाग्यो। खुट्टाबाट रगत बग्न थाल्यो।



त्यो देखेपछि त्यहाँ उपस्थित बालबालिका निकै डराए। उनीहरू त्यहाँबाट कुलेलम ठोक्न चाहन्थे। तर, बुद्धले उनीहरूलाई देखिसकेको हुनाले उनीहरू भाग्न पनि सकेनन्। त्यसैले, उनीहरूले आफूहरूको गल्ती स्विकार्दै बुद्धसँग माफी मागे। आफ्नै गल्तीले गर्दा बुद्धको खुट्टामा चोट लागेको भन्दै उनीहरूले आफूहरूलाई माफी दिन आग्रह गरे।

आफ्नो अगाडि हात जोडेर उभिएका बालबालिकालाई हेर्दै बुद्धले शान्त हुँदै भने, बाबुनानीहरू हो ! माफी त तपाईंहरूले होइन, मैले पो माग्नुपर्छ। किनकि, एउटा सामान्य रुखले तपाईंहरूले प्रहार गरेको ढुंगाको बदलामा आँप दियो। तर, एउटा मान्छे भएर पनि मसित तपाईंहरूलाई दिन केही छैन। उल्टै मैले त तपाईंहरूलाई त्रास दिएँ। बरु, सक्नुहुन्छ भने तपाईंहरू मलाई माफी दिनुहोस् है !

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

गगनमाथि प्रश्न किन ?

२१ फागुनको निर्वाचनको परिणाम काग्रेस, एमाले, नेपाली कम्युनिस्ट पार्टीलगायत कसैका लागि पनि सुखद भएन। मधेशका क्षेत्रीय दल शून्यमा झरे। अबका दिनमा पुराना र स्थापित भनिएका दल सच्चिएनन् भने सक्किने निश्चित छ। यतिखेर अरूभन्दा पनि सबैको निसानामा परेका छन् काग्रेस सभापति गगनकुमार थापा। काग्रेसले निर्वाचनअघि विशेष महाधिवेशनमार्फत सभापतिमा थापालाई निर्वाचित गऱ्यो। अत्यन्त कम समय पाएका थापा स्वयंले निर्वाचनमा हार व्यहोर्नुपऱ्यो। तर, काग्रेसको यो हविगतका लागि विगतको नेतृत्वको कमजोरी जिम्मेवार छ। उनीहरूको कुशासनको परिणाम यतिखेर पार्टीले भोगेको हो, यसका लागि थापा जिम्मेवार छैनन्। अनि, उनीमाथि मात्र प्रश्न किन ?

● **शोभिता पुन**, चाबहिल, काठमाडौं

बिजुलीको खपत बढाऔं

लामो समयदेखि बजारमा खाना पकाउने ग्यासको अभाव छ। झन् अहिले खाडी क्षेत्रको युद्धका कारण आपूर्तिमा समस्या उत्पन्न हुँदा ग्यासको अभाव निकै बढेको छ। सरकारले बजारमा आधा सिलिन्डर ग्यास उपलब्ध गराउने निर्णय गरेर लागू गरिसकेको छ। तैपनि, ग्यासको अभाव यथावत् छ। अब, हामी नेपालीले ग्यासका लागि लाम लाग्नुभन्दा खुरुक्क बिजुलीको खपत बढाउनुपर्छ। यसका लागि बजारमा उपलब्ध इन्डक्सन चुलोको प्रयोग गरौं।

● **साजना कुइँकेल**, सातदोबाटो, ललितपुर

बजार अनुगमन प्रभावकारी बनाऊ

यतिखेर बजारमा अचाक्ली महँगी बढेको छ। भर्खरै निर्वाचन सकिएको छ। एउटा सरकार जाँदै छ र नयाँ सरकार आउँदै छ। जाँदै गरेको सरकारले पनि बजारमा अनुगमन गर्न जाँगर चलाएको छैन। नयाँ सरकार त आएकै छैन। यस्तो संक्रमणकालीन समयको फाइदा उठाएर बजारमा हरेक उपभोग्य सामग्रीमा कालोबजारी भइरहेको छ। झन् यतिखेर त मूल्य बढाउन व्यापारीले खाडी क्षेत्रको युद्धलाई देखाउन पनि पाएका छन्।

● **भावना भारती**, सामाखुसी, काठमाडौं

नकारात्मक टिप्पणी किन ?

पछिल्लो निर्वाचनबाट झन्डै दुईतिहाइको बहुमत पाएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को सरकार गठन हुन बाँकी नै छ। तर, अहिल्यैदेखि सामाजिक सञ्जालमा अनेक नकारात्मक टिप्पणी सुरु भएको देख्दा अचम्म लाग्छ। कहिलेकाहीं त सकारात्मक सोचौं, सधैं कति नकारात्मक मात्र सोच्ने ? अब बन्ने रास्वपाको सरकारले गलत गऱ्यो भने भनौंला, केही छैन। तर, काम गर्ने समय त दिनुपऱ्यो नि। काम गर्ने नदिई हेर्दैला, कसरी गर्दो रहेछ भनेर औंला ठड्याउनुको के अर्थ ?

विगतमा ३६ वर्ष लगाएर बिगारेको सिस्टमलाई एकैपटक लाइनमा ल्याउन सजिलो छैन। कर्मचारीदेखि लिएर विभिन्न दलका भ्रातृ संगठन यसलाई कसरी विफल बनाउन सकिन्छ भनेर मौका हेरिरहेका छन्। यस्तो अवस्थामा सजिलो कहाँ छ र ? दलका नेताले नियुक्त गरेका कर्मचारी अदालतका न्यायाधीश सबैले अब बन्ने सरकारलाई साथ र सहयोग देलान् भन्ने आस त कहाँ छ र ? तर, गलत कामको विरोध गरे पनि राष्ट्र र जनहितमा काम गरेको अवस्थामा त सबैले ताली बजाएर स्वागत र समर्थन गर्नुपर्ने होइन र ? देशले सही दिशा लिन नसकेको पनि यही नकारात्मकताकै कारण होइन र ? विदेशी राष्ट्रदेखि देशमा भएका दलको पनि चित्त बुझाउन सजिलो त कहाँ छ र ! सबै दलको एउटै साझा उद्देश्य देश बन्नुपऱ्यो, सबै मिलेर देश बनाउनुपऱ्यो। त्यसो भए सरकार नबन्दैको नकारात्मक टिप्पणी केका लागि ?

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

तीव्र बन्दै अफगानिस्तान-पाकिस्तान द्वन्द्व

तालिबान र पाकिस्तान दुवै अहिले पूर्ण द्वन्द्व चाहँदैनन्, तर गहिरो अविश्वासले युद्ध रोक्न सक्ने अवस्था पनि देखिँदैन



देश/विदेश

● माइकल कुगेलम्यान

मध्यपूर्वमा बढ्दो द्वन्द्वका कारण अफगानिस्तान र पाकिस्तानबिच चलिरहेको द्वन्द्व अहिले धेरै हदसम्म छायामा परेको छ। तथापि, द्वन्द्व दिन-प्रतिदिन तीव्र बन्दै गइरहेको छ र तनाव कम हुने सम्भावना अहिलेका लागि न्यून देखिन्छ। द्वन्द्व चर्किँदै गएका वेला गत मंगलबार पाकिस्तानले काबुलको एक अस्पतालमा बम आक्रमण गरेको तालिबानले आरोप लगायो। आक्रमणमा चार सयभन्दा बढीको ज्यान गएको बताइएको छ, जुन यस द्वन्द्वको अहिलेसम्मको सबैभन्दा घातक घटना हो।

इस्लामाबादले भने अस्पतालमाथि आक्रमणको आरोप अस्वीकार गर्दै आफूले मुख्यतः तालिबानका 'सैन्य प्रतिष्ठान र आतंकवादीलाई सघाउने पूर्वाधार'लाई मात्र निसाना बनाइरहेको बताएको छ। अफगानिस्तानले आफ्नो भूमिमा आतंक मच्चाइरहेको आतंकवादी समूह 'तहरिक-ए-तालिबान पाकिस्तान (टिपिपी)'लाई आश्रय दिइरहेको पाकिस्तानको आरोप छ। उसो त सन् २०२१ मा तालिबान काबुलको सत्तामा फर्किएदेखि पाकिस्तानी भूमिमा टिपिपीको आक्रमण हवात्तै बढेको सत्य हो।

अस्पतालमाथिको आक्रमणपछि घटनास्थल पुगेका मिडिया आउटलेट र स्वतन्त्र सहायता समूहले पनि तालिबानको दाबीलाई पुष्टि गरेका छन्। नर्वेली शरणार्थी परिषद्ले आक्रमणस्थल लागुऔषधका अम्मलीको पुनर्वास सेवा प्रदान गर्ने अस्पताल भएको पुष्टि गर्दै त्यहाँ सयौं नागरिक मारिएका र घाइते भएको बताएको थियो। तालिबानले पाकिस्तानभरका नागरिक क्षेत्रमा ड्रोन आक्रमण गरेको इस्लामाबादले आरोप लगाएको केही दिनमै सो आक्रमण भएको थियो। पाकिस्तानी राष्ट्रपति आसिफ अली जर्दारी आफैंले पाकिस्तानी भूमिमा अफगान आक्रमणलाई 'सीमा उल्लंघन'को संज्ञा दिएका थिए। लगत्तै पाकिस्तानी सेनाले अफगानिस्तानको ड्रोन भण्डारण क्षेत्रमा आक्रमण गरेको बताएको थियो।

अफगानिस्तान र पाकिस्तानको सम्बन्ध अहिले वर्षौंयताकै सबैभन्दा खराब बनेको छ। इरानसँग सीमा जोडिएको अफगानिस्तानमाथि निरन्तर बमबारी हुँदा यसले त्यति धेरै चर्चा भने पाएको छैन। पाकिस्तानले मुख्यतः अफगानिस्तान सीमा क्षेत्रमा आक्रमण केन्द्रित गरेको छ। समय-समयमा उसले अफगानिस्तानको भित्री भागमा पनि हवाई आक्रमण गरिरहेको छ। जवाफमा तालिबानले छिटपुट रूपमा पाकिस्तानी सीमा चौकीमा कारबाही गरेर जवाफ दिइरहेको छ। कहिलेकाहीं अफगानिस्तानले पनि पाकिस्तानभित्र कारबाही गरेको छ, उल्लिखित ड्रोन आक्रमण त्यसैको उदाहरण हो।

अक्टोबरमा एक चरणको घातक झडपपछि, कतार, साउदी अरब र टर्कीको मध्यस्थतामा भएको वार्ताले दुई देशबिच युद्धविराम भएको थियो। तर, त्यति वेला पनि तालिबानले टिपिपीलाई नियन्त्रण गर्ने वचन दिएन। द्वन्द्व चाँडै सुरु भयो। र, अहिले गत वर्ष मध्यस्थता गर्ने तीनवटै देश आफैं मध्यपूर्वको युद्धबाट प्रभावित भएकाले तिनलाई मध्यस्थकर्ताको भूमिका निभाउन गाह्रो छ। उसो त उत्तरी छिमेकी चीन यी दुई देशबिच मध्यस्थता गर्न सक्ने उत्तम स्थितिमा छ। पाकिस्तानको प्रमुख आपूर्तिकर्ता र पुँजीको सम्भावित प्रदायकका रूपमा बेइजिङले इस्लामावादमाथि पर्याप्त दबाब पनि दिन सक्छ। त्यसबाहेक पाकिस्तानभित्र चिनियाँ लगानी र कामदार आफैं टिपिपीको निसानामा पर्ने गरेका छन्। तर, बेइजिङका विकल्प पनि विभिन्न चुनौतीले सीमित गरिदिएको छ। चीनले गत सोमबार नै दुई पक्षबिच मध्यस्थताको प्रयास गरिरहेको घोषणा गर्दै 'दुई पक्षलाई मिलाउने प्रयास भइरहेको' बताएको थियो। तर, त्यस्ता प्रयासले कुनै नतिजा दिन सकेको छैन। कूटनीतिले तालिबानलाई टिपिपीलाई आश्रय दिन रोक्न मनाउन नसकिने पाकिस्तानी सोच यो असफलताको कारण हुन सक्छ।

पाकिस्तानले हमला तीव्र बनाएसँगै, तालिबानले ड्रोनजस्ता उन्नत हतियार प्रयोग गरेर आक्रमण आफ्नो भौगोलिक सीमाबाहिर विस्तार गरेको छ। तालिबान परम्परागत द्वन्द्वमा पाकिस्तानको शक्तिशाली सेनासँग टिक्न सक्दैन। तथापि, तिनले असमान माध्यममार्फत बलियो प्रतिक्रिया दिन सक्छन्। तिनले विगतमा अफगान सुरक्षा बलले प्रयोग गर्ने गरेको भारी हतियारको प्रयोगदेखि आफ्नूप्रति बफादार लडाकु समूहलाई उपयोगमा ल्याउन सक्छन्। त्यसो भए पाकिस्तानभित्र आक्रमण बढ्नेछ।

उता इरान युद्धले पाकिस्तानको दक्षिण-पश्चिमी सीमामा सक्रिय बलोच लडाकु प्रोत्साहित भएका छन्। तिनले आक्रमण बढाए तालिबान गतिविधिविरुद्ध कारबाही गर्ने प्रयास जटिल बन्नेछ। चर्को वक्तव्यबाजी र बढ्दो शत्रुताका बाबजुद न त अफगानिस्तान न त पाकिस्तान पूर्ण द्वन्द्व चाहन्छन्। पाकिस्तान मुख्यतः इरान युद्धबाट निम्तिन सक्ने सुरक्षा चुनौती व्यवस्थापन गर्ने विषयले चिन्तित देखिन्छ। जबकि, कुनै देशले मान्यता नदिएको अवस्थामा शक्तिशाली छिमेकीसँगको द्वन्द्व चर्काए आफ्नो अस्तित्व नै जोखिममा पर्न सक्ने तालिबानको चिन्ता छ। युद्ध लम्ब्याउन नचाहे पनि अविश्वास व्याप्त हुँदा दुवै पक्ष वार्ताको टेबलमा फर्कने मुडमा छैनन्। यसले गर्दा युद्ध रोकिने सम्भावना पनि छैन। परिणामस्वरूप दशकौंमा पहिलोपटक दक्षिण एसियामा भारत-पाकिस्तान सीमाबाहिर पूर्ण द्वन्द्व देखिन सक्छ। तर, इरान युद्धको छायामा त्यस्तो विकराल युद्ध पनि बेवास्तामा पर्न सक्छ।

(कुगेलम्यान अफगानिस्तान, पाकिस्तान र भारत तथा अमेरिकासँग तिनको सम्बन्धबारे विशेषज्ञ मानिन्छन्)

फरेन पोलिसीबाट

इरान युद्धले निम्त्याउन सक्छ मध्यपूर्वमा पानीको संकट

भारत र पाकिस्तानदेखि युक्रेन र गाजा हुँदै अहिले इरानको आधुनिक द्वन्द्वमा पानीलाई फेरि एकपटक बनाइएको छ हतियार



● अशोक स्वैन
भारतीय लेखक अशोक स्वैन स्विडेनका प्राज्ञिक हुन् ।



संयुक्त राज्य अमेरिका-इजरायल र इरानबिचको द्रुत गतिमा बढ्दो युद्धले विश्वव्यापी ध्यान खिचेको छ, किनकि यसले फारसी खाडीबाट तेल र ग्यास आपूर्तिलाई अवरुद्ध गरिरहेको छ । यस क्षेत्रका समाजको अस्तित्वका लागि अहिले अर्को महत्त्वपूर्ण स्रोत देखा पर्दै छ, पानी । बहराइन, संयुक्त अरब इमिरेट्स, कुवेत र इरानमा डिसेलिनेसन प्लान्टहरू (मानव उपभोग, सिँचाइ वा औद्योगिक प्रयोजनका लागि समुद्री पानीबाट नुन र अनावश्यक खनिज हटाएर पिउन योग्य पानी बनाउने औद्योगिक प्लान्ट) सँग सम्बन्धित हालैका आक्रमण र आक्रमणका प्रयासले एउटा असहज वास्तविकतालाई उजागर गरेको छ । खाडी राज्यहरू ऊर्जा निर्यातकर्ता मात्र होइनन्, बरु पानीमा निर्भर समाज पनि हुन्, जसको अस्तित्व तटीय डिसेलिनेसन प्लान्टको कमजोर नेटवर्कमा निर्भर छ ।

दशकौँसम्म खाडी राजतन्त्रहरूले तेलबाट प्राप्त हुने ठुलो धनराशिलाई पृथ्वीको सबैभन्दा सुक्खा क्षेत्रमा डिसेलिनेस पूर्वाधार निर्माणमा लगानी गरे । अरबी प्रायद्वीपको धेरैजसो भागमा प्राकृतिक ताजा पानी लगभग अस्तित्वमा छैन । वर्षा सीमित र अनियमित छ, नदीहरू लगभग छैनन् र दशकौँको निकासीको माध्यमबाट भूमिगत पानीका भण्डार भारी मात्रामा घटेका छन् । त्यसकारण डिसेलिनेसन प्राविधिक समाधान बन्यो, जसले दुबई, दोहा र रियादजस्ता मरुभूमि सहरलाई विश्वव्यापी सहरी केन्द्रमा रूपान्तरण गर्न सहयोग गऱ्यो । तेल र ग्यासले खाडी अर्थतन्त्रलाई मजबुत गरायो, तर प्लान्टमा निर्मलीकरण गरिएको समुद्री पानीले त्यहाँ बसोवास गर्ने जनसंख्यालाई धान्न सहयोग गरेको छ ।

आज यो निर्भरताको मात्रा अचम्मलाग्दो छ । फारसी खाडीको किनारमा सयौँ डिसेलिनेसन प्लान्ट छन्, जसले विश्वको स्वच्छ पानीको ठुलो हिस्सा उत्पादन गर्छ । कुवेतमा लगभग ९० प्रतिशत पिउने पानी डिसेलिनेसन (समुद्री पानीबाट नुन हटाउने प्रक्रिया) बाट आउँछ । ओमानले आफ्नो आपूर्तिको लगभग ८६ प्रतिशतका लागि यसमा निर्भर गर्छ । साउदी अरेबियाले विश्वको अन्य कुनै पनि देशभन्दा बढी डिसेलिनेटेड पानी उत्पादन गर्छ, यी सुविधामार्फत आफ्नो पिउने पानीको लगभग ७० प्रतिशत आपूर्ति गर्छ । संयुक्त अरब इमिरेट्सजस्ता केही भुजल भण्डार भएका देश पनि अझै पनि आफ्ना सहर र उद्योगलाई टिकाउन डिसेलिनेसनमा धेरै निर्भर छन् ।

युद्धले अब यो प्रणाली कति कमजोर छ भन्ने कुरा देखाइसकेको छ । द्वन्द्वको पहिलो दिनमा इरानी क्षेप्यास्त्र दुबईको जेबेल अली बन्दरगाहवरपरको विशाल डिसेलिनेसन पूर्वाधारनजिकै खसेका थिए । प्रमुख परिसरनजिकै ड्रोनहरूबाट भग्नावशेष खसेपछि डिसेलिनेसनसम्बन्धी सुविधामा क्षति पुगेको कुवेत र युएईले जनाएका छन् । बहराइनले पछि पुष्टि गऱ्यो कि ड्रोन आक्रमणले यसको एउटा डिसेलिनेसन प्लान्टमा क्षति पुऱ्याएको छ । इरानले संयुक्त राज्य अमेरिकालाई केस्म टापुमा रहेको डिसेलिनेसन सुविधामा प्रहार गरेको आरोप लगाएको छ, जसका कारण दर्जनौँ गाउँमा पानी आपूर्ति अवरुद्ध भएको छ ।

यीमध्ये केही घटना सुनियोजित आक्रमण नभए पनि तिनीहरूले आधुनिक युद्धका लागि यी पूर्वाधार कति जोखिममा छन् भनेर चित्रण गर्छन् । धेरैजसो डिसेलिनेसन प्लान्ट खुला तटरेखामा अवस्थित छन्, जहाँ तिनीहरूले समुद्री पानी तान्छन् र समुद्रमा नुनिलो पानी छोड्छन् । तिनीहरू ठुला, केन्द्रीकृत सुविधा हुन्, जुन पावर प्लान्ट र ऊर्जा पूर्वाधारसँग एकीकृत हुन्छन् । बिजुली नेटवर्क, बन्दरगाह वा

> अमेरिका-इजरायल हमलाको प्रतिकार गर्ने क्रममा इरानले खाडी देशका डिसेलिनेसन प्लान्ट (समुद्री पानीबाट नुन र अनावश्यक खनिज हटाएर पिउनयोग्य बनाउने कारखाना)लाई निसाना बनाउँदा बहराइन, संयुक्त अरब इमिरेट्स, कुवेत, साउदी अरेबियालगायत देशमा पानीको अभाव देखिने सम्भावना बढेको छ

नजिकैका सैन्य अड्डाविरुद्धको हमलाले पानी उत्पादनलाई सजिलै बाधा पुऱ्याउन सक्छ । धेरै खाडी सहरमा मुठीभर सुविधाले लाखौँ मानिसलाई आपूर्ति गर्छ । एउटा प्रमुख प्लान्टविरुद्धको सफल हमलाले केही दिनभित्र सम्पूर्ण महानगरीय क्षेत्रका लागि पानी आपूर्ति बन्द गर्न सक्छ ।

यो जोखिम नयाँ होइन । डेढ दशकभन्दा बढी समयअघि अमेरिकाले गरेको गुप्तचर मूल्यांकनले प्रमुख डिसेलिनेसन सुविधा नष्ट गर्दा धेरै खाडी राज्यमा पानीसम्बन्धी राष्ट्रिय संकट निम्त्याउन सक्ने चेतावनी दिएको थियो । चुहावट भएको कूटनीतिक केबलले एकपटक चेतावनी दिएको थियो कि यदि साउदी अरेबियाको जुबैल डिसेलिनेसन कम्प्लेक्स अक्षम पारियो भने राजधानी रियाद एक हप्ताभित्र खाली गर्नुपर्ने हुन सक्छ, किनभने यसको अधिकांश पिउने पानी त्यो प्लान्टबाट विशाल पाइपलाइन प्रणालीमार्फत पम्प गरिन्छ । यस्ता चेतावनीलाई प्रायः सैद्धान्तिक जोखिमको रूपमा लिइयो । हालको युद्धले तिनीहरूलाई तत्काल रणनीतिक चिन्तामा परिणत गरेको छ । साना खाडी राज्यले अझ ठुलो जोखिमको सामना गर्नुपर्नेछ । बहराइन, कतार र कुवेतजस्ता देशसँग सीमित रणनीतिक पानी भण्डार र आपूर्ति प्रणाली विविधीकरणका लागि सानो क्षेत्रीय ठाउँ छ । संयुक्त अरब इमिरेट्स र साउदी अरेबियाले सहरहरूलाई धेरै हप्तासम्म आपूर्ति गर्न सक्ने रिजर्भ जलाशयमा लगानी गरेका छन् । यदि लामो समयसम्मको द्वन्द्वको समयमा डिसेलिनेसन सुविधा गम्भीर रूपमा क्षतिग्रस्त भएमा पानीको अभाव तीव्र रूपमा देखा पर्न सक्छ ।

यसको प्रभाव राष्ट्रिय सिमानाभन्दा धेरै टाढासम्म फैलिएको छ । विश्वको धेरैजसो ध्यान युद्धले हर्मुजको जलमार्ग हुँदै तेल ढुवानीमा कसरी असर गरेको छ भन्ने कुरामा केन्द्रित छ । तैपनि, डिसेलिनेसन पूर्वाधारको लामो अवरोधले खाडीभरि मानवीय संकट निम्त्याउन सक्छ । तेलको उछालको समयमा बनाइएका सहरले चाँडै पानीको कोटा, जनसंख्या विस्थापन र आर्थिक पक्षाघातको सामना गर्न सक्छन् । आधुनिक खाडी समाजहरू प्राविधिक रूपमा उन्नत छन्, तर जलविज्ञानको रूपमा कमजोर छन् । हालैका दशकमा नागरिक बाँच्नका लागि आवश्यक पानी प्रणाली सीमाभन्दा बाहिर रहनुपर्छ भन्ने मान्यता बढ्दै गएको देखिन्छ । अन्तर्राष्ट्रिय मानवीय कानुनले पहिले नै पिउने पानीका स्रोतसहित जनसंख्याको बाँच्नका लागि अपरिहार्य सुविधालाई जानाजानी लक्षित गर्न निषेध गरेको छ । तैपनि, विगत केही वर्षका द्वन्द्वले यो संयम कमजोर हुँदै गएको संकेत गर्छ । युक्रेनमा बाँध र ऊर्जा सञ्जालमा आक्रमण हुँदा पानी पूर्वाधार बारम्बार क्रसफायरको चपेटामा परेको छ । गाजामा तीव्र सहरी युद्धबिच इजरायलले पानी आपूर्ति प्रणालीलाई क्षतिग्रस्त वा नष्ट गरेको छ । भारत र पाकिस्तानबिचको दक्षिण एसियाली तनावले सिन्धु नदीको पानीलाई फेरि रणनीतिक दबाबको उपकरणको रूपमा प्रयोग गर्न बाध्य पारेको छ । उदीयमान ढाँचाले सुझाव दिन्छ कि आधुनिक द्वन्द्वमा पानीलाई फेरि एकपटक हतियार बनाइएको छ ।

हाल भइरहेको खाडी युद्धले अब यो प्रवृत्तिलाई अझ अगाडि बढाइरहेको छ । डिसेलिनेसन प्लान्टहरू मरुभूमि समाजका जीवनरेखा हुन्, जसले उनीहरूको अधिकांश ताजा पानी आपूर्ति गर्छ । तिनीहरूलाई लक्षित गर्दा वा त्यसो गर्ने धम्की दिँदा पनि ठुलो राजनीतिक दबाब उत्पन्न हुन सक्छ । इरानसँग संयुक्त राज्य अमेरिका र इजरायलको संयुक्त सैन्य शक्तिलाई प्रत्यक्ष रूपमा चुनौती दिने पर्याप्त क्षमता नहुन सक्छ, तर यो रणनीतिलाई असीमित युद्धको रूपमा प्रयोग गरेर यसले अमेरिकी आधार रहेका खाडी देशमा उनीहरूको तीव्र पानी जोखिमलाई उजागर गरेर भारी मूल्य चुकाउन सक्छ । यी सुविधाविरुद्ध सीमित आक्रमणले त्यहाँको जनसंख्यामा व्यापक डर उत्पन्न गर्न सक्छ ।

रणनीतिक परिणाम गहिरा छन् । शक्ति र प्रभुत्वको टकरावको रूपमा सुरु भएको युद्ध चाँडै आधारभूत मानव अस्तित्वको संघर्षमा विकसित हुन सक्छ । यदि डिसेलिनेसन प्लान्टलाई व्यवस्थित रूपमा लक्षित गरियो भने परिणाम केवल आर्थिक संकट मात्र हुनेछैन, बरु अरब प्रायद्वीपमा मानवीय आपत्काल हुनेछ । लाखौँका लागि डिजाइन गरिएका सहरले केही दिनभित्रै आफ्नो पानी आपूर्ति गुमाउन सक्छन् । सरकारले सामाजिक आतंक र सम्भावित सामूहिक विस्थापनको सामना गर्नेछ ।

विडम्बनाको कुरा के छ भने इरान आफैँ पनि यस विशिष्ट खतराको कम जोखिममा छ । यद्यपि, यो देश गम्भीर पानीको अभाव र लामो खडेरीबाट ग्रस्त छ, यो अझै पनि तटीय डिसेलिनेसनको सट्टा नदी, जलाशय र भूमिगत जलभण्डारमा धेरै हदसम्म निर्भर छ । इरानले आफ्नो दक्षिणी तटमा डिसेलिनेसन क्षमता विस्तार गर्न थालेको छ, तर यसको पानी प्रणाली खाडी मुलुकको भन्दा भौगोलिक रूपमा बढी वितरित छ । यो भिन्नताले एक रणनीतिक असन्तुलन सिर्जना गर्छ, जसमा इरानले समान जोखिमको सामना नगरी आफ्ना छिमेकीको जीवनरेखालाई धम्की दिन सक्छ । त्यसैले, हालको युद्धले पश्चिम एसियामा प्राविधिक प्रगतिको गहिरो विरोधाभासलाई उजागर गर्छ । डिसेलिनेसनले दुर्गम मरुभूमि वातावरणमा समृद्ध सहरहरू निर्माण गर्न सम्भव बनायो । तर, यो रूपान्तरणलाई सक्षम बनाउने उही पूर्वाधारले जोखिमको नयाँ रूप पनि सिर्जना गरेको छ ।

- स्क्रोल डटइनबाट

इतिहासमा आज



सन् १९७७ : १६ देखि २० मार्चबिच भएको छैटौँ लोकसभा निर्वाचनमा पराजित भएपछि इन्दिरा गान्धीले प्रधानमन्त्री पदबाट राजीनामा दिइन् । निर्वाचन इन्दिराले लागू गरेको आपत्काल अन्त्यलगत्तै भएको थियो ।

सन् १७६५ : बेलायतको सदनले स्ट्याम्प एक्ट पारित गऱ्यो, यो अमेरिकी उपनिवेशमाथि लागू गरिएको पहिलो प्रत्यक्ष कर थियो ।

सन् १९१७ : रुसमा राजतन्त्र अन्त्यपछि स्थापित अन्तरिम सरकारलाई मान्यता दिने अमेरिका पहिलो देश बन्यो ।

सन् १९४६ : विश्वमा पहिलोपटक रकेट पृथ्वीको वायुमण्डलभन्दा माथि पुग्यो । अमेरिकाले ह्वाइट स्यान्डबाट प्रक्षेपण गरेको उक्त रकेट ५० माइलमाथिको उचाइसम्म पुगेको थियो ।

सन् १९५८ : साउदी अरबका राजा साउदले राजदरबारका शीर्ष सदस्य र धार्मिक गुरुहरूको दबाबसामु झुक्दै फैजललाई प्रधानमन्त्री बनाए । ६ वर्षपछि उनै फैजलले साउदलाई अपदस्थ गरेर आफैँ राजा भए ।

सन् १९६५ : अमेरिकाले भियतनाम युद्धका क्रममा प्रतिद्वन्द्वी फौजविरुद्ध रासायनिक हतियार प्रयोग गरेको स्वीकार गऱ्यो ।

सन् १९९४ : इराकी मूलकी ब्रिटिस आर्किटेक्ट जहा हदिदले आर्किटेक्ट क्षेत्रको सर्वोच्च पुरस्कार प्रिजकर पुरस्कार पाइन् ।

सन् २०१८ : अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले ६० अर्ब डलरबराबरको चिनियाँ आपूर्तिमा कर लगाए ।

सन् २०२२ : नेदरल्यान्डको 'भ्रिज युनिभर्सिटेइट एम्सटरडम'ले सञ्चालन गरेको नयाँ अनुसन्धानमा पहिलोपटक मानिसको रगतमा 'माइक्रोप्लास्टिक' (प्लास्टिकको सूक्ष्म कण) भेटियो ।

भारतको बिहारमा नीतीश कुमारले गरेका सुधार



> नीतीशको पहिलो कार्यकालमा बिहारमा आपराधिक गतिविधि ६८ प्रतिशतले घटेको थियो । उनले विकास निर्माणमा उल्लेख्य सुधार गरे । उनले अल्पसंख्यक, उत्पीडित जाति, महिला र केटीहरूलाई लक्षित कल्याणकारी योजनाको एक खाका सार्वजनिक गरे । फलस्वरूप बिहारमा स्कुल भर्नादर बढ्यो । राज्यमा अन्न उत्पादन दोब्बरले वृद्धि भयो ।

रातको समयमा पटनाको परिक्रमा गर्ने हवाईजहाजबाट देखिने दृश्य भारतको दोस्रो श्रेणीको सहरको हुन सक्छ । उज्याला सडकहरूले ढाकिएको बाक्लो कंक्रिटको कार्पेट, सिसाका किनमेल केन्द्रहरू, करिब आधा काम समाप्त भएको उन्नत मेट्रो लाइन इत्यादि । यद्यपि, धरातलीय दृष्टिले यो स्पष्ट हुन्छ कि यो भारतको सबैभन्दा गरिब राज्य र लगभग १३ करोड मानिसको घर बिहार हो । यो लामो समयदेखि साइकलको बाहुल्य रहेको क्षेत्र हो । साइकल धेरै पहिले सहरी भारतबाट पछि हटेका थिए, किनभने श्रमिक वर्गले स्कुटर र मोटरसाइकल किन्न थाले ।

सडक, बत्ती, किनमेल केन्द्रहरू (अँध्यारोपछि बाहिर निस्कने आत्मविश्वास पनि) नीतीश कुमारको काम हो, जसले विगत २० वर्षमा (नौ महिनाबाहेक) सबै समय मुख्यमन्त्रीको रूपमा राज्य चलाएका छन् । नोभेम्बरमा उनको गठबन्धन पाँचौँपटक कीर्तिमानी जित निकाल्यो । यस महिना कुमारले आफू पद त्याग्ने र भारतको संसद्को माथिल्लो सदनमा जाने घोषणा गरे । आजको बिहार उनका उपलब्धि र उनका कमजोरीको प्रदर्शन हो ।

आयुर्वेदिक डाक्टरको घरमा जन्मेका नीतीशमा सानै उमेरदेखि नै व्यवस्थित हुने चाहना थियो । उनीसँग सम्बन्धित किस्सा धेरै रोचक छन् । उनले घरका कामदारले हरेक दिन नुहाउनुपर्छ भन्ने कुरामा जोड दिए र नुहाउन नचाहनेलाई एन्टिसेप्टिक छर्के, पत्रकार संकर्षण ठाकुरले कुमारको जीवनी 'सिंगल म्यान'मा लेखेका छन् । विश्वविद्यालयमा उनले सफा कोठा कायम राखे र भान्सेहरूलाई साबुनका डल्ला दिए । राजनीतिक काममा सिलसिलामा नयाँ-नयाँ ठाउँमा र घुम्दै सहयोगीको घरमा जाँदा उनले सुत्नका लागि नयाँ तन्ना आफूसँगै लैजान्थे ।

त्यसैले, कहिल्यै पनि व्यवस्थित नभएको बिहार पूर्ण अराजकतामा परिणत हुनुले अझ बढी पीडा दिएको हुनुपर्छ । १५ वर्षसम्म नीतीशले मुख्यमन्त्रीको रूपमा पूर्ववर्ती लालुप्रसाद यादवले राज्यलाई लुटपाट गरेको हेरे । राज्यमा अपहरण, अवाञ्छित गतिविधि, जबर्जस्ती रकम असुल्ने र हत्या गर्ने संस्कार थियो । जब यादवमाथि भ्रष्टाचारको आरोप लगाइयो, उनले आफ्नी निरक्षर पत्नीलाई मुख्यमन्त्रीको रूपमा स्थापित गरे र जेलबाट शासन गरे । अझै पनि धूर्त जातीय गणनाको साथ चुनाव जिते । अर्थतन्त्र स्थिर रह्यो । यादवको अन्तिम कार्यकालमा औसत वार्षिक वृद्धि ३.२ प्रतिशत थियो, जुन राष्ट्रिय दरको आधा हो ।

विनम्र स्वभावका तर चतुर राजनीतिज्ञ नीतीशले भारतीय जनता पार्टी (भाजपा) सँग सम्झौता गरे, जसको उच्च जातको मत आधार थियो । उनले अन्ततः २००५ मा सत्तारोहण गरे र अपराध नियन्त्रण गर्ने काम सुरु गरे । उनको पहिलो कार्यकालमा आपराधिक गतिविधि ६८ प्रतिशतले घटेको थियो । उनले विकास निर्माणमा उल्लेख्य सुधार गरे । सडक र पुल निर्माण गरे । उनले अल्पसंख्यक, उत्पीडित जाति, महिला र केटीहरूलाई लक्षित कल्याणकारी योजनाको एक खाका सार्वजनिक गरे । फलस्वरूप बिहारमा स्कुल भर्नादर बढ्यो । स्वास्थ्य क्लिनिकले आपूर्ति प्राप्त गरे । राज्यमा अन्न उत्पादन दोब्बरले वृद्धि भयो । उनको पहिलो कार्यकालभरि अर्थतन्त्र प्रतिवर्ष औसतमा १० प्रतिशतभन्दा बढीले वृद्धि भयो, जुन समग्र भारतको भन्दा पाँचौँ छिटो वृद्धि हो । सुशासन बाबु, 'मिस्टर गुड गभर्नेन्स'को नामले परिचित नीतिश धेरै हिसाबले गुजरातका तत्कालीन मुख्यमन्त्री तथा भाजपाका नरेन्द्र मोदीका ऐना थिए ।

२०१० सम्ममा मोदीलाई पनि एक असाधारण प्रशासकको रूपमा सम्मान गरिएको थियो । दुवैजना सामान्य पृष्ठभूमिबाट आएका थिए, दुवैले आफ्ना राज्यलाई सूक्ष्म व्यवस्थापन गरे र दुवैले चुनावलाई आफैँमा जनमत संग्रहमा परिणत गरे । फरक यति थियो कि गुजरात पहिले नै समृद्ध थियो । नीतीशले बिहारलाई यसको गहिराइबाट बाहिर निकाल्नुपरेको थियो ।

अर्को ठुलो भिन्नता नीतीश कुमारको धर्मनिरपेक्षताको प्रतिज्ञा थियो । मोदी एक निर्दयी हिन्दु-राष्ट्रवादी हुन् । त्यहीकारण नीतीशले आफ्नो दोस्रो कार्यकालको आधा बाटोमा २०१३ मा भाजपासँग सम्बन्ध तोडेका थिए । बढ्दो अपराध र असीमित अपेक्षासँगै त्यतिन्जेलसम्ममा सुशासन बाबुको सरकारमा चमक आउन थालिसकेको थियो । तैपनि, बिहारको राजनीतिक यथार्थवादले नीतीशलाई फेरि लालु यादवको काखमा फर्काउन बाध्य पाऱ्यो, जसले बिहारलाई ध्वस्त पारेका थिए । नीतीश विगत एक दशक शक्तिमा रहन निर्वाचनमा विभिन्न शक्तिको सहयोग लिन माहिर देखिए । त्यही भएर उनलाई नजिकबाट चिन्नेले कुर्सी कुमारसमेत भन्छन् । उनको ध्यान शासनबाट विचलित भएको छ । उनी अब बिहारमा भाजपासँग फेरि ओछ्यानमा छन् र दिल्लीमा मोदीको सरकारलाई टिकाउन मद्दत गर्नेछन् ।

गत वर्षको विधानसभा निर्वाचनको समयमा नीतीशको एउटा यस्तो शत्रु थियो, जसलाई सबैभन्दा धूर्त राजनीतिज्ञले पनि हराउन सक्दैनथ्यो । अहिले ७५ वर्ष पुगेका उनी निर्विवाद रूपमा पतनको बाटोमा छन् । भारतको माथिल्लो सदनमा सर्दै गर्दा उनले एउटा यस्तो राज्य छाडे, जुन भारतको सबैभन्दा गरिब राज्य नै रह्यो । प्रतिव्यक्ति जिडिपी ८०० डलरभन्दा कम रहेको उक्त राज्य अझै पनि कंगोको बराबर छ । लाखौँ बिहारीहरू कामका लागि अन्य राज्यमा बसाइँ सर्छन् । भ्रष्टाचार अझै पनि व्याप्त छ । तैपनि, उनले एउटा यस्तो राज्य पनि छाडे, जसले आफ्ना नेताबाट बढी आशा गर्न सिकेको छ । बिहारका जनता अब उनीहरू कहाँबाट आएका हुन् भन्ने संकोच मान्दैनन् । ठाकुरले आफ्नो पुस्तकमा भनेझैँ वास्तविक परिवर्तन 'बिहारीहरूको दिमाग र मनोविज्ञानभित्र' छ ।

- द इकोनोमिस्टबाट

श्रीलंकामा अमेरिकी लडाकु विमान अवतरणमा रोक

कोलम्बो/ श्रीलंकाका राष्ट्रपतिले यस महिनाको सुरुमा दुई अमेरिकी लडाकु विमानलाई नागरिक विमानस्थलमा अवतरण गर्न संयुक्त राज्य अमेरिकाको अनुरोधलाई आफ्नो सरकारले अस्वीकार गरेको बताएका छन् । राष्ट्रपति अनुरा कुमारा दिसानायकेले शुक्रबार श्रीलंकाको संसद्लाई बताएअनुसार वासिंटनले मार्च ४ देखि ८ सम्म दक्षिणी श्रीलंकाको मट्टाला राजपक्षे अन्तर्राष्ट्रिय विमानस्थलमा विमान अवतरण गर्न अनुमति मागेको थियो । अमेरिका र इजरायलले इरानविरुद्ध सैन्य आक्रमण सुरु गर्नुभन्दा दुई दिनअघि फेब्रुअरी २६ मा यो अनुरोध गरिएको थियो ।

'तिनीहरू जिबुटीको एउटा बेसबाट आठ एन्टिसिप मिसाइलले सशस्त्र दुई युद्धविमान ल्याउन चाहन्थे,' दिसानायकेले सांसदहरूलाई भने । 'हामीले श्रीलंकाको तटस्थता कायम राख्ने अनुरोधलाई अस्वीकार गर्यौं,' उनले भने । इरानमाथि अमेरिका-इजरायल युद्धले विश्वव्यापी रूपमा व्यापक चिन्ता फैलाएको छ, किनकि मध्यपूर्वमा इरानी क्षेप्यास्त्र र ड्रोन आक्रमणले ऊर्जाको मूल्य बढाएको छ र द्वन्द्व अन्य क्षेत्रमा विस्तार हुने डर बढाएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले पनि वासिंटनका सहयोगीलाई युद्धका लागि थप समर्थन देखाउन दबाब दिइरहेका छन् । हर्मुजको जलमार्गमा युद्धपोतमार्फत सहयोग गर्नका लागि गरेको अमेरिकी अनुरोधलाई अस्वीकार गरेपछि ट्रम्पले नेटो देशलाई कायर भनेर आलोचना गरिरहेका छन् । इरानले युद्धको बिचमा महत्त्वपूर्ण खाडी जलमार्ग अनिवार्य रूपमा बन्द गरेको छ, जसले गर्दा विश्वभरका नेतालाई आफ्नो अर्थतन्त्र र ऊर्जा आपूर्तिमा प्रभाव पारेको छ ।

श्रीलंकाका राष्ट्रपतिले यस महिनाको सुरुमा माटल्ला विमानस्थलमा दुई विमान अवतरण गर्न अमेरिकी अनुरोधलाई अस्वीकार गर्ने निर्णयमा आफ्नो देशको तटस्थता पनि उल्लेख गरे । सोही दिन फेब्रुअरी २६ मा इरानबाट श्रीलंकाको सद्भावना भ्रमण गर्न तीन नौसेना जहाजको अनुमतिका अनुरोध गरिएको पनि दिसानायकेले बताए । 'हामीसामु दुईवटा अनुरोध भएकाले निर्णय स्पष्ट थियो,' उनले भने । द्वन्द्व बढ्ने संकेत देखा पर्दै गर्दा कसैको पक्षधर हुनबाट बच्न सरकारले दुवै देशको अनुरोध अस्वीकार गरेको उनको भनाइ थियो । 'यदि हामीले इरानलाई 'हुन्छ' भनेको भए, हामीले अमेरिकालाई पनि 'हुन्छ' भन्नुपर्ने थियो,' दिसानायकेले थपे ।

अर्थ पत्रिका

नयाँ पत्रिका
आइतबार ८ चैत ०८२

इरान युद्धको असर डलरको मूल्य १५० रुपैयाँमाथि

मिलन विश्वकर्मा/नयाँ पत्रिका



मध्यपूर्वमा देखिएको तनावका कारण नेपाली मुद्रा बजारमा डलरको मूल्य हालसम्मकै उच्च विन्दुमा पुगेको छ। नेपाल राष्ट्र बैंकले शनिबारका लागि एक डलरको खरिद मूल्य १४९.६४ रुपैयाँ र बिक्री मूल्य १५०.२४ रुपैयाँ तोकेको छ, जुन हालसम्मकै उच्च हो।

शुक्रबार डलरको खरिद मूल्य १४७.९२ रुपैयाँ र बिक्री मूल्य १४८.८२ रुपैयाँ तोकिएको थियो। शनिबार त्यो एकैपटक १.७२ रुपैयाँले बढेको हो। राष्ट्र बैंकले आइतबारका लागि डलरको मूल्य सोही विन्दुमा स्थिर राखेको छ।

इजरायल र अमेरिका मिलेर गत २८ फेब्रुअरी (१६ फागुन)मा इरानमाथि गरेको आक्रमण र त्यसपछि मध्यपूर्वी मुलुकमा देखिएको तनावका कारण भारतमा डलरको मूल्य बढ्दै आएको छ। त्यसपछि नेपाली मुद्रा बजारमा पनि डलरको मूल्य स्वतः निरन्तर बढ्दै आएको छ।

नेपाली मुद्रा भारतीय मुद्रासँग पेग (विनिमय दर स्थिर) छ। त्यो अवस्थामा भारतमा डलरको मूल्य बढ्दा नेपालमा बढ्ने र भारतमा घट्दा नेपालमा पनि घट्ने हुन्छ।

मध्यपूर्वमा देखिएको तनावले विश्वव्यापी अर्थतन्त्रमा अनिश्चितता थपेको छ। यो युद्धका कारण विश्वमा इन्धनको मूल्य बढ्नेलगायतका असर देखिएका छन्। विश्वको व्यापारलाई प्रभावित बनाएको छ। आपूर्ति शृंखला पनि प्रभावित बनाएको छ। यी कारणले अबका दिनमा विश्व अर्थतन्त्र प्रभावित हुने देखिएको छ। विश्वका लगानीकर्ताले सुरक्षित लगानीका लागि डलर खरिद गरेका छन्। त्यसमाथि अमेरिकी केन्द्रीय बैंकले ब्याजदर बढाउने संकेत गरिरहेको छ। यी यस्ता कारणले विश्व बजारमा डलरमा माग बढेको छ। यस्तै कारणले पनि विश्व बजारमा डलरको मूल्य बढेको छ। नेपालले स्थिर विनिमय दर नीति लागू गरेको भारतमा पनि डलरको मूल्य बढेको छ। त्यसपछि नेपालमा पनि यसको मूल्य स्वतः बढेको हो।

नेपाल राष्ट्र बैंकका प्रवक्ता गुरुप्रसाद पौडेलले भारतमा मूल्य बढ्दा नेपालमा पनि स्वतः डलरको मूल्य बढेको बताए। 'नेपाली मुद्रा भारतीय मुद्रासँग पेग छ र त्यसकै आधारमा अन्य मुद्राको विनिमय दर निर्धारण गरिन्छ,' उनले भने, 'अहिले पश्चिम एसिया अर्थात् मध्यपूर्वमा भएको तनावले विश्वमा अनिश्चितता बढेको छ। तेलको मूल्यवृद्धि भएको छ। उत्पादन क्षेत्रमा आक्रमण भएका छन्। विश्वका आपूर्ति शृंखला प्रभावित भएको छ। त्यसले गर्दा भारतमा भएको विदेशी लगानी फिर्ता भएको छ। त्यसले गर्दा भारतमा डलरको मूल्य बढ्न गई नेपालमा पनि स्वतः बढेको हो।' भारतमा डलरको माग बढे पनि भारतको केन्द्रीय बैंकले इन्टरभेन्स नगरेको देखिने उनी बताउँछन्। 'भारतबाट विदेशी लगानी फिर्ता भइरहेको छ। त्यसले गर्दा डलरको माग बढेको छ। तर, त्यसमा भारतको केन्द्रीय बैंकले हस्तक्षेप गरेको छैन,' उनले भने, 'त्यसले गर्दा भारतमा मूल्य बढ्न गई नेपालमा पनि बढ्यो।'

मध्यपूर्व तनावकै कारण भारतीय सेयर बजारमा भएको वैदेशिक लगानी पनि फिर्ता भएको नेपाल राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक नरबहादुर थापा बताउँछन्। 'यो युद्धबाट भारतको अर्थतन्त्र पनि नमज्जाले प्रभावित भएको छ। त्यसले गर्दा अहिले भारतको सेयर बजारमा भएको वैदेशिक लगानी फिर्ता भएको छ। पछिल्ला दिनहरूमा मात्रै पाँच अर्ब डलरबराबरको यस्तो लगानी फिर्ता भएका समाचार आइरहेका छन्। यो अवस्थामा भारतीय मुद्रा बलियो हुने कुरा आएन। त्यसले गर्दा भारतमा डलरको मूल्य बढेको छ,' उनले भने, 'त्यसपछि नेपालमा पनि स्वतः यसको मूल्य बढेको हो। नेपालको व्यापार घाटालगायतका कारण पनि नेपाली मुद्रा बलियो हुने स्थिति छैन।'

इरान युद्धले नेपाली अर्थतन्त्र नमज्जाले प्रभावित हुने देखिएकाले सरकार गठन गर्न ढिलाइ गर्न नहुने उनी बताउँछन्। 'इरान युद्धले नेपालको अर्थतन्त्र प्रभावित हुँदै छ। इन्धनदेखि डलरको मूल्य बढिसक्यो। तर, निर्वाचन सकिएको दुई हप्ता हुँदासम्म पनि सरकार गठन गरिएको छैन। किन ढिलो गरिएको छ, त्यो पनि थाहा छैन,' उनी भन्छन्, 'तत्काल सरकार गठन गरेर यसबाट पर्ने असरलाई न्यूनीकरण गर्न अग्रसर हुनुपर्छ।'

दिन	प्रतिडलरको मूल्य
फागुन १६	१४५.८७
फागुन १७	१४५.८७
फागुन १८	१४५.८७
फागुन १९	१४६.६६
फागुन २०	१४६.६६
फागुन २१	१४७.७५
फागुन २२	१४६.८७
फागुन २३	१४७.०९
फागुन २४	१४७.०९
फागुन २५	१४७.०९
फागुन २६	१४८.०३
फागुन २७	१४७.२
फागुन २८	१४७.५७
फागुन २९	१४७.८१
फागुन ३०	१४८.२४
चैत १	१४८.२४
चैत २	१४८.२४
चैत ३	१४८.१८
चैत ४	१४८.१
चैत ५	१४८.५२
चैत ६	१४८.५२
चैत ७	१५०.२४
चैत ८	१५०.२४

स्रोत : नेपाल राष्ट्र बैंक

महँगीमा दबाब सिर्जना गर्ने

डलरको मूल्य बढेपछि मुद्रास्फीतिमा थप चाप तथा दबाब पर्ने देखिएको छ। इरान युद्धका कारण नेपालमा पेट्रोल तथा डिजेलको मूल्य बढिसकेको छ। विश्व आपूर्ति शृंखला प्रभावित हुँदा वस्तुको मूल्य बढ्न थालेको छ। त्यो अवस्थामा अब आधारमूल्यमै आयात महँगो हुँदै छ। त्यसमा डलर मूल्य बढेपछि आयात थप महँगो हुन जानेछ। र, त्यसले महँगीमा दबाब सिर्जना गर्नेछ। मुद्रास्फीति थप बढ्न सक्ने पूर्वकार्यकारी निर्देशक थापा बताउँछन्।

डलरको मूल्य बढ्दाका फाइदा-बेफाइदा

डलरको मूल्य बढेपछि विदेशी मुद्रामा हुने आम्दानी बढ्नेछ। अर्थात्, रेमिट्यान्स, निर्यात, विदेशी पर्यटनमार्फत हुने आम्दानी बढ्नेछ। तर, आयात भने महँगो हुनेछ। यसैगरी, नेपालले तिर्ने वैदेशिक ऋण पनि महँगो हुनेछ। विदेशबाट लिएको ऋण नेपालले डलरमा भुक्तानी गर्नुपर्छ। त्यसले गर्दा डलरको मूल्य बढेको अवस्थामा वैदेशिक ऋणको दायित्व पनि महँगो पर्नेछ। यद्यपि, डलरको मूल्य बढ्नु भनेको नेपाली मुद्रा कमजोर हो।

तर, यसपालि डलरको मूल्य बढ्दा लाभ लिन सकिने ठाउँ भने छैन। इरान युद्धका कारण पर्यटक आगमन प्रभावित भइसकेको छ। त्यो अवस्थामा पर्यटनबाट लाभ लिन सकिने अवस्था छैन। यसैगरी, इरान युद्धका कारण वैदेशिक रोजगार र रेमिट्यान्स प्रभावित हुने देखिन्छ। त्यो अवस्थामा डलर बढेकै कारण रेमिट्यान्सबाट लाभ लिने सम्भावना पनि कमजोर छ।



नेपाल एयरलाइन्सको बेथिति र भ्रष्टाचार छानबिन गर्न समिति गठन

जहाज खरिद तथा मर्मतमा भएको भ्रष्टाचार र निगममा देखिएको बेथितिलगायतका विषयमा छानबिन गरी कार्यान्वयन कार्ययोजनासहितको प्रतिवेदन पेस गर्न सहसचिवको संयोजकत्वमा गठन गरिएको समितिलाई एक महिनाको समयावधि


कृष्ण रिजाल/नयाँ पत्रिका

नेपाल वायुसेवा निगमको बेथिति र जहाजमा भएको भ्रष्टाचारलगायतका विषयको छानबिन गर्न अध्ययन समिति गठन गरिएको छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले सचिवस्तरीय निर्णयबाट निगमको बेथिति र जहाजमा भएको भ्रष्टाचारलगायतको विषयमा प्रमाण संकलन, अध्ययन एवं छानबिन गरी कार्यान्वयन कार्ययोजनासहितको प्रतिवेदन एक महिनाभित्र पेस गर्ने गरी समिति गठन गरिएको हो।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव मुकुन्दप्रसाद निरौलाले निगमको टिकेटिङदेखि जहाज सञ्चालन, मर्मत-सम्भार, सेवा खरिद, कर्मचारीको खटनपटनलगायत विषयमा बथिति देखिएका कारण त्यसको छानबिन गर्न अध्ययन समिति गठन गरिएको जानकारी दिए। 'निगमको साख गिर्दो छ, प्रतिस्पर्धी क्षमता गुम्दो अवस्थामा छ, यस विषयमा छानबिन गर्नुपर्ने भन्दै धेरै गुनासा र सुझाव पनि आएका छन्,' उनले भने, 'त्यसैले निगमको प्रगतिमा देखिएका बाधक विषयहरू पहिल्याउन तथा निगमको प्रतिस्पर्धी क्षमता बढाउन अवलम्बन गर्नुपर्ने उपायबारे सुझाव दिन समिति गठन गरिएको हो।'

मन्त्रालयले नागरिक उड्डयन महाशाखा प्रमुख सहसचिव मुकेश डंगोल संयोजक रहेको पाँच सदस्यीय अध्ययन समिति गठन गरेको छ। समितिका सदस्यहरूमा उपसचिव (लेखा) रमेश पौडेल, कानुन अधिकृत आयाम शर्मा, एटिसी अधिकृत सुवर्णराज भट्टराई र उपसचिव गोकर्णप्रसाद उपाध्याय रहेका छन्। मन्त्रालयले शुक्रबार नेपाल वायुसेवा निगम सुधार कार्ययोजना कार्यादेश (टिओआर)सहित समिति गठनको पत्रसमेत संयोजकलाई पठाइसकेको छ। मन्त्रालयको ५ चैतको सचिवस्तरको निर्णयानुसार निगमको बेथिति र जहाजमा भएको भ्रष्टाचारलगायतको विषयमा प्रमाण संकलन, अध्ययन एवं छानबिन गरी कार्यान्वयन कार्ययोजनासहितको प्रतिवेदन ३० (तीस) दिनभित्र पेस गर्न अध्ययन समिति गठन गरिएको पत्रमा उल्लेख छ।

निगम सुधारका लागि ०५८ यता नौवटा सुझाव समिति तथा कार्यदल गठन भइसकेका छन्। पछिल्लोपटक २६ चैत ०७९ मा पूर्वगभर्नर दीपेन्द्रबहादुर क्षेत्रीको अध्यक्षतामा नेपाल वायुसेवा निगमको संरचनागत एवं व्यवस्थापकीय अध्ययन तथा सिफारिस समिति गठन भएको थियो। समितिले ०८० मा प्रतिवेदन बुझाएको थियो।





निगमको प्रगतिमा देखिएका बाधक पहिल्याउन समिति

● **मुकुन्दप्रसाद निरौला**, सचिव, पर्यटन मन्त्रालय

निगमको टिकेटिङदेखि जहाज सञ्चालन, मर्मत-सम्भार, सेवा खरिद, कर्मचारीको खटनपटनलगायत विषयमा बेथिति देखिएको छ। निगमको साख गिर्दो छ, प्रतिस्पर्धी क्षमता गुम्दो अवस्थामा छ, यस विषयमा छानबिन गर्नुपर्ने भन्दै धेरै गुनासा र सुझाव पनि आएका छन्। त्यसैले निगमको प्रगतिमा देखिएका बाधक विषयहरू पहिल्याउन तथा निगमको प्रतिस्पर्धी क्षमता बढाउन अवलम्बन गर्नुपर्ने उपायबारे सुझाव दिन समिति गठन गरिएको हो।

यस्तो छ समितिको टिओआर

१ **निगम सुधारसम्बन्धी विगतका अध्ययन प्रतिवेदन र वर्तमान अवस्थाको यथार्थ अध्ययन गरी तत्कालीन, मध्यमकालीन र दीर्घकालीन रूपमा कार्यान्वयन गर्न सकिने सुझावको कार्ययोजना तयार गर्ने।**

२ **नेपाल वायुसेवा निगम वा मातहतका कार्यालय र विदेशमा कर्मचारी सरुवा, पदस्थापन, काज, कायममुकायम, निमित्तलगायतको जिम्मेवारी सेवा, समूह, उपसमूह अनुकूल हुने गरी तोकिएको वा नतोकिएको तथा करार वा ज्यालादारीमा नियुक्ति र समग्र कर्मचारी व्यवस्थापनको अवस्था छानबिन गरी सुझावसहित सिफारिस गर्ने।**

३ **निगमको वायुयान प्रयोग गर्ने यात्रुको सुविधाका लागि अनलाइन टिकट बुकिङ सेवाको अवस्था अध्ययन गरी सुधार गर्न सिफारिस गर्ने।**

४ **गन्तव्य क्षेत्रमा उडान गर्ने अन्य वायुसेवा र नेपाल वायुसेवाका यात्रुको संख्या तथा भाडादरसम्बन्धी पछिल्लो ३ महिनाको तथ्यांकको तुलनात्मक अध्ययन गरी सुधारका लागि सिफारिस गर्ने।**

वित्तीय अवस्था कमजोर

यसअघि प्रधानमन्त्री सुशीला कार्कीले निगमको सुधार गर्न निर्देशन दिएकी थिइन्। त्यसपछि कर्मचारी कटौती गर्ने निर्णयसमेत गरिएको थियो। आव ०८०/८१ मा १७ अर्ब ४६ करोडमा सञ्चित नोक्सान रहेको निगमको आव ०८१/८२ मा २० अर्ब नाघ्ने देखिएको छ। जहाज किन्दा लिएको ३४ अर्बबराबरको ऋण बढेर ५२ अर्ब कायम भएको छ। सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा, ०८२ अनुसार निगममा पाँच सय ३९ अस्थायी, दुई सय ७३ करार र दुई सय ६६ ज्यालादारीका रूपमा गरी कुल एक हजार ७८ जना कार्यरत छन्।

सुदनले गरेका थिए छानबिनको माग

नवनिर्वाचित प्रतिनिधिसभा सदस्य सुदन गुरुङले पर्यटन सचिवलाई २८ फागुनमा पत्राचार गर्दै वायुसेवा निगममा बेथिति र भ्रष्टाचार भएको भन्दै तत्काल छानबिन समिति गठन गर्न अनुरोध गरेका थिए। 'प्रस्तुत विषयमा नेपाल वायुसेवा निगमको व्याप्त बेथिति, भ्रष्टाचार भएको व्यहोरा यहाँ अवगत गराउँछु। विगत लामो समयदेखि वायुसेवा निगमको जहाजमा भएको भ्रष्टाचारलाई छानबिन गर्न तत्काल छानबिन समिति गठन गरी आवश्यक कारबाहीका लागि सिफारिस गरिदिनुहुन अनुरोध गर्दछु,' गुरुङले सचिवलाई लेखेको पत्रमा उल्लेख छ।

ज्ञापनपत्र बुझाएलगत्तै नेपाल वायुसेवा निगमको भ्रष्टाचारमाथि औपचारिक छानबिन समिति गठन भई छानबिन सुरु भएको गुरुङले सामाजिक सञ्जालमा उल्लेख गरेका छन्। 'नेपाल वायुसेवा निगमभित्र जरो गाडेर बसेको बेथिति र जहाज खरिददेखि मर्मतसम्मका भ्रष्टाचारविरुद्ध प्रमाणसहितको ज्ञापनपत्र बुझाएपछि मन्त्रालयले तुरुन्तै एक्सन लिँदै उच्चस्तरीय छानबिन समिति गठन गरेको छ। अब वर्षौंदेखिका काला फाइलहरू आधिकारिक रूपमै खोलिनेछन् र प्रतिवेदनका आधारमा कारबाहीको प्रक्रिया अगाडि बढाइनेछ,' उनले फेसबुकमा लेखेका छन्। उनले अब मन्त्रालयको निर्णयअनुसार ३० दिनभित्र छानबिन भई प्रतिवेदन पेस हुने, प्रतिवेदनका आधारमा भ्रष्टाचारमा संलग्नलाई काडा कानुनी कारबाही प्रक्रिया अघि बढाइने उल्लेख गरेका छन्।

युवालाई उद्यमी बनाउँदै जुम्लाका स्थानीय तह

जुम्ला/ यहाँका स्थानीय तहले विदेशबाट फर्किएका युवालाई उद्यमी बनाउने अभियान सुरु गरेको छ। वैदेशिक रोजगारीमा लामो समय बिताएर फर्केका युवाको अनुभव र सिपलाई स्वदेशमा लागू गर्न उद्यमशीलता तालिमबाट प्रशिक्षित बनाउन थालेको हो। तातोपानी र सिँजा गाउँपालिकाले २०-२० जना युवालाई उद्यमी बनाउन थालेको हो। स्थानीय उत्पादनमा आधारित साना उद्योग तथा व्यवसाय सञ्चालन गरी आयआर्जन वृद्धि गर्न उद्यमशीलता तालिम प्रदान गरिने तातोपानी गाउँपालिकाका अध्यक्ष नन्दप्रसाद चौलागाईंले बताए। तातोपानीका आठवटा वडाका २० जना विदेशबाट फर्किएका युवालाई उद्यमशीलता तालिम दिइनेछ। पालिकाले इच्छुक युवालाई सात दिनभित्र सम्पर्कमा आउन आह्वान गरेको छ।

वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिको सिप, अनुभव तथा पुँजीलाई उपयोग गरी स्वदेशमै रोजगारी सिर्जना गर्ने र पुनः बिदेसिनुनपर्ने वातावरण बनाउन युवा उद्यमीको अवधारणा ल्याइएको सिँजा गाउँपालिकाका अध्यक्ष पूर्णप्रसाद धितालले बताए। उनका अनुसार सिँजाका पनि २० जना युवालाई उद्यमशीलता तालिम दिइनेछ।

■ फ्लोरा एक्स्पोमा आकर्षण



काठमाडौं/ काठमाडौंको भृकुटीमण्डपमा ५ देखि ८ चैतसम्म सञ्चालनमा रहेको २७औं फ्लोरा एक्स्पोमा तीन दिनमा करिब ५० हजार दर्शकले अवलोकन गरिसकेको फ्लोरिकल्चर एसोसिएसन नेपाल (फ्यान)ले जनाएको छ। आइतबारसम्म चल्ने एक्स्पोमा ६० हजार दर्शकले अवलोकन गर्ने र एक करोड २० लाख रुपैयाँभन्दा बढीको कारोबार हुने अनुमान गरिएको छ।

हिमपात र वर्षाले पहाडी क्षेत्रका किसानमा छायो खुसी

चिस्यानको अभाव झेलिरहेको बालीमा पर्याप्त पानी पुगेपछि उत्पादनमा सुधार हुने अपेक्षा

ताप्लेजुङमा **केशवप्रसाद भट्टराई**

ताप्लेजुङका उच्च हिमाली क्षेत्रमा पुनः हिमपात हुँदा जनजीवन प्रभावित भएको छ। प्रसिद्ध तीर्थस्थल पाथीभरा मन्दिर क्षेत्रसहित फक्ताङलुङ गाउँपालिकाका याङ्मा, घुन्सा र ओलाङचुङगोलालगायत बस्ती सेताम्मे भएका छन्। योसँगै ०८२ सालमा जिल्लाको हिमाली क्षेत्रमा चौथोपटक हिमपात भएको छ।

मौसमको असामान्य उतारचढावबिच चैत महिनामै परेको हिमपातले उत्तरी हिमाली बस्तीहरू सेताम्मे बनेका छन् भने तल्लो तथा मध्य पहाडी भेगका खेतबारीमा लगाएको बाली सप्रने आसले कृषक खुसी भएका छन्।

हिमपातसँगै परेको वर्षाले जिल्लाको तल्लो र मध्यभेगका किसानलाई भने ठुलो राहत दिएको छ। लामो समयदेखि पानी नपर्दा सुक्खा भएको 'खोल्सीको कालो सुन' भनेर चिनिने अलैंची बालीमा ठुलो राहत मिलेको छ। किसानका अनुसार पानीपछि बोटहरू पुनर्जीवित हुन थालेका छन्। जसले उत्पादन बढ्ने आशा जगाएको छ। फुडलिङ नगरपालिका- ६ का कृषक हर्क गुरुङले 'अलैंची बगान सुक्ने डर थियो, पानी परेपछि अलैंचीमा राहत मिलेको र अब उत्पादन राम्रो हुने अपेक्षा गरेको बताउँछन्।

कृषि प्राविधिक पनि यो वर्षा अलैंचीका लागि निर्णायक साबित हुन सक्ने बताउँछन्। चिस्यानको अभाव झेलिरहेको बालीमा पर्याप्त पानी पुगेपछि उत्पादनमा सुधार हुने सम्भावना बढेको उनको भनाइ छ। अलैंचीसँगै मकै, गहुँ, तोरी तथा तरकारी बालीमा समेत राहत भएको स्थानीयको भनाइ छ। लामो खडेरीका कारण सुक्खा बनेको जमिनमा पानी परेपछि बिउ उम्रने दर बढ्ने, बोट मजबुत हुने र उत्पादनमा सुधार आउने अपेक्षा गरिएको छ। किसानहरू लामो समयपछि राहतको महसुस गर्दै आगामी उत्पादनप्रति आशावादी बनेका छन्। यद्यपि, चैतमै हिमपात हुनु सामान्य नभएको बताइन्छ। पछिल्ला वर्षहरूमा मौसमको ढाँचा अनियमित बन्दै गएको र जलवायु परिवर्तनको संकेतका रूपमा समेत हेरिएको छ। असामयिक वर्षा र हिमपातले तत्काल कृषिमा फाइदा पुऱ्याए पनि दीर्घकालीन रूपमा मौसमको अनिश्चितता बढाउने जोखिम रहेका बताइन्छ।



ताप्लेजुङको अर्थतन्त्रको मेरुदण्डका रूपमा रहेको अलैंची खेती पछिल्ला वर्षहरूमा रोग, सुक्खा र बजार मूल्यको अस्थिरताका कारण संकटमा परेको थियो। यस्तो अवस्थामा परेको वर्षाले उत्पादन बढ्ने आशा पुनर्जीवित गरेको छ। यदि आगामी दिनमा मौसम अनुकूल रह्यो भने यस वर्ष अलैंची उत्पादनमा उल्लेख्य सुधार आउने अनुमान गरिएको छ। जसले जिल्लाको अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्न सक्छ।

हिउँदे वर्षाले रामेछापका किसान उत्साहित

रामेछापमा **दीपक भट्ट**

लामो समयसम्म पानी नपरेर खडेरीका कारण चिन्तित बनेका रामेछापका किसान हिउँदे वर्षा भएसँगै खुसी भएका छन्। खेत तथा पाखो बारीमा लगाइएका विभिन्न बाली सुक्ने अवस्थाबाट जोगिएपछि किसानले राहतको अनुभूति गरेका छन्। जिल्लाभरका किसानले गहुँ, मकै, आलु, प्याज, लसुन, धनियाँलगायतका बालीहरू ठुलो मिहिनेतका साथ लगाएका थिए। तर, समयमा वर्षा नहुँदा बाली सुक्ने अवस्था देखेर उनीहरू चिन्तित थिए। मन्थली नगरपालिका- १ का किसान हरिराम भुजेलले खडेरीका कारण बाली नष्ट हुने अवस्था आए पनि अहिलेको वर्षा किसानका लागि वरदान साबित भएको बताए। 'हजारौं रुपैयाँ खर्चेर खरिद गरिएको उन्नत बिउबाट लगाएको बाली सुक्न लागेको थियो, अहिले पानी परेपछि बाली सप्रिएको छ,' उनले भने।

रामेछाप नगरपालिका- १, गोठगाउँकी कृषक अप्सरा सापकोटाले वर्षाले माटोमा चिस्यान बढेपछि बालीको वृद्धि पुनः सक्रिय भएको र उत्पादनसँगै गुणस्तरमा समेत सुधार आउने अपेक्षा गरिएको बताइन्। जिल्लाका आठवटै स्थानीय तहका धेरै स्थानमा सिँचाइ सुविधा नपुगेका कारण किसान अकासेपानीमै निर्भर छन्। हिउँदे वर्षासँगै उच्च लेकाली क्षेत्रमा किसान मकै छर्न व्यस्त भएका छन् भने तल्लो तटीय क्षेत्रमा किसान बारी जोत्न र मल हाल्नमा जुटेका छन्। वैशाख महिनामा मकै छर्ने तयारी भइरहेका वेला पानी परेपछि किसानमा थप उत्साह देखिएको छ।

१० अर्ब पुँजीको फन्ड तत्काल अघि बढाउन एनआरएनएको अग्रसरता

काठमाडौं/ नेपाल सरकार र गैरआवासीय नेपालीको संयुक्त लगानीमा स्थापना भएको १० अर्ब पुँजीको एनआरएन नेपाल डेभलपमेन्ट फन्ड तत्काल सञ्चालनमा ल्याउन गैरआवासीय नेपाली संघ (एनआरएनए)ले अग्रसरता देखाएको छ। एनआरएनएको नवनिर्वाचित कार्यसमितिले कोषलाई तत्काल अघि बढाउने निर्णय गरेको हो। (एनआरएनए) अन्तर्राष्ट्रिय समन्वय परिषद्को नवनिर्वाचित कार्यसमितिको पहिलो बैठकले फन्ड तत्काल सञ्चालनका लागि आवश्यक नियमकीय व्यवस्था गर्न नेपाल सरकारलाई अनुरोध गर्ने तथा पुँजी परिचालनका लागि विभिन्न देशमा 'रोड सो' कार्यक्रम गर्ने निर्णय गरेको हो।

नेपाल सरकारको पाँच प्रतिशत, एनआरएनए संस्थापकको १० प्रतिशत र विश्वभर छरिएर रहेका एनआरएनको ८५ प्रतिशत लगानी हुने गरी १० अर्ब पुँजीको कोष स्थापना गरिएको छ। तर, सेयर संरचना र पुँजी लगानीको प्रक्रिया अझै टुंगिएको छैन। त्यस्तै, कानुनी तथा नियामकीय व्यवस्थासमेत अझै पूर्ण भइसकेको छैन।

हालै सम्पन्न एनआरएनएको १२ औं अधिवेशनबाट निर्वाचित कार्यसमितिको पहिलो बैठक तथा भावी कार्ययोजनासम्बन्धी कार्यशाला गोष्ठीले एनआरएनको आथिक लगानी बढाउने तथा त्यसका लागि एनआरएन फन्ड तत्काल सञ्चालनमा ल्याउन पहल गर्ने निर्णय गरेको प्रवक्ता सोमनाथ सापकोटाले जानकारी दिए। 'नेपाल सरकार तथा गैरआवासीय नेपालीको संयुक्त लगानीमा स्थापना भएको १० अर्ब पुँजीको एनआरएन नेपाल डेभलपमेन्ट फन्डको तत्काल सञ्चालनका लागि आवश्यक नियामक व्यवस्था गर्न नेपाल सरकारलाई अनुरोध गर्ने' बैठकको निर्णयमा उल्लेख छ, 'त्यस्तै, उक्त फन्डमार्फत गैरआवासीय नेपालीको पुँजी परिचालन गर्न यस एनआरएनएअन्तर्गतका ६ वटा अमेरिका, एसिया, ओसेनिया, मध्यपूर्व-मलेसिया, अफ्रिका र युरोपमा क्रमिक रूपमा रोड सो कार्यक्रम आयोजना गरी लगानीकर्ता आकर्षित गर्ने।'

नवनिर्वाचित अध्यक्ष डा. हेमराज शर्माको अध्यक्षतामा तीन दिनसम्म चलेको बैठक शुक्रबार सम्पन्न भएको हो।

मानवसेवा आश्रमलाई नबिल बैंकको अटो सहयोग

काठमाडौं/ नबिल बैंक लिमिटेडले धनुषाको जनकपुरस्थित मानवसेवा आश्रमलाई सेवावाहन (अटो) हस्तान्तरण गरेको छ। आश्रममा शुक्रबार आयोजित एक कार्यक्रममा नबिल बैंकका प्रमुख कार्यकारी अधिकृत (सिइओ) मनोजकुमार ज्ञवालीले उक्त सेवावाहन आश्रमका अध्यक्ष रामजी अधिकारीलाई हस्तान्तरण गरेका हुन्। बैंकले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत सहयोग गरेको हो।

आश्रमका अभिभावक पवन सिंघानियाले आश्रमको सेवाप्रवाह तथा दैनिक कार्य गर्न कठिनाइ भइरहेको अवस्थामा बैंकबाट प्राप्त सेवावाहनका कारण थप सहज हुनेमा विश्वास व्यक्त गरे। बैंकका सिइओ ज्ञवालीले सडकआश्रित मानवहरूको उचित व्यवस्थापनका लागि आश्रमले गरेको कार्य सराहनीय भएको बताए।



उनले मानवजातिको सेवा र हितसँग जोडिएका हरेक काम गर्न बैंक सधैं तयार रहेको उल्लेख गर्दै मानवसेवा आश्रमलाई सहयोग गर्न पाउनु समाजप्रतिको दायित्व वहन गर्नुजस्तै भएकाले भविष्यमा पनि यस्ता कार्यका लागि साझेदारी गर्न बैंक तयार रहेको धारणा राखे। मानवसेवा आश्रमका प्रमुख संस्थापक रामजी अधिकारीले अटोको अभावमा जनकपुरमा रहेको आश्रममा दैनिक कार्य गर्न तथा लक्षित मानवलाई सेवा दिन कठिन भइरहेको अनुभव सुनाए। यस्तो अवस्थामा नबिल बैंकद्वारा सहयोगस्वरूप प्राप्त सेवावाहनबाट उक्त सेवालाई सहज र शीघ्र बनाउन सहयोग पुग्ने उनले बताए।

'सडक आश्रित मानवको उद्धार तथा आश्रममा दिने दैनिक सेवा तथा सहयोगमा समस्या बेहोरिरहेका थियौं। अटो प्राप्त भएपछि यो सेवालाई सहज बनाउन सकिने विश्वास लिएका छौं। यस पुण्य कार्यका लागि नबिल बैंकप्रति हामी आभारी छौं,' उनले भने। नबिल बैंकले यसअघि पनि मानवसेवा आश्रमलाई दुईवटा उद्धार वाहन उपलब्ध गराएको थियो। बैंकले 'नबिल एसएसई'मार्फत बैंकले सामाजिक उद्यमशीलता, विकास र रोजगारी सृजना मार्फत दिगो विकासमा योगदान पुऱ्याउँदै आएको छ।

इनफिनिक्सको ब्रान्ड एम्बासडरमा क्रिकेटर ऐरी

काठमाडौं/ स्मार्टफोन ब्रान्ड इनफिनिक्स नेपालले आफ्नो ब्रान्ड एम्बासडरमा राष्ट्रिय क्रिकेट टिमका खेलाडी दीपेन्द्रसिंह ऐरीलाई नियुक्त गरेको छ। ऐरीको नियुक्तिलाई नेपाली युवा क्रिकेटप्रेमीसँगको सम्बन्धलाई थप मजबुत बनाउने महत्त्वपूर्ण कदमका रूपमा लिइएको कम्पनीले जनाएको छ।

'निर्भीक खेलशैली र अन्तर्राष्ट्रियस्तरमा कीर्तिमानी प्रदर्शनका लागि परिचित ऐरी महत्त्वाकांक्षा, गति र नयाँ पुस्ताको प्रदर्शनको प्रतीक हुन्,' कम्पनीले भनेको छ, 'यी सबै गुण इनफिनिक्सको आजको पुस्ताका लागि शक्तिशाली र स्टाइलिस स्मार्टफोन उपलब्ध गराउने दृष्टिकोणसँग मेल खान्छ।'

कम्पनीले बहुप्रतीक्षित नोट सिरिज सार्वजनिक गर्ने तयारी गरिरहेको छ। यो सिरिजले आफ्नो सेग्मेन्टमा प्रदर्शन, डिजाइन र प्रयोगकर्ता अनुभवलाई नयाँ स्तरमा पुऱ्याउने लक्ष्य राखेको कम्पनीले जनाएको छ। यस रणनीतिक कदममार्फत इनफिनिक्सले नेपालमा आफ्नो उपस्थितिलाई अझ बलियो बनाउने कम्पनीको दाबी छ।

बुद्धभुमी नेपाल हाइड्रोपावर कम्पनी लिमिटेड
BUDDHABHUMI NEPAL HYDROPOWER COMPANY LIMITED

रजिष्ट्रर्ड कार्यालय: पानीपोखरी, महाराजगञ्ज-३, काठमाण्डौ, फोन नं. ०१-४५३०१५०
इमेलः lowertadi@gmail.com वेभसाईटः www.buddhabhuminepalhydro.com.np

को

हकप्रद शेयर निष्काशन सम्बन्धी सूचना

श्री बुद्धभुमी नेपाल हाइड्रोपावर कम्पनी लिमिटेडको मिति २०८२/१०/२९ गतेसम्म कायम सावित शेयरधनीहरुका लागि १ शेयर बराबर नयाँ १ शेयर (१ : १) को अनुपातमा प्रति शेयर रु.१००/- अंकित दरको ४०,००,००० कित्ता हकप्रद शेयरको निष्काशन तथा बिक्री खुल्ला यही **मिति २०८२/१२/२२ गतेका दिन देखि २०८३/०१/१३ गते**सम्म गरिने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। यस हकप्रद शेयर निष्काशन सम्बन्धी विस्तृत जानकारीको लागि मिति २०८२/१२/०६ गतेको "नयाँपत्रिका" राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरिएको हुँदा उक्त सूचना हेर्नु हुन अनुरोध गर्दछौं।

सि.नं.	हकप्रद शेयर खरिदका लागि दरखास्त पाइने र दरखास्तसाथ रकम बुझाउने स्थानहरुः
१.	श्री बुद्धभुमी नेपाल हाइड्रोपावर कम्पनी लिमिटेड, पानीपोखरी, महाराजगञ्ज, काठमाण्डौ।
२.	श्री एन आई सी एशिया क्यापिटल लिमिटेड, थापाथली, काठमाण्डौं।
३.	श्री बुद्धभुमी नेपाल हाइड्रोपावर कम्पनी लिमिटेड, जलविद्युत गृह रहेको स्थान थप्रेक, पञ्चकन्या गाउँपालिका वडा नं. ४, नुवाकोट।
४.	श्री एन आई सी एशिया बैंक लिमिटेडको शाखा कार्यालयहरु क्रमश : विराटनगर, विरगञ्ज, नारायणघाट, पोखरा, बुटवल, नेपालगञ्ज, धनगढी र सुर्खेत।
५.	श्री नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरुबाट सि- आस्वा (CASBA) प्रणाली मार्फत समेत आवेदन दिन सकिने छ तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "**मेरो शेयर**" अनलाइन प्रयोग गरी सि-आस्वा (CASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक:
एन आई सी एशिया क्यापिटल लिमिटेड
थापाथली-११, काठमाडौं
फोनः ९७७-१-५७०५९९४, फ्याक्सः ९७७-१-५७०६४५८
Email: info@nicasiacapital.com
Website: www.nicasiacapital.com

एभरेष्ट बैंकको ०८३ को क्यालेन्डर सार्वजनिक



काठमाडौं/ एभरेष्ट बैंकले नयाँ वर्ष ०८३ को क्यालेन्डर सार्वजनिक गरेको छ। ०८३ को क्यालेन्डरमा उन्नाइसौं शताब्दीको मध्यदेखि सुरु भएको र महादेशीय दृष्टिकोणले समेत महत्त्वपूर्ण मानिने 'नेपालको विकास यात्रा : नवप्रवर्तनका आयाम'लाई मुख्य विषयवस्तुका रूपमा प्रस्तुत गरिएको बैंकले जनाएको छ। बैंकले लामो समयदेखि नेपालको धर्म, संस्कृति, पर्यटन तथा पुरातात्त्विक महत्त्वका विषयवस्तुलाई समेटेर आफ्नो कर्पोरेट क्यालेन्डर प्रकाशन गर्दै आएको छ।

एक कार्यक्रमबिच बैंक सञ्चालक समितिका अध्यक्ष डा. बालगोपाल वैद्यले नयाँ वर्षको क्यालेन्डर सार्वजनिक गरेका हुन्। उक्त समारोहमा बैंकका सञ्चालकलगायत अन्य उच्च पदस्थ अधिकारीको उपस्थिति थियो। बैंकले देशभरमा एक सय ३३ शाखा सञ्जाल, चार एक्सटेन्सन काउन्टर, सात प्रादेशिक कार्यालय र एक सय ६३ वटा एटिएम सञ्चालनमा छन्। साथै, नेपाल सरकारको राजस्व संकलनका लागि ३३ वटा संकलन केन्द्रबाट समेत सेवा दिँदै आइरहेको छ।

रमेश कर्पले मनायो छैटौं संस्थापक दिवस

काठमाडौं/ रमेश कर्पले आफ्नो छैटौं संस्थापक दिवस मनाएको छ। 'सधैं सँगै, हरेक पलमा' भन्ने मूल नारासहित आयोजित यस कार्यक्रमले कर्मचारी र व्यवस्थापनबिच एकता, कृतज्ञता र साझा लक्ष्यको अनुभूति सिर्जना गराएको थियो।

कार्यक्रम अवधिभर खेलकुद, सांगीतिक प्रस्तुति, मनोरञ्जन र स्वादिष्ट परिकारका स्टल राखिएको थियो। यो कार्यक्रमले रमेश कर्प परिवारका सदस्यबिच सहकार्य र सम्बन्ध बलियो बनाउने अवसर प्रदान गरेको कम्पनीले जनाएको छ।

रमेश कर्पमा संस्थापक दिवस वार्षिक रूपमा चैत ६ मा मनाउँदै आइएको छ। यो दिवसमा स्व. अध्यक्ष इमेरिट्स रमेश गुप्ताको जन्मजयन्तीको सम्झना गरिन्छ। कम्पनीका संस्थापकको दूरदर्शी नेतृत्व, अग्रणी सोच, गतिशीलता, वास्तविकता र व्यावसायिकताले कम्पनीको आधार तयार पारेको बताइएको छ। यस दिनले ती मूल्यहरूलाई पुनः पुष्टि गर्दै संस्थापकको योगदानको सम्मान गरेको छ।



यस अवसरमा कर्मचारीलाई उनीहरूको योगदानस्वरूप सम्मान गरिएको थियो। जसमा फाउन्डर लोएल्टी अवार्ड, रमेश गुप्ता भिजनरी लिडरसिप अवार्ड, रमेश गुप्ता राइजिङ लिडर अवार्ड, फाउन्डर्स स्टार प्रफर्मर अवार्ड, राइजिङ स्टार अवार्ड र एक्सिलेन्स इन लिडरसिप अवार्ड समावेश थिए।

रमेश कर्पले ६ वर्षको सफल यात्रा पूरा गर्दै नवप्रवर्तन, सुदृढ साझेदारी र व्यक्तिगत विकास तथा नेतृत्व सशक्तीकरणमा निरन्तर लागिरहेको छ। संस्थापकको दृष्टिले मार्गनिर्देशन र कर्मचारीको समर्पणले ऊर्जा प्राप्त गरी, रमेश कर्प नयाँ उपलब्धि र अवसरको खोजीमा सँगै अघि बढिरहेको कम्पनीको भनाइ छ।

प्रभु बैंकको देशभर वित्तीय साक्षरता

काठमाडौं/ 'ग्लोबल मनी विक-२०२६' अन्तर्गत प्रभु बैंकले देशका विभिन्न स्थानमा वित्तीय साक्षरता कार्यक्रम गरेको छ। बैंकले यस वर्षको 'स्मार्ट मनी टक' नारासहित वित्तीय साक्षरता कार्यक्रम गरेको हो।

मकवानपुरस्थित बैंकको बज्रवाराही शाखाले थाहा नगरपालिका- १० स्थित नाटेश्वर माध्यमिक विद्यालयका विद्यार्थीमाझ वित्तीय साक्षरता सञ्चालन गरेको हो। उक्त कार्यक्रममा कक्षा ११ र १२ का करिब ४० जना विद्यार्थी सहभागी भएका थिए। त्यसैगरी, रौतहटस्थित चन्द्रनिगाहपुर शाखाले श्री माध्यमिक विद्यालय, जुडिबेलामा पनि कार्यक्रम सञ्चालन गरेको छ।

बैंकको बागलुङ शाखाले धौलागिरि बहिरा आवासीय तथा प्राविधिक विद्यालयमा वित्तीय साक्षरता गरेको छ भने वालिङ शाखाले प्रभातफेरीसहित वालिङ बहुमुखी क्याम्पसमा कार्यक्रम गरेको छ।



त्यसैगरी, बैंकका विभिन्न शाखाहरू मुर्गिया, वीरगन्ज, छिन्केत, मित्रपार्क, रौतामाई, कुस्मा, माछापुच्छे, झलारी, इनरुवा, काँकडभिट्टा, दुलेगौंडा, हात्तीसुँडे, अछाम, तीनपैनी, जितपुर, बडिकेदार, धनकुटालगायतका शाखाले पनि विश्व लगानी सप्ताह-२०२६ का अवसरमा वित्तीय साक्षरतासम्बन्धी विभिन्न कार्यक्रम आयोजना गरेको हो।

धनकुटामा माछापुच्छ्रेको प्रभातफेरी

धनकुटा/ वित्तीय साक्षरता कार्यक्रम प्रदान गर्न धनकुटामा प्रभातफेरी निकालेको छ। माछापुच्छ्रे बैंकले धनकुटा शाखाको अगुवाइमा बैंक तथा वित्तीय संस्थाले चौधौं ग्लोबल मनी सप्ताहअन्तर्गत प्रभातफेरी निकालिएको हो। धनकुटा बसपार्कबाट सुरु भएको प्रभातफेरी च्याली मदनचोक, परिचयमोड, भीमसेनथान हुँदै भीमनारायण चोकमा पुगेर कोणसभामा परिणत भएको थियो। पिन, पासवर्ड र ओपिटी गोप्य राखौं, आजको बचत भोलिको सुरक्षित भविष्य, आम्दानी-परियोजनाअनुसार ऋण लिऔं, समयमै किस्ता तिरौंलगायतका नारा लेखिएका प्लेकार्डसहित प्रभातफेरी निकालिएको थियो।



कोणसभामा बोल्दै माछापुच्छ्रे बैंक धनकुटाका शाखा प्रमुख होमराज अधिकारीले धनकुटा नगरवासीलाई वित्तीय साक्षरता प्रदान गर्ने उद्देश्यले प्रभातफेरी कार्यक्रमको आयोजना गरिएको बताए। विभिन्न बैंक वा वित्तीय संस्थाबाट अवैध रूपमा पैसा प्राप्त गर्न आपराधिक क्रियाकलाप हुने गरेकाले सबै सेवाग्राही सतर्क रहन पनि शाखा प्रमुख अधिकारीले आग्रह गरे। प्रभातफेरी कार्यक्रममा धनकुटा बजारमा सञ्चालनमा रहेका विभिन्न बैंक तथा वित्तीय संस्थामा कार्यरत प्रमुख तथा प्रतिनिधिको सहभागिता रहेको थियो।

धम्बोझीमा १५ करोड लगानीमा होटेल कान्तिपुर



काठमाडौं/ पश्चिम नेपालको प्रमुख व्यापारिक तथा पर्यटकीय केन्द्र नेपालगन्जको धम्बोझी चोकमा करिब १५ करोड रुपैयाँ लगानीमा निर्मित 'होटेल कान्तिपुर प्लाजा' औपचारिक रूपमा सञ्चालनमा आएको छ।

युवा उद्यमी तथा सञ्चालक ऋषिराम कँडेलका अनुसार दुईतारे मापदण्डअनुसार निर्माण गरिएको यो होटल ०८२ चैत ६ गतेदेखि पूर्ण रूपमा सञ्चालनमा आएको हो। नेपालगन्ज आउने व्यावसायिक प्रतिनिधि, आन्तरिक तथा बाह्य पर्यटक तथा विशिष्ट पाहुनालाई स्तरीय आतिथ्य सेवा प्रदान गर्ने लक्ष्यसहित होटेल सञ्चालनमा ल्याइएको उनले जानकारी दिए।

होटेलमा कुल २७ वटा सुविधासम्पन्न कोठा रहेका छन्, जसमा विलासी अनुभवका लागि दुईवटा स्विट रुमसमेत उपलब्ध छन्। सबै कोठामा एसी तथा २४सै घण्टा तातोपानीको व्यवस्था गरिएको छ। पाहुनाहरूको सहजताका लागि आठ जना अट्ने आधुनिक लिफ्ट पनि जडान गरिएको छ। डिजिटल सेवालाई प्राथमिकता दिँदै होटेलमा ई-सेवालगायतका विभिन्न प्लाटफर्ममार्फत कोठा बुकिङ गर्न सकिने व्यवस्था गरिएको छ।

त्यसैगरी, होटेलमा ६० जना क्षमताको सभाहल, ५० जना क्षमताको रेस्टुरेन्ट र ३० सिट क्षमताको कफी क्याफे सञ्चालनमा छन्। सवारीसाधनको सुरक्षाका लागि अन्डरग्राउन्ड पार्किङको सुविधासमेत उपलब्ध गराइएको छ। धम्बोझी चोकजस्तो व्यस्त व्यापारिक केन्द्रमा सञ्चालनमा आएको यस होटेलले स्थानीयस्तरमा रोजगारी सिर्जना गर्नुका साथै नेपालगन्जको आर्थिक तथा पर्यटकीय गतिविधिमा टेवा पुग्ने अपेक्षा गरिएको छ।

कस्मेटिक व्यवसायी संघको १३औं वार्षिकोत्सव सम्पन्न

प्राकृतिक स्रोतको उपयोग गरी कस्मेटिक उद्योगलाई आत्मनिर्भर बनाउन जोड

काठमाडौं/ नेपाल कस्मेटिक व्यवसायी संघको १३औं वार्षिकोत्सव तथा 'सौन्दर्य उद्योगको दिगो यात्रा' विषयक कस्मेटिक स्मारिका २०८२ विमोचन गरिएको छ।

कार्यक्रममा वक्ताहरूले नेपालमा पाइने बहुमूल्य जडीबुटी तथा प्राकृतिक स्रोतहरूको उपयोग गरी कस्मेटिक उद्योगलाई आत्मनिर्भर र अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी बनाउन सकिनेमा जोड दिएका छन्। उनीहरूले कच्चा पदार्थ निर्यात गरेर मात्र सीमित रहने पुरानो प्रवृत्ति अन्त्य गर्दै अब नेपालले तयारी वस्तु उत्पादन गरी निर्यात गर्ने दिशामा अघि बढ्नुपर्ने धारणा राखे। कार्यक्रममा आर्थिक वर्ष ०८१/८२ को आय-व्यय विवरण पनि प्रस्तुत गरिएको थियो। संघले आफ्नो गतिविधि, उपलब्धि र भावी योजनाबारे जानकारी गराउँदै कस्मेटिक क्षेत्रलाई व्यवस्थित, गुणस्तरीय र विश्वसनीय बनाउन प्रतिबद्धता व्यक्त गरेको छ।



कार्यक्रम समापनका क्रममा वक्ताहरूले सरकार र निजी क्षेत्रबिच सहकार्य बढाउँदै नीति, लगानी र प्रविधिको उचित संयोजनमार्फत नेपाली उद्योगलाई सशक्त बनाउने समय आएको बताएका थिए। कार्यक्रमले सौन्दर्य उद्योगको दिगो विकासका लागि साझा प्रतिबद्धता व्यक्त गर्दै 'नेपालमै उत्पादन, नेपालमै प्रयोग र विश्वबजारमा निर्यात' भन्ने सोचलाई व्यवहारमा रूपान्तरण गर्नुपर्ने सन्देश दिएको छ।

Invitation for online sealed Quotations

Office of Phaktanglung Rural Munipality

Tapethok, Taplejung
Province no. 1, Nepal

Invitation for Quotations for the ***Guruyojnako Aadharma Sun devi ma vi Bhawan Nirman***
Contract Identification No: **FRM/W/SQ/GASB/2082/083/01**

1. ***Phaktanglung Rural Municipality*** invites sealed quotations for the ***Guruyojnako Aadharma Sun devi ma vi Bhawan Nirman.*** The estimated amount including VAT and PS for the works is ***1536158.***
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Phaktanglung Rural Municipality Tapethok,Taplejung,phaktanglungmun@gmail.com 9852660485 , 9852660491****[or may visit PPMO website www.bolpatra.gov.np.]*
3. Eligible Bidders **submitting their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP[www.bopatra.gov.np/egp]. Bidders, must submitting their bid electronically, should deposit the cost of bidding document in the following account**

   Name of the Bank: Global IME Bank

   Name of Office: Phaktanglung Rural Municipality

   Office Code no.: *Office Account no.:* Ga.1.1 Aantarik Rajaswo Khata Phaktanglung S50401000001
4. Sealed bids must be submitted to the office of Phaktanglung Rural Municipality *through e-GP system i.ewww.bopatra.gov.np/egp]*on or ***before 12:00 on 2082/12/22.***Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***13:00 on 2083/01/07*** at the office of *Phaktanglung Rural Municipality*. Bids must be valid for a period of ***45*** days after bid opening and must be accompanied by a bid security amounting to a minimum of NRs.**40,000 (Forty Thousand Rupees Only)** which shall be valid for 30 days beyond the validity period of the bid**.**
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

सानिमा माई हाइड्रोपावर लिमिटेड

(कम्पनी ऐन, २०६३ बमोजिम स्थापित संस्था)
का.म.न.पा. वडा नं. ४, काठमाण्डौ
फोन नं. ४-३७३०३०, ४-३७२८२८
Website : www.maihydro.com, E-mail : sanimamai@sanimahydro.com

चौधौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(**प्रथम पटक प्रकाशित मिति : २०८२/१२/०३ गते, हिमालय टाईम्स राष्ट्रिय दैनिक**)

श्री शेयरधनी महानुभावहरु,

यस सानिमा माई हाइड्रोपावर लिमिटेडको सञ्चालक समितिको मिति २०८२ फाल्गुन २८ गते बसेको बैठकको निर्णयानुसार यस कम्पनीको चौधौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा देहायका विषयहरु उपर छलफल गरी निर्णय गर्न बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

सभा हुने मिति, समय र स्थान :

मिति : २०८२ साल चैत्र २९ गते (तदनुसार १२ अप्रिल, २०२६) आईतबार।
समय : बिहान ११ बजे।
स्थान : सेलिब्रेशन हाईट, सुकेधारा, काठमाण्डौ।

वार्षिक साधारण सभाका प्रस्तावहरु:

१. चौधौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ साल आषाढ मसान्त सम्मको वासलात, आ.व. २०८१/०८२ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वार्षिक वित्तिय विवरणसँग सम्बद्ध अनुसूचीहरु समेत छलफल गरी पारित गर्ने।
३. लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम आ. व. २०८२/०८३ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने तथा पारिश्रमिक निर्धारण गर्ने।
४. शेयरधनीहरुबाट प्रतिनिधित्व गर्ने दुई जना सञ्चालकहरुको निर्वाचन गर्ने।
५. विविध।

वार्षिक साधारण सभा सम्बन्धी सामान्य जानकारीहरु :

१. वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८२/१२/१२ गते एक दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द गरिने छ। नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८२/१२/११ गतेसम्म कारोबार भई, सिडिएस एण्ड क्लियरिङ्ग लि. बाट राफसाफ भएको र कम्पनीको शेयर रजिष्ट्रार सानिमा क्यापिटल लि. को अभिलेखमा दर्ता भएका शेयरधनीहरु सो सभामा भाग लिन योग्य हुनेछन्।
२. वार्षिक साधारण सभामा उपस्थित शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभास्थलमा सभा हुने दिन बिहान ९ बजे देखि सभा सञ्चालन रहेसम्म खुल्ला रहने छ।
३. वार्षिक साधारण सभामा भाग लिन आउनु हुने शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने प्रमाण कागज तथा हितग्राही खाता खोलि शेयर अभौतिकीकरण गरिएको विवरण देखिने DEMAT Account Statement वा शेयर प्रमाणपत्र साथमा लिई आउनु हुन अनुरोध छ, अन्यथा सभाकक्ष भित्र प्रवेश गर्न पाइने छैन।
४. सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि कम्पनीको संक्षिप्त आर्थिक विवरण यसै साथ प्रकाशित गरिएको छ। आर्थिक विवरण लगायतका वार्षिक साधारण सभामा पेश हुने सम्पूर्ण प्रस्तावहरु तथा साधारण सभा सम्बन्धी अन्य जानकारीको लागि कम्पनीको Website : www.maihydro.com मा पनि हेर्न सक्नु हुनेछ।
५. सभामा आफु उपस्थित नभई प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले सभा सुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगावै यस कम्पनीको केन्द्रीय कार्यालय धुम्वाराही, काठमाण्डौमा प्रोक्सी फारम दर्ता गरिसक्नु पर्नेछ। सभामा भाग लिन र मतदान गर्नका लागि प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्कै मुकरर गर्ने भएमा सोको लिखित सूचना सोही अवधि भित्र कम्पनीको रजिष्टर्ड कार्यालयमा दर्ता गरिसक्नु पर्ने छ। यसरी प्रतिनिधि(प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत कम्पनीको शेयरधनी हुनु पर्नेछ।
६. संरक्षक रहनु भएका शेयरधनी महानुभावहरुका तर्फबाट कम्पनीको शेयर लगत कितावमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले, संयुक्त रुपमा शेयर खरीद गरिएको अवस्थामा शेयर लगत कितावमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतिबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले र कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरधनीको हैसियतले सभामा भाग लिन र मतदान गर्न सक्नु हुनेछ।
७. छलफलका विषय सूची मध्ये विविध शिर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनु भन्दा ७ (सात) दिन अगावै सो सम्बन्धी प्रस्ताव कारण सहित उल्लेख गरी कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनु पर्नेछ। तर त्यसलाई पारित गरिनु पर्ने प्रस्तावको रुपमा राखिने छैन।
८. शान्ति सुरक्षाका कारण साधारण सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुलाई यथाशक्य झोला/व्याग नल्याउनु हुन अनुरोध छ। सभाको सुरक्षाका लागि खटिएका सुरक्षाकर्मीहरुले शेयरधनी महानुभावहरु लगायत सभाकक्षमा प्रवेश गर्ने सबैको झोला/व्याग र शरीर जाँच गर्न सक्नेछन्।
९. साधारण सभामा आफ्नो मन्तव्य राख्न चाहने शेयरधनी महानुभावले सभा सुरु हुनु भन्दा अगावै आफ्नो नाम कम्पनी सचिवलाई टिपाउनु पर्नेछ।
१०. शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पदमा २ (दुई) जनाको निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतले तोके बमोजिम कम्पनीको रजिष्टर्ड कार्यालयमा पछि प्रकाशित गरिनेछ। सञ्चालकको निर्वाचन सम्बन्धी कार्यक्रम कम्पनीको निर्वाचन निर्देशिका अनुरुप निर्वाचन अधिकृतले तोके बमोजिम हुनेछ। निर्वाचन कार्यक्रम सम्बन्धी जानकारीका लागि यस कम्पनीको रजिष्टर्ड कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ।
११. सञ्चालक पदको निर्वाचनमा उम्मेदवार हुने शेयरधनीले कम्पनीको कम्तीमा १०० (एक सय) कित्ता शेयर लिई प्रचलित कानून तथा कम्पनीको प्रबन्धपत्र तथा नियमावली बमोजिम सञ्चालक हुन योग्य हुनु पर्दछ। निज शेयरधनीले निर्वाचन कार्यक्रममा तोकिएको अवधि भित्र एकजना शेयरधनी प्रस्तावक र अर्को एक जना शेयरधनी समर्थक सहित कम्पनीले तोकेको ढाँचामा कम्पनीको केन्द्रीय कार्यालय, धुम्वाराही, काठमाण्डौ अवस्थित निर्वाचन अधिकृतको कार्यकक्षमा आफ्नो उम्मेदवारी दर्ता गर्नुपर्नेछ।

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

नोट :- अन्य आवश्यक जानकारीको लागि यस कम्पनीको केन्द्रीय कार्यालय का.म.न.पा. वडा नं. ४ धुम्वाराही, काठमाण्डौ वा फोन नं. ०१-४३७३०३०, ४३७२८२८ वा ईमेल sanimamai@sanimahydro.com मा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ।

का.नि.इ.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.इ.न. १७/०६९/०७०

च्याम्पियन्स लिगका सुपर ८ टिम

युरोपमा उत्कृष्ट मानिएका लिगमध्ये ला लिगाबाट सबैभन्दा धेरै तीन टिम क्वार्टरफाइनलमा पुगेका छन्

एजेन्सी / युरोपियन च्याम्पियन्स लिगको अन्तिम ८ टिम पक्का भइसकेको छ। युरोपा ५२ देशका ८२ टिम सहभागी हुँदा उत्कृष्ट आठ टिमले क्वार्टरफाइनल पक्का गरेका छन्। अब, आठ टिमबिच दुई लेगका खेल हुनेछन्। पहिलो लेग ७-८ अप्रिलमा हुनेछ। दोस्रो लेग १४ र १५ अप्रिलमा हुनेछ। त्यसबाट चार टिम सेमिफाइनलमा पुग्नेछन्।

यसपटक युरोपमा उत्कृष्ट मानिएका लिगमध्ये ला लिगाबाट सबैभन्दा धेरै तीन टिम क्वार्टरफाइनलमा पुगेका छन्। इंग्लिस प्रिमियर लिगबाट दुई तथा फ्रेन्च लिग, बुन्डेस लिगा र पोर्चुगिज लिगबाट समान एक टिम अन्तिम ८ मा पुगे। फाइनल खेल हंगेरीको राजधानी बुडापेस्टमा हुनेछ। कस्ता छन् क्वार्टरफाइनलमा स्थान बनाएका सात टिम :

१ बार्सिलोना (स्पेन)




ह्यान्सी फ्लिकको प्रशिक्षणमा रहेको बार्सिलोनाले आफ्नो लय कायम राखेको छ। उसले ला लिगासँगै च्याम्पियन्स लिगमा पनि आफ्नो दबदबा कायम राख्दै दुबै ट्रफी जित्ने योजनामा छ। त्यसको संकेत प्रिक्वार्टरफाइनलमा पनि देखियो। पहिलो लेगमा न्युक्यासल युनाइटेडसँग १-१ को बराबरी खेल्यो। जब घरेलु मैदानमा नोउ क्याम्पमा दोस्रो लेग भयो, बार्सिलोनाले सानदार प्रदर्शन गऱ्यो। समग्रमा ८-३ को जित निकाल्यो। राफिन्हा, लामिन यमल, रोबर्ट लेवान्डोस्की, पेड्रीजस्ता खेलाडीले सानदार प्रदर्शन गरिरहेका छन्।

२ रियल मड्रिड (स्पेन)



रियल मड्रिड यस सिजन पनि आफ्नो प्रभावशाली प्रदर्शन जारी राख्न सफल भएको छ। समूह चरणमा भने टिमले कमजोर प्रदर्शन गऱ्यो। शीर्ष आठमा स्थान बनाउन नसकेपछि प्लेअफ खेल्नुपऱ्यो। प्लेअफमा बेन्फिकालाई पराजित गर्दै टिम अन्तिम १६ मा प्रवेश गरेको थियो। इंग्लिस महारथि म्यानचेस्टर सिटीमाथि सानदार जित निकाल्दै रियाल क्वार्टरफाइनलमा स्थान बनाउन सफल भएको हो। रियालको यात्रामा स्ट्राइकर केलियन एम्बाप्पेले प्रभावशाली प्रदर्शन गरेका छन्। उनले हालसम्म १३ गोल गरिसकेका छन्।

३ एट्लेटिको मड्रिड (स्पेन)



ला लिगामा सोचेजस्तो प्रदर्शन गर्न नसकेपनि एट्लेटिको मड्रिडले च्याम्पियन्स लिगमा आफ्नो प्रभाव देखाइरहेको छ। ला लिगामा टोली बार्सिलोना र रियाल मड्रिडपछि तेस्रो स्थानका लागि प्रतिस्पर्धा गरिरहेको छ। यता, युरोपियन च्याम्पियन्स लिगमा भने सानदार प्रदर्शन जारी छ। अन्तिम १६ को खेलमा इंग्लिस क्लब टोटनहमविरुद्ध प्रभावशाली प्रदर्शन गऱ्यो। पहिलो लेगमा घरमै ५-२ ले विजयी भएको थियो। यही जितले उसलाई अन्तिम आठमा पुऱ्यायो। दोस्रो लेगमा डिअगो सिमोनको टोली ३-२ ले पराजित भए पनि अघिल्लो चरणमा स्थान बनाउन सफल भएको हो।

४ आर्सनल (इंग्ल्यान्ड)



यो सिजन इंग्लिस क्लब आर्सनलका लागि सोचेजस्तो भइरहेको छ। टोली प्रिमियर लिगमा अग्रता कायम राख्न सफल भएको छ। यता, च्याम्पियन्स लिगमा पनि लय कायम राख्न सफल भयो। त्यसैले यसपटक आर्सनल दुबै लिग जित्ने सम्भावना पनि उत्तिकै छ। माइकल अर्टेटाको टिमलाई यसै साता लिग कपको उपाधि जित्ने अवसरसमेत छ। आर्सनलले अन्तिम १६ को खेलमा बुन्डेस लिगा क्लब बायर लेभरकुसेनलाई २-० ले पराजित गरेको हो। टिम दुवै लेगमा समान १-० ले विजयी भएको थियो।

५ लिभरपुल (इंग्ल्यान्ड)



गत सिजनको उपाधि विजेता लिभरपुलले प्रिमियर लिगमा स्वाभाविक लय कायम राख्न सकेको छैन। टिम शीर्ष चार सुरक्षित गरेर अर्को पटक च्याम्पियन्स लिग खेल्नेमा ढुक्क हुन अझै संघर्ष गरिरहेको छ। पछिल्लोपटक दस अंकको अग्रता बनाएर च्याम्पियन भएको लिभरपुल यसपटक प्रिमियर लिगमा पाँचौं स्थानमा छ। शीर्ष स्थानको आर्सनल भन्दा २१ अंक कम छ। तर, च्याम्पियन्स लिगमा भने उसले प्रदर्शन कमजोर हुन दिएको छैन। पहिलो लेगमा १-० ले पराजित भएपनि दोस्रो लेगमा टर्किस क्लब गालातासारेलाई ४-० ले पराजित गर्दै कमब्याक गर्न सफल भएको थियो।

६ बायर्न म्युनिख (जर्मनी)



अन्तिम १६ को प्रतिस्पर्धामा १० गोल गर्दै क्वार्टरफाइनलमा पुगेको टिम हो बायर्न म्युनिख। यो टोलीले बुन्डेस लिगामा होस् या च्याम्पियन्स लिगमा आफ्नो लय बिर्सेको छैन। इंग्ल्यान्डका कप्तान ह्यारी केनको प्रभावशाली प्रदर्शनमा बायर्नले इटालियन क्लब एटलान्टालाई १०-२ ले हराएको थियो। पहिलो लेगमा ६ गोल गर्दा दोस्रो लेगमा ४ गोल गरेको थियो। भिन्सेन्ट कम्पनीको यो टोली अन्तिम आठको खेलमा पनि सर्वाधिक विजेता रियाल मड्रिडलाई हराउँदै सेमिफाइनल पक्का गर्ने योजनामा छ।

७ पेरिस सेन्ट जर्मेन (फ्रान्स)



सन् २०२४-२०२५ को विजेता हो, पेरिस सेन्ट जर्मेन (पिएसजी)। यो टिम लगातार दोस्रोपटक च्याम्पियन्स लिगको उपाधि उचाल्ने योजनामा छ। स्पेनिस प्रशिक्षक लुइस इन्रिक्वेको प्रशिक्षणमा रहेको पिएसजीले आफ्नो लय च्याम्पियन्स लिगसँगै फ्रेन्च लिगमा पनि उस्तै राखेको छ। टिम पछिल्लो पटक जस्तै यसपटक दुबै उपाधि उचाल्ने रणनीतिमा छ। पिएसजीले अन्तिम १६ को खेलमा इंग्लिस क्लब चेल्सीमाथि समग्रमा ८-२ को जित निकाल्यो। पहिलो लेगमा पिएसजी ५-२ को जित निकाल्न सफल भएको थियो। अब, उसले सेमिफाइनल प्रवेश गर्न लिभरपुलको चुनौती पार गर्नुपर्नेछ।

८ स्पोर्टिङ सिपी (पोर्चुगल)



युरोपियन लिगमा ला लिगा, इंग्लिस प्रिमियर क्लबको प्रभुत्व रहँदा चर्चामै रहेको इटालियन क्लब अन्तिम १६ बाट माथि बढ्न सकेनन्। यस्तो अवस्थामा पोर्चुगिज क्लब स्पोर्टिङ सिपीले भने आफ्नो यात्रा कायम राख्यो। ठुलो प्रतियोगितामा उसको बेग्लै प्रदर्शन पनि रहन्छ। तर, यसपटक टिम भाग्यमानी पनि रह्यो। अन्तिम १६ मा प्रतिद्वन्द्वी नै आफूभन्दा कमजोर पायो। नर्वेजियन क्लब बोडो/ग्लिमटलाई ५-३ ले हराउन सफल भयो। स्पोर्टिङलबे दोस्रो लेगमा निकालेको ५-० को जितले अघिल्लो चरणमा नाम लेखाउन सफल भएको हो। अब, यसले सेमिफाइनल प्रवेशका लागि सबैभन्दा ठुलो चुनौती आर्सनललाई हराउनुपर्नेछ।

क्वार्टरफाइनलका खेल

रियाल मड्रिडविरुद्ध बायर्न म्युनिख

स्पोर्टिङ सिपीविरुद्ध आर्सनल

बार्सिलोनाविरुद्ध एट्लेटिको मड्रिड

पेरिस सेन्ट जर्मेन विरुद्ध लिभरपुल

प्रो एमको उपाधि सञ्जयको टिमलाई

नयाँ पत्रिका



सूर्य नेपाल वेस्टर्न ओपन प्रो एम उपाधि प्रो सञ्जय लामाको टिमले १ सय ३९ अंकसहित जितेको छ। सञ्जयले ३४ अंक बनाउँदा एमेच्योर खेलाडीहरू सत्यजोत रानाले ३९, गीता गुरुङले ३५ र टेन्डी शेर्पाले ३१ अंक बनाए। प्रो रवि खड्काको टिम १ सय २२ अंक सहित दोस्रो भयो। रविले ३० अंक बनाउँदा सोम गुरुङ र फुर्साङ लामाले समान ३१ तथा श्याम तामाङले ३० अंक जोडेका थिए।

प्रो भुवन नगरकोटीको टिम १ सय १८ अंक सहित तेस्रो भएको छ। भुवनसँगै एमेच्योर खेलाडीहरू सुजन थापा र रञ्जन थापाले समान ३० तथा कमल सुवेदीले २८ अंक बनाए। महिलातर्फ उत्कृष्ट स्कोर गीता गुरुङले निकालिन्। उनले ३५ अंक जोडिन्। प्रतियोगितामा लगेस्ट ड्राइभको उपाधि जय न्युगेन्ट र क्लोजेस्ट टु दी पिनको उपाधि सुबोध थापाले जिते।

शुक्रबार सम्पन्न सूर्य नेपाल वेस्टर्न ओपनको उपाधि भने भुवन नगरकोटीले जितेका थिए। उनले समग्रमा ३ अन्डर २ सय ४ को स्कोरमा सञ्जय लामालाई एक स्ट्रोकले हराउँदै उपाधिमा ह्यार्ट्रिक गर्न सफल भएका थिए। सञ्जय लामा दोस्रो र एमेच्योर राहुल विश्वकर्मा तेस्रो स्थानमा रहे। सूर्य नेपाल प्रालिद्वारा प्रायोजित प्रतियोगितामा योपटक खेलाडीले कुल १० लाख ५० हजार नगद पुरस्कार प्राप्त गरे। पहिलो भएका भुवनले एक लाख ७० हजार, दोस्रो भएका सञ्जयले एक लाख २५ हजार र प्रोतर्फ तेस्रो भएका शुक्र बहादुर राईले नगद १ लाख प्राप्त गरेका हुन्।

प्रो एमका विजयी खेलाडीहरूलाई नेपाल गल्फ संघका अध्यक्ष टासी घले, गण्डकी प्रदेश गल्फ संघका अध्यक्ष इन्द्रधारा विष्ट र कास्की जिल्ला गल्फ संघका उपाध्यक्ष भक्तराज गुरुङले पुरस्कार वितरण गरे। प्रो एममा ७५ जना एमेच्योर र १५ जना प्रोफेसनल गरी कुल ९० खेलाडीले प्रतिस्पर्धा गरेका थिए।

■ पिएम कप

उद्घाटन दिनका दुवै खेल वर्षाले प्रभावित

काठमाडौं / प्रधानमन्त्री कप पुरुष राष्ट्रिय क्रिकेट प्रतियोगिताअन्तर्गत शनिबारका दुवै खेल वर्षाका कारण रद्द भएका छन्। शनिबार जनकपुरस्थित रामजानकी क्रिकेट मैदानमा तय भएको कोशी तथा मधेश प्रदेशको खेल टससमेत हुन सकेन। खेल नहुँदा दुवै टोलीले अंक बाँडेका छन्। उता, विरगञ्जको टिबी साह क्रिकेट मैदानमा कर्णाली प्रदेश र लुम्बिनी प्रदेशबिचको खेल वर्षाका कारणले बिचमै रोकिएको थियो।

लुम्बिनीले टस जितेर बलिङ रोज्यो। सुरुमा ब्याटिङ गरेको कर्णालीले ७ ओभरमा २० रन बनाएको अबस्थामा खेल रोकिएको थियो। खेल पुनः सुचारु हुन नसक्दा दुवै टोलीले अंक बाँडेका थिए। प्रतियोगितामा ३ विभागीय (नेपाल पुलिस क्लब, त्रिभुवन आर्मी क्लब र नेपाल एपिएफ क्लब) र ७ प्रदेश (कोशी, मधेश, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली, सुदरपश्चिम) का गरी जम्मा १० टोलीको सहभागीता रहन्छ।

२८ दिनसम्म चल्ने प्रतियोगितामा फाइनलसहित ४६ खेल आयोजना हुँदैछ न। लिग चरणमा सबै टोलीले एकआपसमँग खेले पछि शीर्ष २ मा रहने टोलीका बीचमा फाइनल खेल हुनेछ। यसपटकको प्रतियोगिता काठमाडौंका २ तथा मधेश प्रदेशका २ क्रिकेट मैदानमा हुँदै छन्। काठमाडौंको माथिल्लो र तल्लो मूलपानी क्रिकेट मैदानमा समान ५ तथा फाइनलसहितका अन्य खेल मधेश प्रदेशको पर्सा र जनकपुरमा हुँदै छ। प्रतियोगिताको विजेताले १० लाख पाउँदा उपविजेताले ५ लाख प्राप्त गर्नेछन्।

खेल संक्षेप

पिस म्याराथनमा आर्मीको वर्चस्व

भैरहवा / चौथो अन्तर्राष्ट्रिय लुम्बिनी पिस म्याराथन त्रिभुवन आर्मी क्लबका विनोद रोकायाले जितेका छन्। शनिबार नेपाल ओलम्पिक कमिटीको अगुवाइमा बुद्ध जन्मस्थल लुम्बिनीमा आयोजित म्याराथन विनोदले निर्धारित ४२.१९५ किलोमिटर दूरी २ घण्टा १७ मिनेट ५५ सेकेन्डमा पार गर्दै प्रथम बनेका हुन्। उनले ३ लाख ५० हजार रुपैयाँ नगद पुरस्कार प्राप्त गरे। यस्तै, आर्मी क्लबकै सुशीलकुमार शाहीले दोस्रो स्थान हासिल गरे। आर्मी क्लबकै नरेन्दसिंह रावत तेस्रो हुन सफल भए। उनले १ लाख ५० हजार रुपैयाँ प्राप्त गरेको ओलम्पिक कमिटीका महासचिव राजीव श्रेष्ठले बताए। यस्तै, महिलातर्फको २१ किलोमिटरको हाफ म्याराथनतर्फ पनि त्रिभुवन आर्मी क्लबकी पूर्णलक्ष्मी न्यौपाने प्रथम भइन्। उनले १ लाख ५० हजार रुपैयाँ पुरस्कार प्राप्त गरिन्। धादिङकी सन्तोषी श्रेष्ठले दोस्रो, तथा आर्मीकी निशा सार्की तेस्रो भइन्। म्याराथनमा नेपालसहित भारत, अमेरिका, नाइजेरिया लगायत देशबाट ६ सय बढी धावक सहभागी थिए।

फुटबल यात्रीको क्याम्प सम्पन्न

काठमाडौं / देशका विभिन्न भागहरूमा ग्रासरुट फुटबल र खेलकुद शिक्षा प्रवर्द्धन गर्दै आएको फुटबल यात्रीले शनिबार सोलुखुम्बुमा 'फुटबल क्याम्प' सम्पन्न गरेको छ। दुर्गम तथा सुविधाबाट वञ्चित क्षेत्रका बालबालिका र युवा खेलाडीहरूसम्म फुटबल पुऱ्याउने उद्देश्यसहित सञ्चालन भइरहेको राष्ट्रव्यापी अभियानअन्तर्गत सोलुखुम्बु क्याम्प आयोजना गरिएको हो। क्याम्पका दौरान नेपाली राष्ट्रिय फुटसल टोलीका पूर्व प्रशिक्षक तथा फुटबल यात्रीका अध्यक्ष गौरव बस्नेतले प्रशिक्षण दिएका थिए। कार्यक्रममा टिपटो स्पोर्टस् एकेडेमीका सिइओ सुवास न्यौपानेको समेत उपस्थिति थियो। फुटबल यात्रीले गत वर्षदेखि नेपालभर खेलकुद प्रवर्द्धन, प्रतिभा पहिचान तथा फुटबल अनुसन्धानका उद्देश्यसहित यस्ता क्याम्प सञ्चालन गर्दै आएको छ।

आदित्य र प्रिन्सलाई स्वर्ण

काठमाडौं / एमएमएसीका प्रिन्स विक र बन्दी सहायता नियोग (पाम) का आदित्य श्रेष्ठले नेकोस आठौं अन्तर्राष्ट्रिय जुडो प्रतियोगितामा शनिबार स्वर्ण पदक जितेका छन्। नयाँ बजारस्थित बहुउद्देश्यीय मार्सल आर्ट्स केन्द्र (एमएमएसी) मा भएको पुरुष २६ केजीमुनि प्रिन्सले बाल विकास जुडो डोजोका आनाश महतरा तथा ३५ केजीमुनि आदित्यले एमएमएसीका सुवास विकलाई फाइनलमा पराजित गरे। नेपाल खेलकुद महासंघ (नेकोस) अन्तर्गत राष्ट्रिय जुडो संघ नेपालद्वारा आयोजित प्रतियोगिताको पुरुष ४६ केजीमुनि एमएमएसीका सदिन तामाङले बाल विकासका विनोद नेपाली, ५० केजीमुनि पामका लाक्पा टासी शेर्पाले दाङका अमृत बुढा मगर, ६१ केजीमुनि पेल्खिल जुडो क्लब, भुटानका निखिल समलले गेलुफु जुडो क्लब, भुटानका टासी दोर्जी र ६१ केजीमाथि बंगलादेश क्रिरा शिखा प्रोतिष्ठानका विजोय उषाचिङ मार्माले पेल्खिलका जिग्मे साम्तेन दोर्जीलाई हराउँदै स्वर्ण जिते।

टाइम्सको लगातार पाँचौं जित

काठमाडौं / हिमालयन जाभा नेसनल बास्केटबल लिग (एचजेएनबिएल) २०२६ मा टाइम्स इन्टरनेसनल क्लबले चौथो जित हात पारेको छ। त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा शनिबार भएको खेलमा टाइम्सले रोयललाई ९५-६१ ले पराजित गरेको हो। टाइम्सको योलगातार पाँचौं जित हो। पहिलो खेलमै गोल्डेनगेटसँग पराजित भएको टाइम्सले त्यसयता उत्कृष्ट प्रदर्शन गर्दै लगातार जित हात पारेको हो। ६ खेलबाट टाइम्सले ११ अंक जोडेको छ। रोयलको यो पाँचौं हार हो। ६ खेलबाट रोयलको सात अंक छ। आर्मीले प्लेबक्स ऐनालाई १०२-८६ ले हरायो। नेपाल बास्केटबल संघ (नेबा)को आयोजनामा भइरहेको दोस्रो संस्करणको एचजेएनबिएलमा ८ टिमले प्रतिस्पर्धा गरिरहेका छन्। डबल राउन्ड रोबिनका आधारमा हुने लिगमा कूल ५६ खेल हुनेछ। लिग चरणपछि शीर्ष चारमा रहने टोली प्लेअफमा प्रवेश गर्नेछन्। प्रतियोगिताको विजेताले नगद चार लाख प्राप्त गर्नेछन् भने उपविजेताले दुई लाख र तेस्रो हुनेले एक लाख हात पार्नेछन्। यस्तै, प्रतियोगिताभर उत्कृष्ट प्रदर्शन गर्दै मोस्ट भ्यालुएबल प्लेअर (एमभिपी) घोषित हुनेलाई पनि आकर्षक पुरस्कार प्राप्त गर्ने नेबाले जनाएको छ।

■ जापान च्याम्पियन

एजेन्सी/ आयोजक अस्ट्रेलियालाई १-० ले हराउँदै एएफसी महिला एसियन कप उपाधि जापानले जितेको छ। शनिबार सिड्नीस्थित एकोर रंगशालामा जापानलाई जित दिलाउन माइका हमानोले विजयी गोल गरेकी थिइन्। कीर्तिमानी ७४ हजार ३९७ समर्थकको उपस्थिति रहेको खेलमा हमानोले १७औं मिनेटमा गोल गरेकी थिइन्। उनले बक्सबाहिरबाट सुन्दर गोल गरिन्। जापानले तेस्रोपटक उपाधि उचालेको हो। यसअघि जापानले २०१४ र २०१८ मा उपाधि जितेको थियो। ती दुई फाइनलमा पनि जापानले अस्ट्रेलियालाई १-० ले नै हराएको थियो। प्रतियोगितामा ६ गोल गरेकी जापानकी रिको उएकी सर्वाधिक गोलकर्ता चुनिइन्। जापानकै अयाका यमासिता सर्वोत्कृष्ट गोलकिपर र अस्ट्रेलियाकी एलान्ना केनेडी सर्वोत्कृष्ट खेलाडी घोषित भएका छन्। यो प्रतियोगिताको सर्वाधिक सफलत टिम चीन हो। उसले नौपटक उपाधि जितिसकेको छ।



लिभरपुल फेरि पराजित

एजेन्सी / लिभरपुल इंग्लिस प्रिमियर लिगमा फेरि पराजित भएको छ। शनिबार राति भएको खेलमा लिभरपुल घरेलु टोली ब्राइटनसँग २-१ ले पराजित भयो। ब्राइटनको जितमा डानी वेलब्याकले दुवै गोल गरेका थिए। लिभरपुलको लागि मिलोस् कर्केजले एक गोल फर्काएका थिए। वेलब्याकले दुवै हाफमा समान एक गोल गरेपछि लिभरपुल यो सिजन दशौं हार व्यहोर्न बाध्य भयो।

यो हारपछि लिभरपुलले शीर्ष चारका लागि अझै संघर्ष गर्नुपर्ने भएको छ। खेलको १४औं मिनेटमै वेलब्याकले ब्राइटनलाई अग्रता दिलाएका थिए। तर, ३०औं मिनेटमा कर्केजले गोल गर्दै लिभरपुललाई बराबरीमा ल्याएका हुन्। वेलब्याकले ५६औं मिनेटमा विजयी गोल गरे। त्यसपछि लिभरपुलले गोलका लागि संघर्ष गरे पनि सफल भएन।

गत सिजन उपाधि जितेको लिभरपुल ३१ खेलमा ४९ अंकसहित पाँचौं स्थानमा छ। लिभरपुलमुनि रहेको चेल्सीको एक अंक मात्रै कम छ। विजयी भएसँगै ब्राइटन आठौं स्थानमा उक्लियो। उसको ४३ अंक छ। प्रिमियर लिगमा ९ अंकको अग्रता बनाउँदै आर्सनल शीर्ष स्थानमा छ। ६१ अंकसहित म्यानचेस्टर सिटी भने दोस्रो स्थानमा छ।

■ प्याराग्लाइडिङ च्याम्पियनसिप

भारतका अक्षय र चीनकी कोङ च्याम्पियन

कास्कीमा रोहितराज पराजुली

२१औं नेपाल खुला प्याराग्लाइडिङ च्याम्पियनसिप २०२६ अन्तर्गत एक्युरेसी पुरुषमा भारतका अक्षय कुमार, एक्युरेसी महिलामा चीनकी कोङ झ्याङ यान र टिममा फ्लाई भारकलाले प्रथम स्थान हात पारेका छन्।

च्याम्पियनसिपअन्तर्गत एक्युरेसी पुरुष (ओभरअल)मा ५२ पाइलटले प्रतिस्पर्धा गरेकोमा भारतका अक्षय कुमार ७ अंकसहित शीर्ष स्थानमै रहँदै उपाधि हात पारे। समान ७ अंकसहित चीनका झोउ चेन दोस्रो, समान ८ अंक ल्याएका भारतका इमान स्मतेल तेस्रो, अलिस्टर रुमतेल चौथो र मनीष उप्रेतले पाँचौं स्थान हात पारेका छन्। समान ११ अंकसहित नेपालका पवन परियार छैटौं र अरुण जालारीले सातौं स्थान हात पारेको इभेन्ट जज विजय गौतमले जानकारी दिए।

महिलातर्फ चीन पहिलो, नेपाल दोस्रो

एक्युरेसी महिला (ओभरअल)मा १० पाइलटले प्रतिस्पर्धा गरेकोमा चीनकी कोङ झ्याङ यान ७ अंकसहित प्रथम भइन्। १२६ अंकसहित नेपालकी दुर्गामाया गुरुङ दोस्रो भएकी छिन्। १४९ अंकसहित भारतकी श्रेयशी तामाङ तेस्रो, नेपालकी इस्का राई ३५४ अंकसहित चौथो, कृषु पौडेल ५२६ अंकसहित पाँचौं स्थान हात पारिन्।

यसै गरी टिम (ओभरअल)तर्फ ११ टोलीले प्रतिस्पर्धा गरेकोमा भारतका पाइलटहरूको टिम फ्लाई भारकला



३८ अंकसहित प्रथम स्थान हात पाऱ्यो। नेपाल र भारतका पाइलटहरूको टिम ईन्डो-नेपाल ६७ अंकसहित दोस्रो, टिम नेपाल १०९ अंकसहित तेस्रो, नेपालका पाईलटहरूको टिम फ्लो १६० अंकसहित चौथो र टिम चाइना ३७६ अंकसहित पाँचौं स्थानमा रहे।

आयोजक ना का प्रथम उपाध्यक्ष खेमराज आचार्यका अनुसार च्याम्पियनसिप नेपालसहित नौ देशका ५२ पुरुष र ११ महिला गरि ६३ जना पाईलटले प्रतिस्पर्धा गरेका थिए। एफएआई क्याटोगरी २ अन्तर्गत संचालन गरिएको च्याम्पियनसिपमा एक्युरेसी पुरुष (ओभरअल), एक्युरेसी महिला (ओभरअल) र टिम (ओभरअल) गरी तीन विधाका प्रतिस्पर्धा भएको थियो। विजेतामध्ये पुरुषतर्फ पहिलो, दोस्रो र तेस्रो हुनेले क्रमशः एक लाख ५० हजार, एक लाख र ५० हजार नगद पाउँदा महिलातर्फ र टिमतर्फका विजेताले ७५, दोस्राले ५० र तेस्रोले २५ हजार नगद पाएका छन्।

नेपाल हवाई खेलकुद संस्था (ना)को आयोजना, नेपाल प्याराग्लाइडिङ तथा ह्याङग्लाइडिङ संघ र नेपाल प्याराग्लाइडिङ पाइलट्स क्लबको सहयोग, नेपाल पर्यटन बोर्डको प्रवर्द्धन, पोखरा महानगरपालिका र प्रदेश खेलकुद परिषद् गण्डकीको सहकार्य एवं पोखरा पर्यटन परिषद्को समन्वयमा प्रतियोगिता भएको थियो।

कार्कीको दौड सुरु

काठमाडौं / धावक रामसुन्दर कार्कीले ललितपुरदेखि भारतको उत्तरप्रदेशस्थित अयोध्या मन्दिरसम्मको दौड यात्रा शनिबारदेखि सुरु गरेका छन्। करिब ४ सय ५० किलोमिटर दूरी ५५ वर्षीय कार्कीले चैत १३ गते रामनवमीका दिन पूरा गर्ने बताए। दौड अघिनै कार्की र पूर्व खेलाडी गोकुल खत्रीले रुट अवलोकन गरेका थिए। गोदावरी नगरपालिका वडा १, गोदामचौरस्थित कार्कीटारको हनुमान मन्दिरबाट कार्कीले दौड प्रारम्भ गरेका हुन्।

उनी त्यहींका बासिन्दा हुन्। हनुमान मन्दिर पनि कार्की आफैले निर्माण गरेका हुन्। त्यही हनुमान मन्दिरमा २७ फिट अग्लो पिट्टलको गदा निर्माणका लागि सहयोग संकलन गर्न विगतमा अभियानलाई निरन्तरता दिन दौडेको कार्कीले जानकारी गराए।

कार्की यसअघि ललितपुरदेखि जनकपुर पाँचपटक, काठमाडौंदेखि दोलखा तीन पटक, काठमाडौं बुटवल एकपटक, काठमाडौंदेखि सिन्धुली ३ पटक र काठमाडौंदेखि उत्तर प्रदेश एक पटक दौडेर पुगेका थिए। त्यस्तै, उनले काठमाडौंदेखि भारतको पश्चिम बंगाल हुँदै भुटानको सिमाना फुन्छिलिङसम्म दौडेका थिए। कार्कीका अनुसार २०६४ सालमा एक सय एक दिन लगाएर नेपालको तत्कालीन ७५ जिल्लानै दौडेर पुगेका थिए।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com